सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ मंसिर २०८०, शनिबार (25 Nov 2023, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २१५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

झन् नयाँ

उतारचढावपूर्ण
त्यो कार्यकाल



अनुभव

अग्नि सापकोटा, पूर्वसभामुख

सभामुख हुँदा जे गरैं, आफूनै निर्णयले गरैं । नेपाल र नेपालीको सभामुख भएर सबैको प्रतिक्रिया सुनैं । तर, अन्तिममा निर्णय आफैंले गरैं ।

लार्केपासको एक्लो सफर



पर्यटन

सुवास भट्ट

रुटभरि अनगिन्ती झोलुंगे पुल देख्न सकिन्छ । नागबेली भएर बगेको बुढीगण्डकीको कहिले वारि र कहिले पारि भएर यात्रा गर्नुपर्छ ।

नित्सेको प्रयोगशाला

बहस

शिव प्रकाश



थन्किएका चिनियाँ जहाजमा वार्षिक ४८ करोड खर्च



साढे तीन वर्षदेखि नउडाई पार्किङ गरेर राखिएका चिनियाँ जहाजहरू नेपाल वायुसेवा निगम (नेवानि)का लागि आर्थिक रूपले बोझिलो बनेका छन् । जहाज उडाउँदा आम्दानीभन्दा खर्च बढी भएको भन्दै ग्राउन्डेड गरिएका जहाजहरूमै निगमको वार्षिक ४८ करोड नौ लाख रुपैयाँ खर्च हुने गरेको एक अध्ययनले देखाएको छ ।

(**विस्तृत पृष्ठ ७**)

दैनिक ६ बालिकामाथि यौन हिंसा

०७९/८० मा यौनजन्य हिंसाका ३४०३ पीडित, ६३.८% बालिका

■ आजदेखि लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान

हरेक वर्ष मनाइने गरिएको लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान शनिबारदेखि सुरु हुँदै छ । देशभरि लैंगिक हिंसाविरुद्ध विविध कार्यक्रम गरी अभियान मनाउन लागिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अभियानमा साथ दिन सबैलाई आग्रह गरेको छ ।

■ पीडितको उमेरगत तथ्यांक

यौनजन्य हिंसाका ३३५७ मुद्दा, ३४०३ पीडित, ३६७८ अभियुक्त



एक वर्षमा जबर्जस्ती करणी गरी पाँच महिलाको हत्या

मृत्यु हुनेमा १० वर्षमुनि, ११-१६, १९-२५, ३६-४५ र ४६-५९ वर्ष उमेर समूहका एक-एकजना छन् । सोलुखुम्बु, पर्सा, मकवानपुर, बाँके र कैलालीमा एक-एक मुद्दा दर्ता भएको छ ।

नवराज मैनाली/नयाँ पत्रिका

देशभर दैनिक ६ बालबालिकामाथि यौन हिंसा हुने गरेको छ । प्रहरीको तथ्यांकअनुसार एक वर्षमा भएका तीन हजार ४०३ यौनजन्य हिंसाका पीडितमध्ये ६३.८% अर्थात् दुई हजार १७२ बालिका छन् । ८८.२% पीडक पीडितका नाता-सम्बन्ध र चिनजानका व्यक्ति छन् ।

यौनजन्य हिंसाको नाता-सम्बन्धको आधारमा प्रहरीले गरेको एक वर्षको विश्लेषणले लैंगिक हिंसासम्बन्धी भयानक चित्रण गरेको हो । महिला तथा बालबालिकाको सुरक्षामा आफन्तहरू नै चुनौती बनेकोमा प्रहरी अधिकारीले चिन्ता व्यक्त गरेका छन् ।

आर्थिक वर्ष ०७९/८० मा तीन हजार तीन सय ५७ यौनजन्य


» **पृष्ठ २ मा क्रमशः**

■ पीडित र पीडक कस्ता ?

- यौनजन्य हिंसाका पीडकमध्येमा १९ देखि २५ वर्ष उमेरका धेरै छन् । ३६ सय ७८ पीडकमध्ये १६ सय ४१ जना (१२४८ पुरुष र १५ महिला) सो उमेर समूहका छन् । त्यसपछि २६ देखि ३५ वर्ष उमेर समूहका ९५५ जना (९४९ पुरुष र ६ महिला) छन् । १० वर्षमुनिका २ बालक, ११-१६ उमेर समूहका २०६ (२०५ बालक, १ बालिका) र १७-१८ वर्ष उमेर समूहका १७५ (१७१ किशोर, ४ किशोरी) छन् । त्यस्तै, ३६-४५ उमेर समूहका ५६२ (५५५ पुरुष, ७ महिला) र ४६-५९ उमेर समूहका ३४८ पुरुष अभियुक्त छन् । यौनजन्य हिंसाका १५९ अभियुक्त ६० वर्षभन्दा माथिका छन् ।
- शैक्षिक योग्यताको आधारमा पीडित तथा पीडक दुवै सामान्य साक्षर छन् । पीडितमध्ये ६६ निरक्षर, २२३३ साक्षर, ८९० विद्यालयस्तर, १७९ प्रमाणपत्र तह र ३५ जना स्नातक वा सोभन्दा माथिका छन् । त्यस्तै, पीडकमा ४६ निरक्षर, २८६२ साक्षर, ४७० विद्यालयस्तर, २२० प्रमाणपत्र तह र १० जना स्नातक वा सोभन्दा माथि अध्ययन गर्ने छन् । १० जना पीडकको भने शैक्षिक योग्यता खुलेको छैन ।
- पेसाको आधारमा पीडितमध्ये विद्यार्थी र कृषि पेसामा आबद्ध धेरै छन् । पीडितमा कृषिमा आबद्ध ७६८, रोजगार ४३, व्यापार २५, मजदुरी गर्ने १२८, गृहिणी ४८३ छन् । पीडकमा भने कृषि पेसामा आबद्ध १७८७, रोजगार १९१, व्यापार गर्ने १८३, मजदुरी गर्ने ११०६ र गृहिणी ८ जना छन् ।
- घटनास्थलका आधारमा सबैभन्दा धेरै १७ सय २९ अपराध घर/कोठाभित्र भएका छन् । त्यसपछि क्रमशः सार्वजनिक स्थलमा १४७०, होटेल/गेस्ट हाउसमा १४१ र सवारीसाधनमा १७ अपराध भएका छन् ।
- हिंसाको तरिकाको आधारमा डरधाक देखाएर १८२९, ललाई-फकाई १४९२ र नसालु पदार्थ सेवन गराई (लठ्याएर र बेहोस बनाएर) ३६ यौन हिंसाका घटना भएको तथ्यांक छ ।

■ ८८.२ प्रतिशत अभियुक्त चिनजानका

अभियुक्तमध्ये ३२४३ चिनजानका, ४३५ अपरिचित



यौनजन्य हिंसामा जबर्जस्ती करणी, बाल यौन दुर्व्यवहार, अप्राकृतिक मैथुनजस्ता घटना पर्दछन् । काठमाडौं, बारा, मोरङलगायत जिल्लामा लैंगिक हिंसाका घटना उच्च रहेको प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयकी एसपी रञ्जु सिग्देलले बताइन् ।

आफ्नाबाट सुरक्षित हुने समाजको विश्वास नै खलबलिने अवस्था बनेको छ



● **डा. मनोज केसी,** एसएसपी, नेपाल प्रहरी

लैंगिक हिंसामा संलग्नहरू अधिकांश परिवारभित्रका सदस्य, चिनेजानेका, छिमेकी र शिक्षकहरू छन्, यसबाट महिला तथा बालबालिका कोबाट सुरक्षित हुनुपर्ने भन्ने आधारभूत प्रश्नको जवाफ खोज्नुपर्ने भएको छ । यसले आफ्नाबाट सुरक्षित हुने समाजको विश्वास नै खलबलिने अवस्था बनेको छ ।

कोशीमा सबैभन्दा बढी र गण्डकीमा सबैभन्दा कम मुद्दा दर्ता

यौनजन्य हिंसाका ३३५७ मुद्दा दर्ता भएकामा कोशीमा ७८७, मधेशमा ४५६, बागमतीमा (उपत्यकाबाहेक) ३९२, उपत्यकामा (ब्युरोसहित) ४११, गण्डकीमा २५९, लुम्बिनीमा ५१३, कर्णालीमा २६२ र सुदूरपश्चिममा २७७ छन् ।

चिसोले जाजरकोट र रुकुम पश्चिममा १३ भूकम्पपीडितको मृत्यु

रुकुम पश्चिममा **मनीष खड्का**

चिसोका कारण जाजरकोट र रुकुम पश्चिममा १३ जनाले ज्यान गुमाएका छन् । १७ कात्तिकमा रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पका कारण घर भत्किएपछि त्रिपालमुनि पुगेका भूकम्पपीडित मंसिरको चिसोका कारण झन् समस्यामा परेका हुन् ।

सम्बन्धित स्थानीय तहबाट प्राप्त तथ्यांकअनुसार हालसम्म जाजरकोटमा ११ र रुकुम पश्चिममा दुईजनाले ज्यान गुमाएका छन् ।

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-११ का ८० वर्षीया पद्मी ओली र ७० वर्षीय दत्ते कामीको मृत्यु भएको वडाध्यक्ष प्रेमबहादुर पुनले पुष्टि गरे । पद्मीको ५ मंसिर र दत्तेको ३० कात्तिकमा मृत्यु भए पनि ढिलो गरी घटना सार्वजनिक भएको हो ।



रुकुम पश्चिमको सानीभेरी- १ को चाइनाबगरमा पालमा बस्दै आएकी ८५ वर्षीया पबी पुन । उनको शरीर चिसोका कारण सुन्निएको छ ।

वडाध्यक्ष पुनका अनुसार ज्यान गुमाउने दुवै दमका रोगी हुन् । 'न्यानोमा बस्नुपर्ने र नियमित औषधि सेवन गर्नुपर्ने व्यक्तिहरू मंसिरको चिसोमा पालमुनि बस्नुपर्दा समस्यामा पर्नुभएको छ,' उनले भने, 'अहिलेसम्म दुईजनाको ज्यान गइसक्यो । वडामा धेरै व्यक्ति बिरामी छन् ।'

चिसोका कारण जाजरकोटमा हालसम्म ११ जनाको मृत्यु भइसकेको छ । भेरी नगरपालिका- २ का हुकुमबहादुर पुनकी एक महिनाकी छोरी निरुता, नलगाड नगरपालिका- ८ टापुकी ७० वर्षीया विष्णुकुमारी खत्री, जुनीचाँदे गाउँपालिका- ४ लुहादहकी ८९ वर्षीया सुगिली नेपाली, बारेकोट गाउँपालिका- १ रामीडाँडाका ७० वर्षीय डुमे पुन, छेडागाड नगरपालिका- १३ थानवाडाकी ५६

» **पृष्ठ २ मा क्रमशः**

■ कतारी राज्यमन्त्रीको नेपाल भ्रमण

विपिनको रिहाइका लागि प्रधानमन्त्री प्रचण्डले मागे सहयोग

प्रयास गर्ने कतारको आश्वासन



नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइका लागि सहयोग गर्न कतार सरकारसँग आग्रह गरेका छन् । नेपालको औपचारिक भ्रमणमा आएका कतारका विदेश राज्यमन्त्री सोल्तान बिन साद अल मुरैखीसँग शुक्रबार प्रधानमन्त्री प्रचण्डले यस्तो आग्रह गरेका हुन् । कतारसँग नेपालले यसअघि पनि कूटनीतिक प्रयास गर्दै आएको थियो ।

प्रधानमन्त्रीले गाजामा मानवीय आधारमा युद्धविराम र बन्धकहरूको रिहाइमा कतारले निर्वाह गरेको मध्यस्थताको प्रशंसा गर्दै नेपाली नागरिकको रिहाइका लागि सहयोग मागेका छन् । इजरायल र प्यालेस्टाइनबीचको सम्झौताअनुसार हमासको नियन्त्रणमा रहेका १२ जना थाई नागरिक शुक्रबार रिहा भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । विपिन जोशीलाई पहिलो चरणमै रिहाइको प्रयास गरिदिन नेपाल सरकारले कतार, इजिप्टलगायतसँग अनुरोध गर्दै आएको थियो ।

प्रधानमन्त्रीसँग शिष्टाचार भेटका लागि पुगेका कतारी राज्यमन्त्रीसँग कतारमा रहेका नेपाली नागरिकको पेसागत सुरक्षा, दुई देशबीच व्यापार, लगानी, विकास सहयोग र रोजगारीलगायत विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । शुक्रबारै परराष्ट्रमन्त्री एनपी साउदले पनि राज्यमन्त्री मुरैखीसँग विपिन जोशीको रिहाइका लागि सहयोग गर्न

» **पृष्ठ २ मा क्रमशः**

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ इजरायल-हमास युद्धविराम सम्झौताको कार्यान्वयन सुरु

हमासले गज्यो १३ इजरायली, १० थाई र एक फिलिपिनी रिहा, इजरायलले ३९ बन्दी छाड्दै



हमासले रिहा गरेका इजरायली बन्दी लिन राफा सीमा पार गर्दै अन्तर्राष्ट्रिय रेडक्रसको एम्बुलेन्स

इजरायल र हमासबीच चारदिने युद्धविराम सम्झौताको कार्यान्वयन शुक्रबारबाट सुरु भएको छ । इजरायल-हमास युद्धविराम सम्झौताको कार्यान्वयन सुरु भएसँगै गाजापट्टीमा इजरायलले सात हप्तादेखि चलाइरहेको सैन्य कारबाही अस्थायी रूपमा थामिएको छ । दुवै पक्षले बन्दीहरूको रिहाइ सुरु गरेका छन् ।

युद्धविरामका यी चार दिनमा इजरायल र हमासले केही संख्यामा बन्धकहरू साटासाट गर्ने सहमति छ । सोही सम्झौता कार्यान्वयनको पहिलो दिन शुक्रबार हमासले १३ इजरायली रिहा गरेको छ । बदलामा इजरायलले केही प्यालेस्टिनी कैदीलाई इजरायली जेलबाट रिहा गर्ने कतारी मध्यस्थकर्ताले बताएका छन् । हमासले भिन्दै प्रक्रियामा १० थाई र एक फिलिपिनी बन्धकलाई पनि रिहा गरेको छ ।

इजरायली अधिकारीका अनुसार हमासले रिहा गर्ने १३ बन्दीको बदलामा इजरायलले ३९ प्यालेस्टिनी कैदीबन्दी रिहा गर्नेछ । पहिलो चरणमा इजरायलले रिहा गर्ने ३९ प्यालेस्टिनीमा २४ महिला र १५ बालबालिका हुने अपेक्षा गरिएको छ । सम्झौताअनुसार हमासले रिहा गर्ने प्रत्येक एक बन्धकबराबर तीनजना प्यालेस्टिनी कैदी इजरायली पक्षबाट रिहा हुनेछन् । चार दिनमा हमासले करिब ५० बन्धक रिहा गर्ने अनुमान मध्यस्थकर्ताले गरेका छन् । यसपछि पनि अनुमानित एक सय ९० बन्धक अझै हमासको नियन्त्रणमै रहनेछन् ।

अक्टोबर ७ मा हमासले इजरायलमा घातक हमला गरेयता इजरायली सेनाले गाजापट्टीमा आकाश, जमिन र समुद्रबाट निरन्तर हमला गरिरहेको थियो । इजरायलले स्थानीय समयअनुसार शुक्रबार बिहान ७ बजेदेखि चार दिनका लागि सैन्य कारबाही अस्थायी रूपमा रोकेको हो ।

युद्धविराम सम्झौताको कार्यान्वयन सुरुवात भएसँगै मानवीय सहायता सामग्री बोकेका ९० वटा ट्रक र केही इन्धन बोकेका ट्रकहरू पनि रफाह क्रसिङबाट गाजा प्रवेश गरेको सिएनएनले लेखेको छ ।

थप ११ वटा द्रुत बस सञ्चालन हुँदै

आइतबारदेखि ३६ वटा बस ३-३ मिनेटको फरकमा छुट्ने



● **ईश्वरीदत्त पनेरू**
प्रवक्ता, यातायात व्यवस्था विभाग

द्रुत बसबारे बाहिर नकारात्मक हल्ला छ, तर हामी यसलाई बन्द गर्दैनौं । थप व्यवस्थित र प्रभावकारी बनाउँछौं । द्रुत बसले धेरैलाई सहज भएको छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

द्रुत बस सञ्चालन प्रभावकारी नभएको प्रश्न उठिरहेका बेला सरकारले थप ११ वटा द्रुत बस थपेको छ । यससँगै आइतबारदेखि ३६ वटा बस सञ्चालन हुनेछन् । बिहान र बेलुकी पिक आवरमा द्रुत बस कम भएको गुनासो आएको र बस सञ्चालन प्रभावकारी देखिएको भन्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बस थप्ने निर्णय गरेको हो । आइतबारदेखि थपिने ११ बसको यात्रा बिहान ८:३० बजेदेखि सूर्यविनायकबाट हुनेछ ।

मन्त्रालयले नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघसँग समन्वय गरी आइतबारदेखि बस थप गर्न र समयसीमासमेत परिवर्तन गर्न यातायात व्यवस्था विभागलाई निर्देशन दिएको छ । सोहीअनुसार विभागले यातायात व्यवसायीसँग समन्वय गरी द्रुत बसको संख्या थप्ने र समयसीमासमेत परिवर्तन गर्ने भएको छ ।

» **पृष्ठ २ मा क्रमशः**



फाइल तस्बिर

अब आइतबारदेखि बिहान ८:३० बजे तीन-तीन मिनेटको फरकमा भक्तपुर सूर्यविनायकदेखि द्रुत बस छुट्नेछन् । विभागले बेलुकीको समयसमेत परिवर्तन गरी दिउँसो ३:३० देखि नै दुई घन्टा सञ्चालन गर्ने भएको हो । बिहान ८:३० बजेदेखि १०:३० बजेसम्म तीन-तीन मिनेटको फरकमा भक्तपुर सूर्यविनायकदेखि द्रुत बस छुट्नेछन् भने दिउँसो ३:३० देखि ५:३० सम्म रत्नपार्कदेखि बस छुट्नेछन् ।

प्रसाईंको अभियानमा आउने अधिकांश लघुवित्तपीडित, भन्छन्-

हाम्रो समस्या लघुवित्त हो, राजतन्त्र नेताहरूको मुद्दा होला

ऋणीहरू बटुलेर उनीहरूको भावनामाथि राजनीति गर्दै छन् प्रसाईं

अनिल यादव/नयाँ पत्रिका

राजनीतिप्रति कुनै सरोकार नभएका बारास्थित तेगछियाका ७० वर्षीया रामबहादुर केवत तीन दिनदेखि गौशालास्थित विशाल चोकको घरेलु गेस्टहाउसमा बसिरहेका छन्। व्यवसायी दुर्गा प्रसाईंको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'को प्रदर्शनका लागि काठमाडौं आएका उनी यो अभियानबारे गहिरो जानकार छैनन्।

टाउकोमा सेतो गम्छा, अनुहारमा सेतै फुलेको दाह्रीसहित आएका उनमा प्रसाईंको राजसंस्था पुनर्स्थापनाको मुद्दाबारे नै कुनै चेतना र सरोकार छैन। मात्र एउटै चिन्ता र चासो छ, 'लघुवित्तको आतंकबाट छुटकारा पाउनुपर्‍यो, हाम्रो ऋण मिनाहा हुनुपर्‍यो।'

'हामी त दुःख पाएर आएको,' शुक्रबार दिउँसो गेस्टहाउस परिसरमा भेटिएका उनी भन्दै थिए, 'लघुवित्तबाटै साह्रै पीडित भइयो। दुर्गा (प्रसाईं) सरले ऋण मिनाहा गराइदिन्छन् भनेर गाउँका करिब १८ सय जना आएका छौं।'

ग्रामीण र डिप्रोक्स गरेर दुई लघुवित्त संस्थाबाट आठ लाख रुपैयाँ ऋण लिएका उनी घर लिलामी गर्ने पत्र पाएपछि तनावमा थिए। चार महिनायता किस्ता तिर्न नसकेपछि घरमा बस्न नसक्ने स्थिति भएको उनको गुनासो थियो। 'आम्दानी केही छैन, भारत भाग्नुपर्ने अवस्था भइसक्यो,' उनले भने, 'दुर्गा प्रसाईंको आवाज सुनेर साथ दिन आएका हौं। गोलीले मार्दिए हुन्छ, तर अब हाम्रो पीडा समाधान नभएसम्म फर्किंदैनौं।'

'दुर्गा प्रसाईंले त राजा चाहियो भनिरहेका छन् नि ?' प्रसाईंले उठाएको राजसंस्था पुनर्स्थापना मुद्दाबारे जानकारी राख्यौं। केवत अकमकिए। छेउमै रहेका अर्का युवाले खुसुक्क सम्झाए, 'चाहिन्छ भन्नु न।' अनि केवतले थपे, 'अँ, आए पनि ठिकै छ।' त्यसपछि फेरि लघुवित्तकै मुद्दामा फर्किए उनी। 'गिरहतको घरमा ज्यालादारी गरेर खाने मान्छे। अहिले त काम पनि पाउँदैन हजुर, कहाँबाट तिर्ने लघुवित्तको पैसा ?' उनले भने।

केवतसँगै गौशालाको घरेलु र सेभेन स्टारमा गेस्टहाउसमा बाराबाट आएका करिब दुई हजार मानिस थिए। अधिकांशको मुद्दा उही थियो, 'लघुवित्तको आतंक।' अधिकांशले लघुवित्तले घरजमिन नै लिलामी गर्ने पत्र पठाएपछि प्रसाईंको अभियानमा आएको बताइरहेका थिए। धेरैजसो नेपाली भाषा बोल्न जान्दैन थिए, आफ्नै मातृभाषा मैथिली र भोजपुरीमा भए पनि लघुवित्तले दिएको पीडा सुनाइरहेका थिए। तीनकुनेमा गर्ने भनिएको प्रसाईंको शक्ति प्रदर्शनमा प्रशासनले रोक लगाएपछि गेस्टहाउसभित्रै भए पनि उनीहरू आफ्नो नारा लगाइरहेका थिए।

बारा, करैमाया- ८ की मिरादेवी चौधरीले लघुवित्तले आफ्नो जमिनको लालपुर्जा र नागरिकतासम्म कब्जा गरिसकेपछि काठमाडौं आउन बाध्य भएको बताइन्। 'यति पीडित भयौं कि घर छोडेर भाग्नुपर्ने स्थिति भयो,' उनले आफ्नो पीडा सुनाइन्, 'हाम्रो खसी, बाख्रा, भैंसी सबै लघुवित्तले बेचिदियो। लघुवित्तका मान्छे अश्लील गाली गर्दै आउँछन्, नाक र कानको सुन बेचेर भए पनि पैसा तिर्नू भन्छन्। कहिले व्यापारी लिएर आउँछन्, हाम्रो धान बेचेर लान्छन्। स्वरोजगार संस्थाबाट दुई वर्षअघि लिएको एक लाख ऋण बाँकी छ। त्यति तिर्न नसक्दा मेरो जमिनको लालपुर्जा र नागरिकतासम्म लगिसके।'

अर्को बैंकबाट ऋण निकालेर पैसा तिर्छु भन्दै उनी पुर्जा फिर्ता माग्न पनि पुगिन्। तर, उल्टै हप्काएर पठाएको उनको गुनासो थियो। 'महिनाको सात हजारको किस्ता तिर्नुपर्ने, एउटा महिना दुई हजार तिर्न नसक्दा हेल्मेटले पिट्न खोजे,' उनले भनिन्, 'त्यसैले अब लडाइँ गर्न आएका हौं। सबै पीडित दिदीबहिनी मात्रै आएका छौं। दुःख नपाएका कोही पनि छैनन्।'

उनले न्याय नपाएसम्म घर फर्कन कठिन रहेको सुनाइन्। 'लघुवित्तका कारण चार बिघा जमिन साहुहरूले कब्जा गरेपछि गरिब भयौं। अब चार कट्ठा जमिन बाँकी छ, त्यसलाई पनि कब्जा गर्न पुर्जा नै लगिसके। अब त न्याय नपाएसम्म गाउँ फर्कन्नौं,' चौधरीले भनिन्।

बारा पीपलडाँडीकै बासमतीदेवी महताको पीडा पनि उस्तै थियो। दुई लघुवित्तबाट गरेर करिब चार लाख ऋण लिएकी उनी किस्ता बुझाउँदा-बुझाउँदै थाकेको बताइरहेकी थिइन्। 'किस्ता बुझाउँदा-बुझाउँदै हार्‍यौं,' उनले भावुक हुँदै भनिन्, 'काठमाडौंमा छोराले ग्रिल उद्योग खोल्नका लागि ऋण लिएका थियौं। कोरोना महामारीले महिनौं पसल बन्द भयो। ब्याज तिर्न सकिएन। त्यसपछि ब्याज बढेको-बढ्यै, जति तिरे पनि नहुने। गहना, खसी सबै बेच्यौं। साँच्चै रुहाइसक्यो लघुवित्तले। अब दुर्गा प्रसाईंले न्याय दिन्छ भन्ने आशा छ। बरु भोकै बस्छौं, तर ऋण मिनाहा नभएसम्म अब गाउँ जान्नौं।'

प्रसाईंको आन्दोलनमा सहभागी हुन काठमाडौं आएकी बारा बरियारपुरकी शान्तिदेवी ठाकुरको माग पनि ऋण मिनाहा नै थियो। दुई वर्षअघि दुई कट्ठा जग्गा धितोमा तीन लाख ऋण लिएर उनले आफ्नो श्रीमान्लाई विदेश पठाएकी थिइन्। वैदेशिक रोजगारमा गएका श्रीमान्को दुर्घटना परेर घुँडा गयो। रित्तै स्वदेश फर्कन बाध्य भए।

त्यसपछि लघुवित्तले चरम यातना दिएको उनको गुनासो थियो। 'घरको बाख्रा सबै लगे,' उनले दुःख सुनाइन्, 'मकैको खेतमै आएर नानाथरी गाली गर्ने। पैसा नतिरेको भन्दै अफिसको ट्वाइलेटसम्म सफा गराए। खेतै बेचेर दिंदा पनि पैसा पुगेन भन्छन्। जम्मा २० हजार बाँकी थियो। त्यति तिर्न नसकेपछि ब्याजको ब्याज जोडेर अहिले तीन लाख माग्छन्। अब कहाँ जाने ? त्यसैले यहाँ आयौं।'

बारा गढिमाईकी साम्सा खातुनले तीन वर्षअघि दुई छोराका लागि दुई लघुवित्तबाट ऋण लिएर १२ लाखमा दुई अटो किनिन्। लगत्तै कोरोना महामारी आयो। ९-१० महिनासम्म ऋणको मासिक किस्ता तिर्न सकिनन्। त्यही लकडाउनका कारण सिर्जित परिस्थितिले अहिले प्रसाईंको अभियानमा जोडिँदै काठमाडौं आएकी छिन् उनी। 'जति तिर्दा पनि ब्याजको ब्याज जोडेर १० लाख पुर्‍याइसके,' उनले भनिन्, 'अब कहाँबाट तिर्ने ? अभियानमा लागेपछि ऋण मिनाहा हुन्छ भन्ने आशा छ।'

बाराबाट सबै लघुवित्तपीडितलाई काठमाडौंसम्म ल्याउने प्रबन्ध स्थानीय अभियन्ता बलिराम हजराले मिलाएका हुन्। बाराका ३६ सय पीडितको नेतृत्व गरेर आफू काठमाडौं आएको उनले दाबी गरे। 'पीडितहरू गौशाला, चाबहिल र धुम्बाराहीमा बसेका छन्,' उनले भने, 'लघुवित्तको आतंकले मधेशमा ठूलो समस्या सिर्जना भएको छ।'

कतिपय घर छाडेर पलायन हुने अवस्थमा पुगेको र यही वेला दुर्गा प्रसाईंले आवाज उठाएका कारण उनको अभियानमा जोडिएको बलरामको भनाइ थियो। 'दुर्गा प्रसाईंले हाम्रो आवाज बोलिदिनुभयो। त्यसैले उहाँलाई साथ दिने भनेर आएका हौं,' उनले भने, 'सरकारले ऋण मिनाहाको वाचा नगरेसम्म काठमाडौंमै बस्ने हो।'

तीनकुनेमा प्रदर्शन गर्ने अनुमति नपाएपछि शुक्रबार भक्तपुर पुरानो ठिमीस्थित प्रसाईंको घरअगाडि नै उनका समर्थक प्रदर्शन गर्न पुगेका थिए। त्यही भेटिइन् तनहुँ बन्दीपुरकी २६ वर्षीया सरिता विश्वकर्मा।

सात महिलाको टोलीसहित प्रसाईंको अभियानमा सहभागी हुन काठमाडौं आएकी उनको समस्या नै लघुवित्तकै थियो। 'लघुवित्तको ऋणले बेस्सरी सतायो,' तीन दिनदेखि गौशाला होटेलमा बसिरहेकी उनले भनिन्, 'बिस्तारै तिर्छौं भन्दा पनि भएन। मरेर भए पनि, नांगिएर भए पनि दिनु भन्न थाले।'

तीन वर्षअघि बंगुर फार्म खोल्नलाई एनआइसी लघुवित्तबाट तीन लाख ऋण लिएकी थिइन् उनले। तर, लकडाउनका कारण फार्म डुबेपछि समस्यामा परेको बताइन्। 'त्यसपछि श्रीमान् साउदी गएको ६ महिना भयो,' उनले भनिन्, 'लघुवित्त आएर श्रीमान्लाई विदेशबाट फर्काइदिन्छु भन्दै धम्की दिन्छ। लघुवित्त अहिले पैसा छैन भन्दा मृत्युदर्ता लिएर आइज भन्छ। यही वेला समाचारमा दुर्गा प्रसाईंको कुरा सुनेर न्याय पाउने आसमा काठमाडौं आएका हौं।' उनको अपेक्षा पनि प्रसाईंको अभियानमा लाग्दा ऋण मिनाहा हुन्छ भन्ने थियो।

'बन्दीपुरबाट कसको नेतृत्वमा आउनुभएको हो ?' नाम बिर्सिएपछि उनले छेवैमा रहेकी अर्की महिलालाई सोधिन्- 'आफ्नै नेतृत्वमा आएको भन्नुपर्छ नि,' अर्की महिलाले सुझाइन्। त्यसपछि हामीले सोध्यौं, 'यो अभियानको माग त राजतन्त्र चाहिन्छ भन्ने पनि छ नि !' जवाफमा उनले भनिन्, 'हामीलाई त राजतन्त्र भन्ने केही थाहा छैन। हामी सबै लघुवित्तले सतायो भनेर आएका हौं।'

प्रसाईंनिवासअघि भेटिएका म्याग्दी बेनी- १० का मुक्तिबहादुर पाइजा मगरको मत पनि त्यस्तै थियो। युट्युबमा प्रसाईंको अन्तर्वार्ता र भनाइ हेरेर प्रदर्शनमा सहभागी हुन काठमाडौं आएको उनले बताए। पोखराबाट एक साथीसँग आएको बताउने उनी काठमाडौं आएपछि म्याग्दीका १५-२० जना लघुवित्तपीडित भेटिएको बताए। ऋण नै तिर्नुहुन्न भन्ने पक्षमा भने उनी थिएनन्। 'ऋण नतिर्ने होइन, तिर्ने हो,' उनी भन्दै थिए, '७-८ प्रतिशतलाई १८-२० प्रतिशत ब्याज पुर्‍यायो भन्ने हाम्रो गुनासो हो। म मात्रै होइन, यस्ता पीडित धेरै छन्। मैले सहकारीहरूबाट अलिअलि चलाएको हो। एउटा जग्गा छ, त्यो पनि धितो राखेर सहकारीमा १५ लाख लिएको छु। तर, चर्को ब्याजले डुबायो।'

प्रसाईंले उठाएको राजतन्त्रलगायत अन्य मुद्दाबारे उनको कुनै टिप्पणी थिएन। 'राजतन्त्रचाहिँ राजनीतिक कुरा हो,' उनले भने, 'त्यो त नेताहरूलाई थाहा होला। हामीलाई थाहा छैन।' अहिले गोंगबुमा प्रसाईंको अभियानमा सहभागी हुन आफूसहित १७ जना एकसाथ बसिरहेको उनले बताए।

गौशालामा भेटिएकी बाराकी सकिना खातुन पनि तीन वर्षअघि राजश्री लघुवित्तबाट लिएको १२ लाख ऋणका कारण तनावमा थिइन्। 'एपेन्डिक्स भएकाले आफ्नो अप्रेसन गराउन ऋण लिएको थिएँ,' उनले भनिन्, 'लघुवित्तले घर नै लिलामी गर्छु भनेर पत्र पठाइसक्यो। घरबारविहीन हुने भएपछि काठमाडौंमा न्याय माग्न आएका हौं।'

चेतना नभएका मूर्खहरू राजतन्त्र फर्काउन हिंडेका छन् : ओली



काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले जनताले वाक्कदिक्क लागेर फालिसकेको राजतन्त्रलाई चेतना नभएका मूर्खहरूले फर्काउन हिंडेको बताएका छन्। राष्ट्रिय युवा संघको केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै ओलीले प्रतिक्रियावादीले भिड्न खोजे चुनावी मैदानदेखि सडकमा समेत भिड्न एमाले तयार रहेको बताए।

'जनताले हेर्दाहेर्दा वाक्कदिक्क भएर कामै नलाग्ने चिज रहेछ भनेर फालेको राजतन्त्रलाई चेतना नभएका केही मूर्खहरू मरेको प्रेतका पछाडि नलीखुट्टाको हड्डी फुकेर राजतन्त्र फर्काउँछु भनेर लागेका छन्,' ओलीले भने, 'त्यस्तो वेलामा युवा संघले हामी यहाँ छौं भनेर रातो टोपी लगाएर मैदानमा उत्रियो, देश संकटमा परेका वेला हामी यहाँ छौं, काँध थाप्छौं भन्दै बोल्यो, धन्यवाद छ तपाईंहरूलाई।' परिवर्तनका लागि धेरै ठूलो विशाल आन्दोलन गर्नुपर्ने अवस्था आउन सक्ने भन्दै ओलीले तयारी अवस्थामा रहनसमेत युवाहरूलाई निर्देशन दिए। प्रतिक्रियावादीले भिड्न खोजे चुनावी मैदानदेखि सडकमा समेत भिड्न तयार हुने गरी अगाडि बढ्नसमेत उनले निर्देशन दिए।

'रुन्चे कुरा गर्नुहुँदैन, बक्सिङ खेल्ने भनेको थियो, खुट्टाले राउन्ड किक हानेर बंगरा झार्दियो भनेपछि... खुट्टाले, टाउकाले, मुक्काले, कुइनाले हान्न सक्छ, उता फर्किएजस्तो गरेर राउन्ड किक हान्न सक्छ, जे पनि गर्न सक्छ। सबै कुरामा तयार हुनुपर्छ,' ओलीले भने, 'प्रतिक्रियावादीले चुनावको मैदानमा भेटौं भन्छन् भने ठीक छ चुनावकै मैदानमा भेटौं, सडकमा भेटौं भन्छन् भने ठीक छ सडकमै भेटौं। ठाउँ तोकेर, दिन तोकेर युवा संघ भिड्न तयार छ, त्यस्तै स्पिरिटमा युवा संघ अगाडि बढोस्।'

दुर्गा प्रसाईंलाई इंगित गर्दै ओलीले बिकाउ मालले देशको सार्वभौमसत्तामाथि सौदाबाजी गर्न खोजेको समेत बताए। 'असन्तुष्टि र निराशा मात्रै छ भन्ने प्रभाव दिन खोजिएको छ। देश बनाउन सक्छु, म गर्न सक्छु भन्ने कोही छैन। देश बर्बादीमा मात्र गएको छ, आशा केही छैन भन्ने पार्न खोजिएको छ,' ओलीले भने, 'कुनै एक धतंगाले यो देश फलानो देशमा मिसाइदियो भने सस्तोमा साइकल पाइन्छ, साग पाइन्छ भन्छ। कतिपय मान्छेहरू एक छाक भातमा सिंगो भविष्य बेच्न तयार हुन्छन्। कतिपय देशको माया नगर्ने बिकाउ माल हुन्छन्, त्यस्ताका अभिव्यक्ति साइकलको मूल्यसँगको देशको सार्वभौमसत्ताको कुरा गर्छन्।'

प्रसाईंलाई तीनकुनेमा शक्ति प्रदर्शन गर्न रोक



काठमाडौं/ शुक्रबार व्यवसायी दुर्गा प्रसाईंलाई शक्ति प्रदर्शनमा गृह प्रशासनले रोक लगाएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंले अनुमति नलिई संवेदनशील क्षेत्र मानिएको तीनकुनेमा आन्दोलनको कार्यक्रम तय गरेकाले रोक लगाइएको जनाएको छ।

बिहीबार बल्खुको गतिविधि हेर्दा र पत्रकार सम्मेलनमा बोलेका अभिव्यक्ति सुन्दा प्रसाईं अभियानको आशय शान्तिपूर्णभन्दा पनि मुठभेडयुक्त देखिएको गृह मन्त्रालयका प्रवक्ता तथा सहसचिव नारायणप्रसाद भट्टराईले बताए।

'एयरपोर्टनजिक त्यत्रो ठूलो भिड हुँदा समस्या भएको भनेर उड्डयन प्राधिकरणबाट पनि असहमति आयो। तीनकुने संवेदनशील ठाउँ हो भन्ने गृह प्रशासनको समीक्षा भएपछि त्यहाँ प्रदर्शन गर्न नदिएका हौं,' उनले भने।

प्रशासनको रोकविपरीत प्रदर्शन गर्न खोजेको भन्दै प्रहरीले काठमाडौंका विभिन्न स्थानबाट दुई सय ६६ जना व्यक्तिलाई पक्राउ गरेको थियो। प्रसाईंलाई स्थान हद लगाउँदै घरबाहिर निस्कन दिइएन। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी कुमुद ढुंगेलका अनुसार ६ जनाबाहेक अरूलाई राति नै रिहा गरिएको छ। 'बाँकीलाई मुद्दा चलाउने तयारी छ,' उनले भने। शुक्रबार भक्तपुरको पुरानो ठिमीस्थित प्रसाईंको घरमा ठूलो संख्यामा सुरक्षाकर्मी खटाइएको थियो। प्रसाईंले भने आफू नजरबन्द र 'होम अरेस्ट'मा परेको आरोप लगाएका छन्। 'सत्य कुरा बाहिर ल्यायो, अब हामी सकिन्छौं भनेर मलाई नजरबन्द गरियो,' शुक्रबार घरमै पत्रकार सम्मेलन गरेर प्रसाईंले भने, 'तर, हाम्रो विचार र नेताको असली अनुहार जनतालाई बताइसकेकाले केही फरक पर्दैन।'

गृहप्रवक्ता भट्टराईले सुरक्षाकर्मी खटाउनेबित्तिकै नजरबन्द भन्न नमिल्ने बताए। 'उहाँ (प्रसाईं)ले तीनकुनेमा कार्यक्रम गर्न माग्नुभएको थियो, प्रशासनले बल्खु उपलब्ध गरायो,' प्रवक्ता भट्टराईले भने, 'तर, उहाँ बल्खु जान तयार हुनुभएन, बरु घरै बस्छु भन्नुभयो। त्यसपछि उहाँलाई सुरक्षामा कसैले डिस्टर्ब नगरोस् भनेर सुरक्षाकर्मी खटाइएका हो। नजरबन्दमा राखेका होइनौं, राख्नुपर्ने कारण पनि छैन। सुरक्षाकर्मी खटाउनेबित्तिकै नजरबन्द भन्न मिल्दैन।'

सेनाको रथीमा बढुवाका लागि सिग्देल सिफारिस

काठमाडौं/ नेपाली सेनामा रिक्त रथी पदका लागि वरिष्ठतम उपरथी अशोक सिग्देलको सिफारिस भएको छ। प्रधानसेनापति प्रभुराम शर्मा अध्यक्ष र बलाध्यक्ष रथी सीताराम खड्का सदस्य रहेको बढुवा समितिले सिग्देललाई बढुवाका लागि शुक्रबार सिफारिस गरेको हो। सैनिक प्रवक्ता सहायकरथी कृष्णप्रसाद भण्डारीले उपरथी सिग्देललाई रथी बढुवामा सिफारिसको सातदिने सूचना प्रकाशित भएको जानकारी दिएका छन्। असोजमा तत्कालीन उपरथी ताराध्वज पाण्डेलाई बढुवाका लागि यही समितिले सिफारिस गरेको थियो।

दैनिक ६...

पृष्ठ १ बाट क्रमशः

घटनामा तीन हजार ६ सय ७८ अभियुक्त पक्राउ परेका थिए। जसमा ८८.२ प्रतिशत अर्थात् तीन हजार दुई सय ४३ जना चिनजानका अभियुक्त छन्। जसमा आठ सय १० जना पारिवारिक नाताकै छन्। त्यस्तै, ६२ श्रीमान्, नौ सय ५३ जना छिमेकी, ६७ जना शिक्षकबाट यौनजन्य हिंसा भएको छ। कुल आरोपितमध्ये चार सय ३५ जना मात्र अपरिचित छन्। यौनजन्य हिंसामा जबर्जस्ती करणी, बाल यौन दुर्व्यवहार, अप्राकृतिक मैथुनजस्ता घटना पर्दछन्।

महिला हिंसाको अर्को डरलाग्दो तथ्यांक के छ भने यौनजन्य हिंसामा पर्नेमा ६३.८ प्रतिशत बालिका छन्। एक वर्षको अवधिमा १० वर्षभन्दा कम उमेरका तीन सय ७५ बालबालिका यौनजन्य हिंसामा परेका छन्। त्यस्तै, ११ देखि १६ वर्ष उमेरका एक हजार तीन सय ९३ छन्। १६ देखि १८ वर्ष उमेरका चार सय चारजना छन्। एक वर्षमा तीन हजार चार सय तीनजना पीडित भएकोमा दुई हजार एक सय ७२ जना १८ वर्षभन्दा कम उमेरका बालबालिका छन्। जसअनुसार दैनिक ६ बालबालिकामाथि यौन हिंसा हुने गरेको छ। थोरै मात्र घटनाको उजुरी पर्ने भएकाले वास्तविक घटना अझै धेरै हुन सक्ने प्रहरी अधिकारी बताउँछन्। त्यस्तै, ३३ जना बालक एक वर्षमा यौन हिंसाको सिकार भएका छन्।

पीडकमध्येमा भने १९ देखि २५ वर्ष उमेरका धेरै छन्। तीन हजार ६ सय ७८ पीडकमध्ये एक हजार दुई सय ४८ जना सो उमेर समूहका छन्। त्यसपछि २६ देखि ३५ वर्ष उमेर समूहका नौ सय ४२ जना छन्। शैक्षिक योग्यताको आधारमा पीडित तथा पीडक दुवै सामान्य साक्षर छन्। पीडितमध्ये दुई हजार दुई सय ३३ तथा पीडकमध्ये दुई हजार आठ सय ६२ जना छन्। पेसाको आधारमा पीडितमध्ये विद्यार्थी र कृषि पेसामा आबद्ध धेरै छन्। एक हजार नौ सय ५४ विद्यार्थी, सात सय ६८ कृषि पेसामा आबद्ध र चार सय ८३ जना गृहिणी छन्। पीडकतर्फ कृषि पेसामा आबद्ध एक हजार सात सय ८७, मजदुरीमा आबद्ध एक हजार एक सय ६ तथा विद्यार्थी तीन सय ९६ जना छन्।

प्रहरी संगठनभित्र शून्य सहनशीलता कार्य-आदेश लागू

पछिल्लो समय केही प्रहरी अधिकारी नै यौन हिंसाका घटनामा संलग्न हुन थालेपछि नेपाल प्रहरीले यसविरुद्ध विशेष कार्ययोजना बनाएर लागू गरेको छ। प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले शुक्रबार 'लैंगिक हिंसामा संलग्न प्रहरी कर्मचारी शून्य सहनशीलता कार्य-आदेश-२०८०' आदेशको शुभारम्भ गरेका हुन्।

विपिनको रिहाइका...

पृष्ठ १ बाट क्रमशः

आग्रह गरेका छन्। नेपालको आग्रहलाई सकारात्मक रूपमा लिंदै कतारी राज्यमन्त्रीले विपिनको रिहाइका लागि प्रयास गर्ने आश्वासन दिएका छन्।

सिंहदरबारमा शुक्रबारै भएको परराष्ट्रमन्त्री साउद र कतारी राज्यमन्त्रीबीचको भेटवार्तामा नेपालमा लगानी, शिक्षा र खेलकुदको क्षेत्रमा सहयोग, आदानप्रदान कार्यक्रम, छात्रवृत्ति, दक्ष तथा अर्धदक्ष नेपाली नागरिकको रोजगारीलगायत सम्भावित क्षेत्र खोजी गर्ने विषयमा छलफल भएको छ। 'गाजाको अवस्था सहज बनाउन र बन्धकहरूको रिहाइमा कतारको भूमिकाको प्रशंसा गर्नुका साथै परराष्ट्रमन्त्रीले विपिन जोशीको शीघ्र रिहाइका लागि कतारलाई सहजीकरण गर्न अनुरोध दोहोर्‍याउनुभएको छ,' परराष्ट्रद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'कतारी पक्षले बन्धकहरूलाई रिहा गर्न र मानवीय अवस्था सहज बनाउन निरन्तर प्रयास गरिरहेको जानकारी दिएको छ।'

राज्यमन्त्री नेतृत्वको कतारी प्रतिनिधिमण्डलले परराष्ट्रसचिव भरतराज पौड्यालसँग परराष्ट्र मन्त्रालयमा शुक्रबार द्विपक्षीय भेटवार्ता गरेको छ। परराष्ट्रका अनुसार दुवै पक्षले द्विपक्षीय सम्बन्धका सबै पक्षको समीक्षा गरेका छन्। परराष्ट्रसचिव पौड्यालले नेपाललाई कतारमा श्रमिक आपूर्तिका लागि दक्ष वर्गमा सूचीकृत गर्न, कतारको बजारमा नेपाली उत्पादनमा विशेष पहुँच उपलब्ध गराउन र कतार फन्ड फर डेभलपमेन्टमार्फत विकास सहयोग गर्न आग्रह गरेका छन्। परराष्ट्रमन्त्री साउदले विदेश राज्यमन्त्री मुरैखीको नेतृत्वमा रहेको कतारी प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोज आयोजना गरेका छन्। कतारका विदेश राज्यमन्त्री र उनको प्रतिनिधिमण्डल शुक्रबारै दोहा फर्केको छ।

थप ११ वटा...

पृष्ठ १ बाट क्रमशः

अब आइतबारदेखि बिहान ८:३० बजे तीन-तीन मिनेटको फरकमा भक्तपुर सूर्यविनायकदेखि द्रुत बस छुट्नेछन्। विभागले बेलुकीको समयसमेत परिवर्तन गरी दिउँसो ३:३० देखि नै दुई घन्टा सञ्चालन गर्ने भएको हो। बिहान ८:३० बजेदेखि १०:३० बजेसम्म तीन-तीन मिनेटको फरकमा भक्तपुर सूर्यविनायकदेखि द्रुत बस छुट्नेछ भने दिउँसो ३:३० देखि ५:३० सम्म रत्नपार्कदेखि बस छुट्नेछ।

यसअघिको समयसीमा व्यावहारिक नभएको र बस संख्या पनि निकै कम भएको भन्दै यसलाई व्यवस्थित पार्न लागिएको विभागका प्रवक्ता ईश्वरीदत्त पनेरूले जानकारी दिए। उनका अनुसार बस संख्यासमेत थपिएकाले पहिलेभन्दा धेरै यात्रुले यसको फाइदा लिन सक्नेछन्।

'द्रुत बसबारे बाहिर नकारात्मक हल्ला छ, तर हामी यसलाई बन्द गर्दैनौं। थप व्यवस्थित र प्रभावकारी बनाउँछौं। द्रुत बसले धेरैलाई सहज भएको छ,' पनेरूले भने। उनका अनुसार द्रुत बस छुट्ने समय र यात्रुको विवरण ट्राफिक प्रहरीले राख्दै आइरहेको छ।

३ असारदेखि सुरु गरिएको द्रुत बस सेवालाई विहान ९-११ र बेलुकी ४-६ बजेसम्मको समय तोकिएको थियो। तर, यो समय व्यावहारिक नभएको र धेरै यात्रु द्रुत बस चढ्नबाट वञ्चित हुने अवस्था आएको भन्दै विभागले समय परिवर्तन गर्न लागेको हो।

आइतबारदेखि थप गर्न लागिएको बस संख्या नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले व्यवस्थापन गर्नेछ। महासंघले हरेक दिन फरक-फरक बस यस नियमअनुसार सञ्चालन गर्नेछ। महासंघले हरेक दिन आलोपालो गरेर फरक-फरक बसलाई यस नियममा सञ्चालन गर्ने प्रतिबद्धता जनाएको विभागका प्रवक्ता पनेरूले जानकारी दिए।

चिसोले जाजरकोट...

पृष्ठ १ बाट क्रमशः

वर्षीया मनसरी कामी, भेरी नगरपालिका- २ का ८८ वर्षीय धुलेश्वर कार्की, बारेकोट गाउँपालिका-४ जिरीका नरेन्द्रबहादुर सिंह, नलगाड नगरपालिका- ४ का ८४ वर्षीय गोपालबहादुर रावल, ४८ वर्षीया पम्फा रावल तथा कुशे गाउँपालिका- ५ की ६५ वर्षीया देवी मल्ल र वडा नम्बर ६ का ५५ वर्षका गथु शाहीको ज्यान गएको सम्बन्धित स्थानीय तहका जनप्रतिनिधिले जनाएका छन्। भूकम्पपीडितमा रुघाखोकी, ज्वरो र पखलाको समस्या देखिएको छ। रुकुम पश्चिमको आठबिसकोटले ११ ठाउँमा सञ्चालन गरेको स्वास्थ्य शिविरमा पनि रुघाखोकी, ज्वरो र पखलाका बिरामी धेरै आइरहेको नगर स्वास्थ्य संयोजक प्रेमप्रकाश रोकायाले जानकारी दिए। चिसोका कारण बिरामी परेकामा दूषित पानीका कारण पखलासमेत देखिएको उनले बताए।

नेपाल खुला विश्वविद्यालय
व्यवस्थापन तथा कानून संकाय
डीनको कार्यालय
मानभवन, ललितपुर

नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

फोन नं. : ०१-५००८०४८, ५९१३९५०
Website: www.nou.edu.np

भर्ना आवेदन सम्बन्धी सूचना।

(वेवसाइटमा प्रकाशित मिति: २०८०।०८।०८ गते)

यस विश्वविद्यालयको व्यवस्थापन तथा कानून संकाय अन्तर्गत सेमेष्टर प्रणालीमा आधारित २ वर्षे (४ सेमेष्टर) **Master of Business Administration (MBA)** तथा **Master of Science in Development Management and Governance (MSDMG)** स्नातकोत्तर तह कार्यक्रमहरुमा शैक्षिक सत्र २०८०/०८१ का लागि भर्ना आवेदन आव्हान सम्बन्धी यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ।

- आवेदन फारम पेश गर्ने अन्तिम मिति : २०८० मंसिर २८ (14 December 2023)
- आवेदन फारम पेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता: ४ वर्षे स्नातक तह उत्तीर्ण (**MBA** कार्यक्रमका लागि स्नातक तहमा कम्तीमा दोस्रो श्रेणी वा **CGPA 2.5** प्राप्त गरेको हुनुपर्ने)
  आवेदन शुल्क : रु.१,२००।-
  प्रवेश परीक्षा मिति : वि.सं. २०८० पुस ७ गते, शनिबार (23 December 2023)।
  प्रवेश परीक्षा समय : MBA – विहान ८:३० बजे र MSDMG – दिउँसो ३:०० बजे।
  अन्तर्वार्ताको मिति र समय विश्वविद्यालयको वेवसाईटमा पछि प्रकाशन गरिनेछ।
  कक्षा सञ्चालन मिति : वि.सं. २०८० माघ ३ गते (17 Janauary 2024)
- प्रवेश परीक्षा Online बाट संचालन हुनेछ।
- भर्ना आवेदन फाराम विश्वविद्यालयको वेवसाइट www.nou.edu.np को student panel मा रहेको For Entrance Portal मा Click गरी **If you are first time for entrance click here for Registration** मार्फत Online फाराम भर्नु पर्नेछ।
- आवेदकले सम्बन्धित शैक्षिक कार्यक्रमका लागि तोकिएको योग्यता पुगेका सक्कल प्रमाणपत्रहरु Scan गरी Upload गर्नुपर्नेछ।
- आवेदन शुल्क नेपाल खुला विश्वविद्यालयको ग्लोबल आइ.एमई बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको **NEPAL KHULLA BISHWOBIDHYALAYA (Nepal Open University)** चल्ती खाता नं. ००५०१०१०००००५०२ मा आवेदकले आफ्नो नाम र फोन नम्बर अनिवार्य उल्लेख गरी जम्मा गर्नुपर्नेछ र सोको सक्कल नगदी भौचर Scan गरी आवेदन फाराम साथ अपलोड गर्नुपर्नेछ।

नोट: प्रवेश परीक्षामा Verbal Ability (20%), Quantitative Ability (20%), General Awareness (20%) का Multiple Choice Questions र Case Analysis (20%) तथा Essay writing (20%) हुने गरी प्रश्नहरु सोधिनेछ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचनाको नमूना

प्रकाशित मिति २०८०/०८/०९ गते

यस माछापुच्छ्रे बैंक लि. को विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको विभिन्न कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपबाट कर्जा चुक्ता गर्नको लागि अनुरोध गर्दा पनि कर्जाको साँवा, ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले उल्लिखित ऋणीको नाममा बक्यौता ऋण कर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने, ऋणी, शेयरधनी/सञ्चालक तथा जमानी दिनेको नाम समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउँदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/जमानीकर्ताको नाम	बाबुको नाम	बाजे/ससुराको नाम	पति/पत्नीको नाम	नागरिकता नं.	जारी मिति	जारी जिल्ला	ठेगाना	शाखा कार्यालय
१	राम प्रसाद धिमाल	रोहिणी प्रसाद धिमाल	कृष्ण लाल धिमाल	रामकला दुलाल धिमाल	४०२३२/११६६५०	२०५९/१०/०३	सिन्धुपाल्चोक	सिन्धुपाल्चोक जिल्ला, भोटेचौर गा.वि.स. वडा नं. २	दमौली
	रामकला दुलाल धिमाल	रोहिणी प्रसाद दुलाल	रोहिणी प्रसाद धिमाल	राम प्रसाद धिमाल	२४१०६०/१४२	२०६७/०९/०५	सिन्धुपाल्चोक	सिन्धुपाल्चोक जिल्ला, भोटेचौर गा.वि.स वडा नं. २	
२	बिरबल माझी	छरी लाल माझि	सोना लाल माझि	फुलसर कुमारी खाँ	५२१९५	२०५७/०५/११	मोरंग	मोरंग जिल्ला, तेतरीया गा.वि.स. वडा नं. ४	दमौली
	फुलसर कुमारी खाँ	छेदु खाँ थारु	छरी लाल माझि	बिरबल माझी	७०७९३	२०५९/०८/१५	मोरङ	मोरङ जिल्ला, सिं बडहरा गा.वि.स वडा नं. ४	
३	धनराज श्रेष्ठ	लक्ष्मी नारायण श्रेष्ठ	नर बहादुर श्रेष्ठ	विष्णु कुमारी श्रेष्ठ	२३११२५४४	२०६०/०५/०४	झापा	झापा जिल्ला, दमक न.पा. वडा नं. १७	दमौली
	विष्णु कुमारी श्रेष्ठ	ललित बहादुर श्रेष्ठ	लक्ष्मी नारायण श्रेष्ठ	धनराज श्रेष्ठ	०५३०४३/१३८३	२०६३/१२/१९	मोरङ	मोरङ जिल्ला, मधुमल्ला गा.वि.स वडा नं. ५	
४	बनवारी वाल्मिकी	गुठे वाल्मिकी	मोइलु वाल्मिकी	सबिता वाल्मिकी	१३१६	२०५३/०४/२९	बाँके	बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. १४	नेपालगञ्ज
	सबिता वाल्मिकी	जिबन वाल्मिकी	गुठे वाल्मिकी	श्री बनवारी वाल्मिकी	१९९१	२०६३/०६/०१	बाँके	बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. १४	

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ९ मंसिर ०८०
nayapatrikaofficial @naya_patrika

उतारचढावपूर्ण त्यो कार्यकाल

'बलात्कार आरोप'मा मुछिएपछि तत्कालीन सभामुख कृष्णबहादुर महराले राजीनामा दिए। लामो समय प्रतिनिधिसभा सभामुखविहीन बन्यो। तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको ठूलो रस्साकस्सीबीच अग्नि सापकोटा सभामुख बने। करिब दुईतिहाइ सांसद रहेको नेकपाबाट सभामुखको उम्मेदवार बनेका थिए सापकोटा। तर, उनीविरुद्ध अन्य उम्मेदवारी परेन। १२ माघ ०७६ मा सापकोटा सभामुखमा सर्वसम्मत निर्वाचित भए। समय बित्दै जाँदा परिस्थिति पनि बदलियो। करिब तीन वर्ष सभामुख बनेका सापकोटाको कार्यकाल उतारचढावपूर्ण रह्यो। दुई-दुईपटक प्रतिनिधिसभा विघटन र पुनर्स्थापना उनकै कार्यकालमा भयो। विधेयक पारित प्रक्रिया पनि प्रभावित भयो। बजेट अधिवेशनमै ३० वटा विधेयक पारित गर्नुपर्ने अवस्था आयो। संविधान संशोधन गरेर चुच्चे नक्सा सार्वजनिक पनि सापकोटाकै कार्यकालमा भयो, त्यो पनि सर्वसम्मत रूपमा। प्रधानन्यायाधीशविरुद्धको महाभियोग, पार्टीले कारबाही गरेका सांसदको सूचना प्रकाशनमा ढिलाइजस्ता घटनाक्रम चर्चित रहे। कसैको निर्देशनमा परिचालित भएको आरोप पनि लाग्यो। पूर्वसभामुख सापकोटाले प्रेम गौतमसँग सभामुखको कार्यकालको स्मरण गरेका छन् :



अनुभव
अग्नि सापकोटा, पूर्वसभामुख

बहालवाला राष्ट्रपति, बहालवाला प्रधानमन्त्री, बहालवाला प्रधानन्यायाधीश, बहालवाला राष्ट्रिय सभाका अध्यक्षविरुद्ध सभामुखले मुद्दा दायर गरेको घटना नेपालमा मात्रै होइन, दुनियाँका कुनै रेकर्डमा रहेनछ

पाँचौं अधिवेशनबाट मैले सभामुखको जिम्मेवारी सम्हालें। पाँचौं र छैटौं अधिवेशन कोभिडले प्रभावित भयो। सातौं र आठौं विघटनले बित्यो। नवौं र दसौं अधिवेशनमा अवरुद्ध भएर अभ्यास गर्न पाइएन। ११औं बजेट अधिवेशन थियो। बजेट अधिवेशनकै वेलामा पनि ३० वटा विधेयक पास भए। त्यसअघि बजेट अधिवेशनमा यति धेरै विधेयक पास भएको रेकर्ड रहेनछ।

सभामुखको कार्यकाल धेरै उतारचढावपूर्ण रह्यो। धेरै घुम्ती र मोड पार गर्नुपऱ्यो। धेरै समस्या र चुनौती खडा भए। ती चुनौती र समस्या समाधान पनि भए। केही नयाँ कीर्तिमान पनि कायम भए। संविधान र व्यवस्था रक्षाका लागि पहलकदमी लिएँ। अनेक चुनौती र समस्याका बाबजुद कार्यकाल सफल रह्यो।

०००

एकै कार्यकालमा ६ महिनामै दुईपटक प्रतिनिधिसभा विघटन भयो। र, दुवैपटक पुनर्स्थापना भयो। व्यवस्था र संविधानको रक्षाका हिसाबले प्रतिनिधिसभा पुनर्स्थापना धेरै महत्त्वपूर्ण कुरा हो। संविधानविद्, कानुनविद्, विद्वान्, बुद्धिजीवी, राजनीतिक दलका नेता, सम्पादकहरूसँग निरन्तर छलफल गरें। त्यसले तत्कालीन रूपमा प्रतिनिधिसभा पुनर्स्थापना हुन र संसद् चलाउन धेरै ठूलो मद्दत गऱ्यो।

> सभामुखको कार्यकाल धेरै उतारचढावपूर्ण रह्यो। धेरै घुम्ती र मोड पार गर्नुपऱ्यो। धेरै समस्या र चुनौती खडा भए। ती चुनौती र समस्या समाधान पनि भए। केही नयाँ कीर्तिमान पनि कायम भए। संविधान र व्यवस्था रक्षाका लागि पहलकदमी लिएँ। अनेक चुनौती र समस्याका बाबजुद कार्यकाल सफल रह्यो।

प्रतिनिधिसभा विघटनविरुद्ध मैले प्रेस वक्तव्य जारी गरिसकेको थिएँ। नेताहरू हामी यहाँ छौं भनेर माइतीघर मण्डलामा पलेटी मारेर बस्न थाल्नुभयो। सामाजिक अभियन्ताहरू, बुद्धिजीवीहरू, साहित्यकार, कलाकार, मानवअधिकारवादी, नागरिक समाज सबै आन्दोलित भए। बालुवाटारमा पानीका फोहोराले अभियन्ताहरू ढलेको देखें। कठ्याङ्ग्रिँदो जाडोमा शीतलनिवास अगाडि बुद्धिजीवीहरू भाषण गरिरहेको देखें। अब मैले के गर्ने त ? मेरो विवेकलाई सोधें। विज्ञप्ति निकालेर मात्रै त पुगेन। भौतिक रूपमै न्यायका लागि सर्वोच्च अदालत जाने निर्णयमा पुगें। त्यहाँ को न्यायाधीश छ भन्दा पनि राष्ट्रको न्यायालय भएकाले न्याय माग्न जानुपर्छ भन्ने लाग्यो। म आफैं उपस्थित भएर अदालतमा मुद्दा दर्ता गरें। राजनीतिक दल, अभिवक्ताले पनि मुद्दा दिएका थिए। सधैं सभामुखको जवाफ, सरकारको जवाफसँग मिल्दाजुल्दा हुन्थे। म नै संसद् विघटनको विपक्षमा भएकाले सरकारको काम बेठीक छ, पुनर्स्थापना हुनुपर्छ भनेर जोडदार रूपमा प्रस्तुत भएँ। सभामुख स्वतन्त्र, तटस्थ, निष्पक्ष भएन भनेर मान्छेहरूले भन्दै गर्दा मैले जवाफ दिने क्रममा भनेको थिएँ, 'पुनर्स्थापनाको एजेन्डा मेरो हो। यदि कसैसँग मिल्न गयो भने यो संयोग हो। त्यसकारण यो मेरो आफ्नो निर्णय हो। आफ्नो विवेकले गरेको हो।' त्यसरी मैले पहलकदमी लिएँ।

अर्कोतर्फ, संविधान मिचेर संवैधानिक नियुक्तिहरू तत्कालीन प्रधानमन्त्री (केपी ओली)ले गर्नुभयो। त्यसविरुद्ध म आफैं सर्वोच्च अदालतमा भौतिक रूपमै मुद्दा लिएर गएँ। बहालवाला राष्ट्रपति, बहालवाला प्रधानमन्त्री, बहालवाला प्रधानन्यायाधीश, बहालवाला राष्ट्रिय सभाका अध्यक्षविरुद्ध सभामुखले मुद्दा दायर गरेको घटना नेपालमा मात्रै होइन, दुनियाँका कुनै रेकर्डमा रहेनछ।

संविधान मिचेर संवैधानिक परिषद्ले पठाएका कागजपत्र मैले फिर्ता पठाइदिएँ। खासमा मेरो आदेशमा संसद्का महासचिवले उक्त कागजात फिर्ता पठाउनुपर्ने थियो। तर, महासचिवले फिर्ता पठाउन इन्कार गरेपछि म आफैंले सही गरेर फिर्ता पठाएँ। संविधान ठाडो मिचिएको थियो। संविधानविद्, कानुनविद्, विद्वान्, बुद्धिजीवीहरूसँग लामो छलफल गरेर म निर्णयमा पुगेको थिएँ। त्यतिवेला संसद् विघटन भएको थियो। नेपाली जनताले २७५ जनालाई सार्वभौम अधिकार दिएका थिए। संसद् विघटन भएपछि सबै सांसद विघटित भए। सभामुखको रूपमा म कायम रहेको थिएँ। विघटन भएपछि २७५ जनाको अधिकार ममा निहित हुन आयो। ममा निहित त्यो अधिकार प्रयोग गर्दै भनेर मैले सही गरेर पठाएँ। संसदीय इतिहासमा त्यो पनि नयाँ रेकर्ड नै बन्यो।

कालापानी, लिम्पियाधुरा, लिपुलेक समेटेर चुच्चे नक्सा पास गर्न सर्वसम्मत रूपमा संविधान संशोधन भयो। त्यो पनि ऐतिहासिक घटनाक्रम हो।

विदेश सम्बन्ध

जटिल राजनीतिक स्थिति र सदनको तयारी धेरै गर्नुपर्ने कारणले सभामुखको रूपमा विदेशका धेरै भ्रमण भएनन्। दुइटा भ्रमण गरें। आइपियू सम्मेलन र असंलग्न राष्ट्रका सभामुखहरूको अन्तर्राष्ट्रिय शिखर सम्मेलन। ती दुवै ठाउँमा मैले नेपालको राजनीतिक व्यवस्था, नेपालको परिवर्तनका लागि नेपाली जनताले गरेको पहलकदमी र संसद्ले गरेका कामलाई उठाएँ। अजरबैजानका राष्ट्रपतिले उद्घाटन भाषण धेरै क्रान्तिकारी गर्नुभएको थियो। त्यसबाट मलाई थप उत्प्रेरणा मिल्यो। मैले बोल्ने क्रममा धेरै राम्रोसँग आफ्नो देशको प्रतिनिधित्व गरें भन्ने लाग्छ।

संसदीय कामको हिसाबले मेरै निमन्त्रणामा छिमेकी राष्ट्र चीनको जनकंग्रेसको स्थायी समितिको अध्यक्ष ली चाङ्सु नेपाल भ्रमणमा आउनुभयो। पहिला तीन दिन बस्ने भनेर आउनुभएको थियो। पछि चार दिन बस्नुभयो। त्यो वेलामा पनि धेरै महत्त्वपूर्ण समझदारी भए। दुई देशका संसद्बीचको सम्बन्ध धेरै गुणात्मक रूपमा विकसित भयो। मेरो निम्तोमा आए पनि राष्ट्रपति, प्रधानमन्त्री, सबै दलका नेतासँग संसद् भवनमै भेटघाट भयो। म सभामुख भएको वेलामा द्विपक्षीय वार्ता पनि संसद् भवनमै भयो। त्यसपछि संसद्का पदाधिकारी र चिनियाँ प्रतिनिधिमण्डलबीच मुख्य वार्ता र पार्टीका नेतासँगको भेट पनि संसद् भवनमै भयो। त्यो पनि धेरै महत्त्वपूर्ण परिघटनाको रूपमा स्मरणलायक छ।

कोभिडमा कुशल व्यवस्थापन

कोभिड भएपछि असाध्यै त्रासको वातावरण थियो। कतिवेला कसलाई कोभिड लाग्ने हो भन्ने त्रास थियो। मलाई के लाग्यो भने संसद् चलाउनु भनेको जोखिम लिनु पनि हो। संसद् चलाउँदा त्यहाँबाट संक्रमण होला भन्ने चिन्ता। संसद् नचलाऊँ, जनताले दुःख पाएको वेलामा चाहिने हो संसद्।

जब मैले संसद् चलाउने अठोट गरें। धेरै राम्रो तयारी गर्नुपऱ्यो। सबैभन्दा मुख्य कुरा विज्ञहरूसँग धेरै चरणमा छलफल गरें। धेरै चरणमा छलफल भएपछि विज्ञहरूले हामीले सल्लाह दिने हो, निर्णय सभामुखले गर्ने हो भन्नुभयो। मैले संसद् चलाउने भन्ने निर्णय गरें। कोरोना परीक्षणसँगै दूरी कायम गर्ने, मास्क लगाउने, साबुनपानीले हात धुने व्यवस्था मिलाइयो। धेरै राम्रो व्यवस्थापन भयो। कोभिडका बेला संसद् चलाएर हामीलाई फाइदै भयो।

एमसिसीमा मेरो अडान

एमसिसीको विषय धेरै पेचिलो थियो। म सभामुख भएदेखि नै एमसिसी टेबल गर्ने भनेर धेरै प्रयत्न भए। त्यसका सन्दर्भमा राष्ट्रलाई दीर्घकालीन हिसाबले प्रभाव पार्ने कुरा भएकाले राष्ट्रिय सहमति हुनुपर्छ। जनताले उठाएका प्रश्नको एक-एक जवाफ दिनुपर्छ। संसद्मा छलफल नगरी पास गर्नुहुँदैन भन्ने स्पष्ट अडान लिएँ। मेरै अडानका कारण १२ बुँदे व्याख्यात्मक घोषणासहित एमसिसी पास भयो। त्यसले कम्तीमा पनि सार्वभौमसत्ता सम्पन्न संसद्बाट हाम्रो राष्ट्रको पोजिसन यो हो भनेर क्लियर भयो। भोलि यताउता हुन खोज्यो भने सदनबाट पास भएको १२बुँदेको आधारमा ठीक ट्र्याकमा ल्याउन सकिन्छ। त्यस सन्दर्भमा सभामुखको कार्यकक्षमा धेरै चरणमा छलफल भयो। संविधानविद्हरू, पार्टीका नेताहरूसँग धेरै छलफल भयो। सर्वदलीय बैठक पनि भए। बैठकमा छलफलको क्रममा मैले के बुझें भने सबै पार्टीहरू एमसिसी टेबल गर्ने मनस्थितिमा छन्। अरू वेला त्यस्ता बैठक हुँदा प्रेसविज्ञलाई बोल्नुस् भन्थें। त्यो दिन आफैं बोलें। किनभने, त्यो सर्वदलीय बैठकमा जस-जसले धारणा व्यक्त गर्नुभयो, उहाँहरू एमसिसी टेबल गर्न तयार हुनुभएको पाएँ। यतिसम्म कि विपक्षी दलले नारा त लगाइराख्नुभएको थियो, उहाँहरू पनि पास गर्ने पक्षमा हुनुहुन्थ्यो। सबै पास गर्ने पक्षमा भएपछि मैले त्यो दिन के भनें भनैं- म त एम्पायर न हो। मैले सहजीकरण गर्ने हो। सबैले सभामुख एक्लैले त्यति ठूलो कुरामा अडान लिने कुरा त्यति उचित र आवश्यक हुँदैन कि भनेपछि मैले म त एम्पायर हो भनेको थिएँ। एमसिसीकै कारण ३ गते र ४ गतेको संसद् बैठक स्थगित भयो। दलहरूबीच छलफल चलिरह्यो। म पनि सबैभन्दा राम्रो विकल्प के आउँछ भनेर हेरिरहेको थिएँ। त्यसपछि ०७८ फागुन ८ गते संसद्मा टेबल भयो। त्यसअघि माघ १६ गते टेबल गर्ने कुरा आएको थियो। मैले साढे दुई वर्षदेखि राष्ट्रिय सहमति हुनुपर्छ भन्ने कुरा उठाइराखेको, जनताका प्रश्नको एक-एक उत्तर दिनुपर्छ भनिरहेको थिएँ। माघ १५ गते गठबन्धनको बैठक बसेर टेबल गर्नुपर्छ भन्ने कुरा आइसकेपछि मैले के विचार गरें भने साढे दुई वर्षसम्म अडान लिने र टेबल गर्ने भनेपछि मैले किन अडान लिएँ ? अहिले किन टेबल गर्न तयार भएँ ? त्यसको उत्तर त मैले दिएको छैन। त्यसको उत्तर त दिनुपऱ्यो नि। त्यहाँ दुइटा कुरा हुन सक्थे- एउटा, अमेरिका शक्तिशाली छ, सभामुख डरायो। अर्को, अमेरिका धनी छ, सभामुख लोभियो। म दुइटै होइन। मलाई डराउनु पनि आवश्यक थिएन, लोभिन पनि आवश्यक थिएन। तर, दुनियाँले त त्यही बुझ्ने भए। ती प्रश्नको उत्तर नदिई म टेबुल गर्दिनँ भनेर माघ १६ गतेको बैठकअघि भनैं। धेरैले फोन गरेका थिए। १६ गतेको बैठक स्थगित भयो। ३, ४ हुँदै ८ गतेसम्म बैठक स्थगित भयो।

एमसिसी टेबल गर्नुअघि दुइटा प्रश्न जीवित थिए। त्यसको उत्तर त मैले दिनैपर्छ। साढे ११ बजेको कार्यव्यवस्था परामर्श समितिको बैठकका लागि लैनचौर निवासबाट निस्केको थिएँ। लैनचौर चोकमा आएपछि हाम्रै पार्टीका अध्यक्षले बिहान गठबन्धनको बैठक थियो, एमसिसी टेबल गर्ने निर्णय भयो भनेर जानकारी गराउनुभयो। त्यसपछि केशरमहलमा पुग्दा नारायणकाजी श्रेष्ठले पार्टीहरूले त यस्तै गर्छन् भन्ने थाहा थियो। तपाईंमाथि जनताको आशा छ भन्नुभयो। ठीक छ म विचार गर्दै छु भनैं।

मैले त स्वतन्त्र, तटस्थ, निष्पक्ष भूमिका खेल्नुपर्ने। त्यतिवेला सडकमा धेरै ठूलो द्वन्द्वको स्थिति सिर्जना भइसकेको थियो। त्योभन्दा पनि ठूलो, दुइटा शक्तिराष्ट्र आमनेसामने आउन लागेकोजस्तो देखें, अमेरिका पनि चीन पनि। मेरो ब्रह्मले के भन्यो भने, सधैंभरि नेपाली समाजमा ध्रुवीकरणको बीज रोपिने भयो। दुइटा पक्ष प्रस्ट देखिन थाल्यो। हाम्रो देशको बारेमा त हामीले नै सोच्ने हो। सभामुख हुँदा मैले जे गरैं, आफैंले निर्णय गरें। मैले नेपाल र नेपालीको सभामुख भएर निर्णय गरैं। सबैको कुरा सुनें, सबैका प्रतिक्रिया पनि सुनें। तर, निर्णय आफैंले गरें। विद्यार्थी नेताहरूको त टाउको फुटेर रगत बगिसकेको थियो। म सभामुख भएका वेला टेबुल गरेर कसैको हताहत भएको भए मलाई जिन्दगीभर पश्चत्ताप हुन्थ्यो। त्यो हुन पाएन। १२ बुँदे व्याख्यात्मक घोषणाको कुरा आएपछि मैले सदनबाट निकास दिनुपर्छ भनेर अगाडि बढें। मैले फागुनको ८ गते टेबुल गर्नुभन्दा पहिला प्रश्नको उत्तर मैले दिनुपर्छ भनेर कार्यव्यवस्था परामर्श समितिको बैठक बस्नुभन्दा सचिवहरूलाई उत्तर के हुन सक्छ भनेर लेख्न भनैं। बैठक सकिएपछि उहाँहरूले लेखेर पनि ल्याउनुभयो। तर, मैले जनतालाई जे भन्नुपर्ने थियो, त्यो आएजस्तो लागेन। म चापमा पनि पर्ें। किनभने, १ बजे सदन बैठक बोलाइएको थियो, १२ बजेर ४० मिनेट गइसकेको थियो। मैले जनतालाई भन्नैपर्ने थियो। पछि मैले सोचें कि राष्ट्रपतिले आह्वान गरेको बैठक त कहिलेकाहीं प्राविधिक कारणले ढिला हुन्छ। यो त मैले नै घोषणा गरेको बैठक हो। सबै पार्टी टेबल गर्ने निष्कर्षमा पुगेपछि मैले किन चापमा पर्नुपऱ्यो ? अलिकति ढिला भए पनि के हुन्छ र ? भन्ने भएपछि मैले सभामुखको च्याम्बरमा बसेर लेखें। के लेखें भने शीर्ष नेताहरू, सञ्चार जगत्, बुद्धिजीवीहरू, लब्धप्रतिष्ठित व्यक्ति, व्यक्तित्वहरूको भावनालाई सम्मान गर्दै नेपाली समाजलाई थप ध्रुवीकरणमा जानबाट रोक्नका लागि दूरगामी प्रभाव पर्ने विषयलाई कार्यसूचीमा राख्न उपयुक्त भएको हुनाले कार्यसूचीमा राखिएको छ। छलफलको वातावरण बनाउन सम्बद्ध सबै पक्षलाई विशेष अपिल गर्छु। त्यतिवेला सदन अवरुद्ध थियो। उहाँहरू (एमाले)ले नारा लगाइराख्नुभएको थियो। मैले सोझै पोडियनबाट बाहिर आवाज जाने (नाराको आवाज नआउने) गरी

> सभामुख हुँदा जे गरैं, आफ्नै निर्णयले गरैं। नेपाल र नेपालीको सभामुख भएर सबैको प्रतिक्रिया सुनें। तर, अन्तिममा निर्णय आफैंले गरें।

व्यवस्था गरेको थिएँ। बोल्न चाहने सबै सांसदलाई बोल्न दिन्छु, जति दिन लागे पनि भनैं। मसँग आएर छुट्टै कोठामा भनेजस्तो बाहिर बोल्न त गाह्रो थियो। केहीले बोले, अधिकांशले बोलेनन्।

अधिकार प्रयोग गर्दा...

संसद्मा विशेषाधिकार हुन्छ। त्यो विशेषाधिकार भनेको आफैंमा धेरै सम्मानित हो। त्यो विशेषाधिकार भनेको ओजपूर्ण, गरिमामय हुनुपर्छ। त्यहाँ हुने क्रियाकलाप, गतिविधि गरिमामय हुनुपर्छ। सभामुख हुनेबित्तिकै नियमावली पल्टाएर पढ्दा अल टु अल सभामुख। यो के गर्ने भन्दा अन्तिम निर्णय सभामुखले गर्ने। ओहो ! सभामुखलाई कति अधिकार। त्यो ओहो भन्ने बित्तिकै मलाई के भयो भने असीमित अधिकार, सीमित प्रयोग। धेरै अधिकार भनेको धेरै जिम्मेवार, धेरै गम्भीर हुने हो। धेरै मिहिनेत र परिश्रम गर्ने कुरा हो। संसद्मा बोल्ने कुराको दुनियाँको कुनै अदालतमा मुद्दा लाग्दैन। मुद्दा लाग्दैन भन्नु, विशेषाधिकार हुनु राम्रो कुरा हो, तर त्यसको दुरुपयोग हुनु धेरै नराम्रो कुरा हो। विशेषाधिकार भनेको विशेष रूपमा ज्ञान क्षमताको विकास गर्नुपर्छ। जनताप्रति उत्तरदायी हुनुपर्छ।

पार्टीले कारबाही गरेका सांसदबारे सूचना निकाल्नका लागि सभामुखलाई ऐनले नै १५ दिनको समय दिएको थियो। त्यो १५ दिन किन दिएको होला ? कहिलेकाहीं कुनै विषय असाध्यै जटिल र पेचिला हुन्छन्। ती विषयमा निर्णय लिन समय लाग्छ। त्यसकारण १५ दिन ऐनले मलाई समय दिएको थियो। १५ दिनमा पुग्दा मैले निर्णय गर्नुपर्थ्यो। १३ दिनमै निर्वाचन आयोगले निर्णय गऱ्यो। त्यसपछि मैले लामो टिप्पणी लेखेर केही गर्नुपरेन। मैले ऐनले दिएको सुविधा लिएँ, त्यसमा म सन्तुष्ट छु।

फेरिएको परिवेश

सुरुसुरुमा त समन्वय, समझदारी गर्ने कुरामा अलि कमी भएको महसुस हुन्थ्यो। अगाडि बढ्दै जाँदा सर्वदलीय बैठक, प्रधानमन्त्रीलाई भेटेर बारम्बार छलफल सहज हुँदै गयो। तरिका मिलायो भने सहज ढंगले जान्छ। तरिका नमिलाउँदा राम्रो कुरामा पनि रड्किन्छ। कुनै पनि काम सानो र ठूलो हुँदैन। सभामुख भएको केही समयपछि नै मलाई के लाग्यो भने योचाहिँ धेरै नै समन्वय गर्नुपर्ने जिम्मेवारी रहेछ। पावर एक्सरसाइज गर्ने जिम्मेवारी होइन रहेछ। जति समन्वय, जति सहकार्य, समझदारी बनायो, त्यति फाइदा हुने रहेछ भन्ने बोध भयो। अनि मैले त्यसमा मिहिनेत गर्न थालें।

सत्ता समीकरण परिवर्तनले सभा सञ्चालनमा गुणात्मक फरक त परेन। तर, कतिपय अवस्थामा असहजता ल्याउने कोसिस भयो। हरेक घटनाक्रम अगाडि आउँदा के होला, के होला भन्ने त लाग्यो नै। तर, फेरि एकपछि अर्को समस्या सहज ढंगले समाधान हुँदै गएपछि अनुभव पनि हुँदै गयो। आफैंले अध्ययन पनि गरियो। छलफल पनि गरियो। अध्ययन, छलफल गर्दै जाँदा सदन चलाउन सहज हुँदै गयो। समस्याले समाधान लिएर आउने रहेछ भन्ने कुराको बोध हुन थाल्यो। सोहीअनुसार मिहिनेत गर्दै गएँ।

प्रधानन्यायाधीशविरुद्धको महाअभियोग समितिमा पठाएँ। समितिले प्रतिवेदन बुझायो। तर, समयअभावका कारण बैठक पेस गर्न सकिएन। त्यो प्रतिवेदनमा के भनेर तोक लगाएको छु भने यो प्रतिवेदन प्रतिनिधिसभाको बैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाउनु। त्यो तोक आदेश पनि ऐतिहासिक हो। सुशासनका हिसाबले त्यो महत्त्वपूर्ण कुरा हो।

केही काम बाँकी रहे

सभामुखको कार्यकाल समग्रमा गौरवपूर्ण नै रह्यो। राष्ट्रियतासहित अन्य धेरै सवालमा धेरै महत्त्वपूर्ण उपलब्धिहरू हासिल भए। त्यसमा अझ धेरै अभ्यास गर्न पाएको भए निकै राम्रो गर्न सकिन्थ्यो जस्तो लाग्छ।

सुशासनको सम्बन्धमा निकै मिहिनेत गर्नुपर्छ भन्ने मानसिकता बनाइराखेको थिएँ। र, त्यतिकै मिहिनेत पनि गरेको थिएँ। सम्पूर्ण ध्यान सदनलाई कसरी जीवन्त बनाउने भन्नेमा थियो। पहिला मैले जीवन्त भनैं, जीवन्त भयो। राम्रो छलफल, बहस भयो। छलफल जनमुखी हुनुपऱ्यो। छलफलले सरकारलाई उत्तरदायी बनाउनुपऱ्यो। मैले धेरै गहिरो गरी महसुस गरेको र गर्न खोजेको कुरा के हो भने कमसेकम सिस्टम बसोस्। सिस्टम बस्यो भने सिस्टमले काम गर्छ। नेपाली जनता लोकतान्त्रिक छन्। जनताले सधैं राम्रो काममा साथ दिएका छन्। तर, हाम्रोमा सिस्टम छैन। परिस्थितिजन्य कारणले गर्दा मैले जति अभ्यास गर्नुपर्थ्यो, त्यो गर्न सकिनँ। पढ्ने, बुझ्ने समय त मिल्यो, तर अभ्यास गर्ने समय पर्याप्त भएन। आज चलायो, के कमी भयो, त्यसको सुधार भोलि गर्ने। भोलि चलायो, के कमजोरी भयो, त्यसको सुधार पर्सि गर्ने। कोभिड, विघटन र अवरुद्धका कारण अभ्यास गर्ने सवालमा असाध्यै कम समय भयो। करिब तीन वर्षको कार्यकालमा असाध्यै कम समय मैले अभ्यास गर्ने मौका पाएँ। प्रतिकूल परिस्थिति नबनेको भए धेरै गर्न सकिन्थ्यो।

मूल्य-मान्यता स्थापित गर्ने, सिस्टमको विकास गर्ने, संसद्लाई डिजिटलाइजेसन गर्ने तीव्र इच्छा थियो। समयअभावका कारण गर्न सकिएन। प्रविधिको प्रयोग गरेर बेथिति, विसंगतिलाई चेक गर्ने कुरा हुन्थ्यो। डिजिटल माध्यमबाट काम अगाडि बढाउन सकेको भए धेरै राम्रो हुन्थ्यो। पूरै समय अभ्यास गर्न पाएको यी काम सम्पन्न हुन्थे।

संसद्को अभ्यास अझैसम्म पनि स्तरीय छैन। संसद्लाई दुनियाँका सबै देशले सार्वभौमसत्ता सम्पन्न मान्छन्। यद्यपि रूप फरक छन्। जुनसुकै देशको आत्माको धरोहर हो संसद्। लोकतन्त्रको त आत्मा नै हो संसद्। एउटा मानिसको पनि आवाज संसद्मा गुन्जिनुपर्छ। पारदर्शी, जनताप्रति उत्तरदायी हुनुपर्छ। सुशासनको सन्देश संसद्बाटै दिनुपर्छ। बहुआयामिक खालको सन्देश संसद्ले दिनुपर्छ।

नित्सेको प्रयोगशाला

लेख्न चाहेको कुरा लेख्न सक्नु, लेख्न पाउनु र लेख्नु आफैंमा पुरस्कृत हुनु हो । प्रमाण नित्से पनि हुन् । उनी सर्वकालीन पुरस्कृत लेखक हुन् । विचारक हुन् । चिन्तक हुन् । मरेपछि फेरि जन्मिए नित्से । नित्सेको मृत्युपछि नै नित्सेयुग सुरु भयो ।



शिव प्रकाश
Twitter: @shivaprakash_NP

बहस



'ईश्वर मरिसकेको छ । ईश्वर मृत रहन्छ । हामीले उसलाई मारेका छौं ।' उनको सर्वाधिक प्रसिद्ध दाबी ! नित्सेकृत 'द गे साइन्स' (सन् १९८२, पेज १२५)मा पहिलोपटक उत्कृष्ट भयो । त्यसपछि 'दश स्पोक जरथुस्त्र'मा पनि दोहोरियो । 'मास्टर पिस' हो, नित्सेको यो किताब । उपन्यासको प्रमुख पात्र हो, जरथुस्त्र ।

'गे साइन्स !' समलिंगी विज्ञान भन्ने बुझाइ पनि छ, तर होइन । 'द जोयफुल विस्डम' अर्थात् आनन्दपूर्ण बुद्धि-विज्ञान हो । यहींबाट नित्सेले दर्शनभित्र शून्यवाद र अस्तित्ववादको युद्ध चलाउँदै भने, 'मानवताको विनाशका लागि हामी सबै जिम्मेवार छौं ।' प्रबुद्धकालसम्म पनि युरोपेली आँखाले एकै देख्थे- सबै बाटा रोम पुगेर टुंगिन्छन् ।

समय स्वयं एकछत्र ईश्वरीय अधिनायकवादमा बाँधिएको थियो । 'पेपसी' सर्वोच्चतामुनि थियो, राज्य, सरकार र समाज । पादरीतन्त्र नै सामाजिक आवरण थियो । त्यही आवरणभित्र छोपिएको समाजको ज्ञान परम्परा ईश्वरीय महिमाले ढाकिएको थियो ।

नित्सेअघिका अस्तित्ववादी आर्थर सोपेनहावरसम्म आउँदा दर्शनको दियो बलिसकेको थियो । नित्सेले गे साइन्स लेखे । दर्शनको ज्वालामुखी फुटाए- 'हाम्रो हात ईश्वरको खुनले रंगिएको छ ।'

अठारौं शताब्दीसम्म इसाईत्वको केन्द्रीय अवधारणामा एकल सार्वभौम सत्यको रूपमा स्थापित थियो, ईश्वर । नित्सेले मानव अस्तित्वको गुरुत्वलाई समाते । इसाईवाद र पारम्परिक नैतिकतालाई अस्वीकार गर्दै ईश्वरको मृत्युको घोषणा गरे । इसाईत्वमाथिको बौद्धिक र तार्किक हमला थियो त्यो । अन्तिम सत्य मानिएको ईश्वरमाथिको सबैभन्दा धातक वज्र थियो त्यो । यसले इसाईत्वको केन्द्रीयतालाई हल्लायो । ईश्वरीय देनको कथनीय आधारभूत विश्वास प्रणालीमा खतराको घण्टी बजायो ।

नित्से घोर इसाईविरोधी मानिए । ईश्वरको अस्तित्व अस्वीकार गर्ने पाखण्डी ठानिए । पापी, हठी र अधर्मी देखे पादरीले । उस्तै देखे राज्य, सत्ता र समाजले । अर्को किताब 'विल टु पावर'मा अर्को तर्क दिए, 'इसाईहरू समान रूपले कपटी थिए ।'

इश्वर मृत्युको घोषणा उदेकलाग्दो त थियो नै त्यसमाथि डरलाग्दो पनि । तैपनि लेखे, तर किताब बिकेनन् । मित्रता टिकेनन् । जीवनमा रोमान्सका फूल फुलेनन् । कतिले नित्से 'गे'(समलिंगी) हुन् पनि भने । उनकै किताब 'गे साइन्स'सँग जोडे । अर्थ खोजेनन् । एक नित्सेमाथि अनेक आरोप लागे ।

यौवन जीवनको शौर्यकाल पनि हो, संकटकाल पनि हो । जीवनको २०-२१ को विचलित समय । यो समयमा कसले के गर्दैन ? विद्यार्थी नित्सेलाई वेश्यालयको ढोका खोलेको आरोप पनि लाग्यो । आरोप मात्रै पनि नहुन सक्छ नित्सेमाथिको आरोप । सिफिलिस (भिरिंगी)को उपचार गराएका थिए भन्ने पनि छन् । उनकै परममित्र संगीतज्ञ रिचर्ड वाग्नरले नित्से डरलाग्दो हस्तमैथुनकारी भएको आरोप पनि थपे । तर, वाग्नरकै श्रीमती कोसिमासँग नित्सेको प्रेमसम्बन्धको धुवाँ पनि भित्रभित्रै रुमल्लियो ।

अर्की थिइन् लु एड्रियस सलोमी । सन्यासी नित्सेको नाउँ तीसँग पनि जोडियो । महिला कामुकताकी अध्येता सलोमीलाई विवाहको प्रस्ताव पनि गरे, तर सफल भएनन् भन्ने पनि छन् । कतिले नित्सेमाथि नारीद्वेषीको झन् ठूलो आरोप पनि थोपरे । तर, उनी स्वयं भने भौतिक जीवनबाट मानिस वञ्चित हुनुहुँदैन भन्थे । यथार्थतः प्रेम, यौन, सम्पत्ति र सुख मान्छेको निजी अधिकार पनि हो ।

सरलरेखामा हिँडिरहेको जीवनले वक्ररेखाको बाटो कहिले समाउँछ, थाहा हुँदैन । चार वर्षको हुँदा नित्सेका बाबु मरे । त्यही साल दुई वर्षका भाइ बिते । बालमस्तिष्कमा के गाडियो, कसैलाई थाहा भएन ।

जन्मको संयोग पनि उस्तै ! नित्से जन्मँदा चर्चमा घण्टी बजिरहेको थियो । नवनित्सेलाई ईश्वरीय अवतार नै मानियो, पवित्र ठानियो । पुर्ख्यौली पादरी परिवार । आफ्ना हजुरबुबा र बुबा दुवै लुथरन पास्टर । मावलीतिर पनि पादरी परम्परा । सबैका सामु नित्से 'सानु पास्टर' हुँदै हुर्किए ।

इसाई धर्मको गढ नै थियो नित्सेको घर । तर, त्यही गढमा सबैभन्दा ठूलो पहिरो गयो । त्यही घरबाट ईश्वरको लास निस्कियो । 'भगवान् भएको भए हामी भगवान्का सन्तानसरह सबै बराबर हुने थियौं,' नित्से गे साइन्समा प्रश्न गर्छन्- 'यी चर्च अब त्यही भगवान्का चिहान होइनन् भने के हुन् ?'

उमेर बढ्दै गयो । मस्तिष्क गहिराइमा डुब्दै गयो । जीवनभर जीवनको गहिराइमा डुबे नित्से । दुःखमाथि दुःख थपियो । असफलतामाथि असफलताका पहाड उचालिए । असफल लेखक मानिए । जगत्ले उनका जीवन्त दर्शनको दर्शन पाएन । वास्तवमा गर्न चाहेन ।

जगत् मिथ्यामा विश्वास गर्छ । सार्वभौम सत्य के हो ? कसलाई थाहा छ ? ज्ञानको अर्थ के हो ? संसार व्याख्यात्मक छ । पुनरावृत्त परिधिभन्दा पनि परिवर्तित परिधिमा फैलिएको छ, व्याख्या ।

मान्छे जीवनको अर्थ र उत्तर यो जगत्मा खोज्छ, तर यो जगत्ले न कुनै अर्थ दिन्छ, न कुनै उत्तर । दुवै आफैंभित्र खोज्नु छ । नित्से खोज्न थाले ।

उनी लेखनमा फर्किए । तिलस्मी तर्क, दर्शनमा अनुभूति, बिम्ब, प्रतीक र लक्षणाका लहर र बहर खेलाउने नित्से लेखनमा आगो उर्लिएजस्तो उर्लिए । केही गरेर देखाउने उन्मादी नशा थियो नित्सेभित्र ।

तर, बाँचुन्जेल नित्सेका किताब खासै बिकेनन् । कुनै कथित मान-सम्मान पाएनन् । कुनै ठूलो पहिचानको निर्माण भएन । आफैंसँग बाँचे । उनले पनि भोगे, बाँचुन्जेल तिरस्कार । नित्सेको जीवनको बत्ती निभेपछि किताबको उज्यालो फैलियो । मृत्युपछि मान्छेका मन-मस्तिष्क बसे । के हुन्छ, त्योभन्दा ठूलो पुरस्कार ? पुरस्कारका लागि अर्काका पाउमा आफ्नो पुपुरो टेकाउने कति छन् ? धेरै बलिया मानिएका लेखक बजारमा कमजोर देखिन्छन्, नित्सेजस्तै । मानवीय बौद्धिकशास्त्र र बजारी अर्थशास्त्रमा यही फरक छ । धेरै लेखक बजारमा जन्मिन्छन्, केही दिनपछि बजारमै मर्छन् । बजारमा मरेका नित्से मान्छेका मन-मस्तिष्कमा जन्मिए ।

लेख्न चाहेको कुरा लेख्न सक्नु, लेख्न पाउनु र लेख्नु आफैंमा पुरस्कृत हुनु हो । प्रमाण नित्से पनि हुन् । उनी सर्वकालीन पुरस्कृत लेखक हुन् । विचारक हुन् । चिन्तक हुन् । मरेपछि फेरि जन्मिए नित्से । नित्सेको मृत्युपछि नै नित्सेयुग सुरु भयो । लड्नु नै छ भने बलियासँगै लड्नू । जित्दा जितको मजा होस्, हार्दा हारको लज्जा नहोस् । निर्धो त सधैं हारेकै छ । उनी लडिरहे ।

> पन्ध्रौं शताब्दीको सूर्योदयसँगै पश्चिममा पुनर्जागरणको सूर्य पनि उदायो । विज्ञान-प्रविधि र ज्ञान-बुद्धिको खोजीलाई मान्छेको मस्तिष्कले पछ्याउन थाल्यो । ब्रह्माण्डको खोजी ईश्वरका लागि चुनौती बन्न थाल्यो । ईश्वरीय विश्वासमाथि पहिरो ल्याउने शक्ति बने भौतिकवादी ग्यालिलियो र प्रकृतिवादी चार्ल्स डार्बिन ।

धर्म, ईश्वर, राज्य, सामन्त र समाज सारा एकतिर नित्से एक्लै एकतिर ।

व्यक्तित्व र विवादास्पद अभिव्यक्तिप्रति त्रास र भयको त्यान्त्रो थिएन नित्सेमा । 'म मान्छे होइन, डायनामाइट हुँ । एकदिन मेरो नामसँग डरलाग्दो सम्झना जोडिनेछ,' एउटा सिंगो पहाडभैं आत्मविश्वासी नित्सेमा ईश्वरप्रति कठोर र निष्ठुरताको पराकाष्ठाको कुनै परिधि थिएन ।

विचारको प्रयोगशाला हो मान्छेको मस्तिष्क । नित्सेको त्यही प्रयोगशालामा ईश्वरको मृत्यु भयो । के हो त ईश्वर ?

गणितीय प्रश्न होइन ईश्वर । दुईमा दुई ईश्वर जोड्दा चार र घटाउँदा शून्य हुन्छ । तर, अझै हामी ईश्वरमाथि गणितीय उत्तर खोजिरहेका छौं ।

ईश्वर अंक पनि होइन, ईश्वर अक्षर पनि होइन ? न हामी अंकमा लेख्न सक्छौं, न हामी अक्षरमा देख्न सक्छौं । के ईश्वर त्यही हो, न देख्न न लेख्न सकिन्छ ? प्रश्न यो पनि हुन सक्छ, के विनाउत्तरको प्रश्न हो ईश्वर ?

ईश्वर न शून्य छ, न अशून्य छ । तर के शून्य र अशून्यबीच जे छ त्यही हो ईश्वर ? के ईश्वरले पुराना विश्वास र तर्कको बोझ अझै बोकेको छ ? के तर्क-वितर्कद्वारा स्थापित र विस्थापित विश्वास मात्र हो, ईश्वर ? आजपर्यन्त छन् अनेक प्रश्न ।

दिन र रातजस्तै पृथ्वीमा विश्वास र त्रास पनि बाँचेका छन् । के यही विश्वास र त्रासको भूमध्यरेखामा उभिएको द्वेत अस्तित्व हो, ईश्वर ?

वस्तुतः विश्वाससामु त्रासको मृत्यु हुन्छ, त्राससामु विश्वासको । तर, ईश्वरको घरमा विश्वास र त्रासको सहवास छ । के मान्छेभित्रको त्रासपूर्ण विश्वास र विश्वासपूर्ण त्रासमा जे बाँचेको छ, त्यही ईश्वर हो ?

मलाई लाग्छ, ईश्वरप्रतिको त्रासको कारणले मान्छे दास भएको छ । विश्वासले मान्छेलाई दास बनाउँदैन, साहस बढाउँछ । यथार्थतः त्रास नहुँदो हो त मान्छेले ईश्वरलाई दास बनाउँथ्यो । मान्छेका खुट्टा ईश्वरले ढोग्थ्यो ।

प्रश्न अर्को पनि छ, ईश्वरको शरणमा मान्छे छ कि मान्छेको शरणमा ईश्वर ? ईश्वर खोज्दा भेटिँदैन । किनभने ईश्वर हराएको छैन । के मान्छेको शक्तिशाली भ्रम हो, ईश्वर ? कि बलियो कमजोरीको निरीह सहारा हो, ईश्वर ?

द्विविधाको गहिरो भास हो संसार । टावरसँग सम्बन्धविच्छेद भएको हवाईजहाजजस्तो भएको छ एकल सार्वभौस सत्य । धर्मका घातक प्रहारले ईश्वरको अस्तित्व र अवस्थालाई अज्ञात बनाएको छ । नित्से भन्छन्, यदि ईश्वरको अस्तित्व छ भने मान्छेको अस्तित्व रहँदैन ।

एउटा मत यो पनि हुन सक्छ- विश्वास र त्रासको वटवृक्ष हो, ईश्वर । न कहिल्यै ढल्छ । न कहिल्यै मर्छ । तर, नित्सेको मस्तिष्कको प्रयोगशालामा त्यो मऱ्यो । सत्य के पनि हो भने मर्नका लागि बाँच्नुपर्छ । जो कहिल्यै बाँचेको छैन, त्यो कहिल्यै मर्दैन । भ्रम शक्तिशाली हुन्छ । भ्रमको शक्तिलाई मान्छे सर्वकालीन ठान्छ । तर, नित्सेहरूका लागि न शक्तिशाली, न सर्वकालीन ।

नित्सेले ईश्वरको अस्तित्व कहिल्यै स्विकारेनन्, उनीमाथि लागेको सबैभन्दा महान् आरोप हो, यो । तर, ईश्वर छैन भन्ने विश्वास हो भने उनैले ईश्वर मृत्युको घोषणा कसरी गरे ? मर्नका लागि जन्मिनुपर्छ ।

'हामी अस्तित्वको ऐना हुनुपर्छ, ईश्वरको सानो स्वरूप हो त्यो,' किन भन्थे नित्सेले ? नित्से यहाँ चुकेका हुन् कि नित्से बुझ्न हामी चुकेका हौं ? डियोनिसस् ! ग्रिक मिथोलोजीका एक ईश्वर ! अर्थात् उर्वर तथा परम आनन्दका देवता ! नित्से भन्छन्, 'म उनको अन्तिम शिष्य र अवतार पनि हुँ !'

त्यही मान्छेले आफूलाई कसैको शिष्य ठान्छ, जसले उसलाई प्रेम र आदर गर्छ । त्यही मान्छेले आफूलाई कसैको अवतार मान्छ, जसले उसलाई आफ्नो पुर्खा वा प्रिय ठानेर पूजा गर्छ । नित्से कसरी ईश्वरविरोधी भए ?

नित्सेभित्र ईश्वरीय वटवृक्षको जरा-हाँगा नफैलिएका होइनन्, तर ती धेरै दिन बाँचेनन् । उनकै शब्द हुन् यी, 'म ईश्वरमा विश्वास गर्छु तर जुन ईश्वर नाच्छ ।' नाच्नुको अर्थ बाजा बजाएर नाच्नु होइन । नाच्नुको अर्थको उपस्थिति हो । नित्सेको असन्तुष्टि यहाँ पनि छ, प्राचीन इज्रेलले इसाई ईश्वर यसुलाई अगाडि ल्यायो । तर, धेरै पुस्ता दुर्दान्त दुःखमा बाँच्न बाध्य भयो । ईश्वरका नाउँमा मान्छेलाई मान्छेकै गुलाम बनाइयो । पिटियो, मारियो । अत्याचार र दुराचारको सीमा भएन । राजाले, शासकले, सामन्तले, पादरीले आफूलाई ईसा(ईश्वर)को उत्ताधिकारी ठाने । ज्यादती गरे ।

धर्मका कारणले मान्छे मान्छे हुन नसकेको ठहर गरे नित्सेले । सबैभन्दा बढी हत्या धर्मका कारण भएको, धर्मसंस्था मानव जातिको संरक्षकभन्दा पनि विनाशक भएको, धर्मसंस्थाका लागि ईश्वरको उत्पादन गरिएको, धर्मले मान्छेलाई बाँच्नभन्दा मर्न प्रेरित गरेको, युद्ध र हत्याका लागि ईश्वरलाई उभ्याउने धर्मसंस्था मानव विनाशको कारण बनेको, स्वर्गको सिँढी चढ्न मान्छे भ्रष्ट भएको र ईश्वरलाई समेत भ्रष्ट बनाएको भन्ने भित्री विश्वासले जित्यो नित्सेलाई । नित्सेले युरोपीय नैतिकता, तर्क र मूल्यभित्र व्याख्या मात्र भेटे । कुनै तथ्य भेटेनन् । धर्मभित्र ईश्वर र ईश्वरको सार्वभौमिक वस्तुनिष्ठता शून्य देखे । ईश्वरको मुत्यु दार्शनिक अभ्युक्तिका रूपमा उनको अर्को किताब 'द एन्टी क्राइस्ट'मा पनि आयो ।

इतिहासको निर्माण स्मारकीय छ । इतिहास लेखिनेभन्दा पनि बनाइने भएको छ । ईश्वरीय परिकल्पनालाई पनि नित्सेले स्मारकीय निर्माणको स्वरूपमा देखे । ईश्वर केवल मान्छेले आफ्नो सुविधाका लागि रोपेको एक विश्वास हो, धारणा हो, कल्पना हो । मनोवैज्ञानिक निर्माण हो भन्ने एकल मत नित्सेभित्र फैलियो । धर्म र ईश्वरप्रतिको धारणा स्वयंमा खराब छैन । तर, धर्म र ईश्वरका नाउँमा गरिएका दाबी जतिसुकै झुटा र अव्यावहारिक भए पनि त्यही विश्वासलाई बलपूर्वक स्विकार्ने परम्परामाथि प्रहार पनि हो नित्सेको घोषणा ।

यथार्थतः जीवनका सबै अनुत्तरित प्रश्नको जवाफ धर्मभित्र खोज्ने र ईश्वरसँग छ भन्ने समयसँग हामी आजपर्यन्त हिँडिरहेका छौं । जसमा प्रामाणिक पक्षको खोजी हुँदैन । प्रश्न गर्नु आपराधिक मानिन्छ । मान्छे आफ्नो अनैतिकता ईश्वरको यही कोटरीमा लुकाउँछ र नैतिकता देखाउँछ । धर्म र ईश्वर सधैं अधमका लागि उघुम सहारा र सिँढी बनेका छन् । विनाकारण केही हुँदैन । नित्सेले कारण खोजे, 'यसका लागि ईश्वरीय धारणा जिम्मेवार छ ।'

धर्मभित्र पाखण्डताको अधिकता यथावत् छ । नित्से चेतनमा चेतावनीको रातो बत्ती बल्न छाडेन । उनले 'रस्ता' बदले । तर पनि नित्से अनीश्वरवादी होइनन् । किस्चियानिटीका विरोधी मात्र हुन् । धर्मका नाउँमा त्यसभित्रका मान्यता र संस्कारका विरोधी हुन् ।

यस आलेखको पूर्णपाठ
jhannaya.nayapatrikadaily.com

लार्केपासको एक्लो सफर

रुटभरि अनगिन्ती झोलुंगे पुल देख्न सकिन्छ । नागबेली भएर बगेको बुढीगण्डकीको कहिले वारि र कहिले पारि भएर यात्रा गर्नुपर्छ ।



सुवास भट्ट
subashreporter@gmail.com

पर्यटन



यात्रा भनेपछि अग्ला पहाड र अझ हिमाल नै हो भन्ने मानसिकता ममा गढेको छ । पहाडी हावापानी र परिवेशमा जन्मेहुर्केको प्रभाव पनि हुन सक्छ, मध्यम र चिसो हावापानी प्यारो लाग्छ । त्यसैले यात्राका लागि पनि उच्च पहाडी र हिमाली चित्र-स्मृतिहरू मानसपटलमा आइहाल्छन् । हिमाल, हिउँ, नदी, स्वच्छ वायु, सफा आकाशले मोहनी लगाएझैं लाग्छ ।

कोभिडको आसपासदेखि हाइकिङको लत लागेको मैले करिब एक वर्षमा काठमाडौं उपत्यकाआसपासका सबैजसो डाँडाकाँडा डुलेर भ्याएँ । त्यसपछि हाइकिङबाट बाहिर निस्केर म अलिक लामो ट्रेकतर्फ लागेँ । होचाबाट क्रमशः अग्ला टाकुरा र गन्तव्य चुम्ने चाहनाले एकपछि अर्को अग्ला चुचुरोमा पुग्दै आएको छु ।

अब कुन ठाउँमा यात्रा गर्ने भन्नका लागि मसँग तीन-चारवटा गन्तव्य विकल्पमा हुन्छन् । यसपालि भने मसँग डोल्पाको से-फोक्सुन्डो ताल र दोलखाको च्छोरोल्पा प्रमुख विकल्पमा थिए । तीमध्ये एकमा जाने भन्ने मानसिकतामा थिएँ । तर, अन्तमा नसोचेको विकल्प फ्याट्ट आइपुग्यो- गोरखाको लार्केपास ।

गोरखाको मनास्लुबारे सामान्य परिचित भए पनि त्यसैमाथिको लार्केबारे मैले खासै देखेसुने र पढेको थिइनँ । र, पनि अन्तिम समयमा मैले लार्के नै रोज्न पुगेँ । लार्के नै किनभने एक त अधिल्लोपटक तिलिचो ताल पुगेकाले त्यसभन्दा माथिल्लो उचाइ चुमूँ भन्ने थियो भने अर्कोतिर गृहजिल्लाको ठूलो भाग र परिचित ट्रेकिङ गन्तव्यमा पुगेकै थिइनँ । लामो ट्रेकिङ रुट भए पनि समय र खर्चका हिसाबले पनि त्यो उपयुक्त हुन्छ भन्ने दाबी पनि रहेथ्यो ।

अकस्मात् तय भएको यात्रा

तिहारबिदा सुरु हुनु अघिल्लो दिन बल्ल लार्के जाने निश्चित भयो । सामान्यतया लामो तयारीका यात्रा योजना सफल नभएका विगतका अनुभव, एक्लै यात्रामा निस्किने अठोट र जोखिमहरूको अधिक अनुमान नगर्ने स्वभावले सामान्य पारिवारिक व्यवस्थापनपछि म २५ कात्तिकमा मनास्लु निस्किएँ ।

लगाएकोबाहेक ज्याकेटसहित एक थान अतिरिक्त लुगा झोलामा कोचेर बिहान पौने ६ बजे नयाँ बसपार्क पुगेँ । तर, बसको टिकट थिएन । पुगेर टिकटको व्यवस्थापन गरेपछि सवा ७ बजेतिर गाडी गोरखाको माछाखोलातिर हाँकियो । बसपार्कबाट छुटेको करिब १२ घन्टामा बस गन्तव्यमा पुग्यो ।

बिल्कुल एकल यात्रा भएकाले त्यही अनुसारको मानसिक अठोट पनि थियो । यसबारे कसैलाई यात्राबारे केही भनिनँ पनि, किनभने पहिला आफ्नो अठोट पूरा गर्नु थियो । यसबीचमा भर्खरै लार्के पुगेर फर्केका केही साथीहरूसँग बाटोघाटो सहीसलामत रहे-नरहेको र हिउँको अवस्थाबारे सामान्य जानकारी लिएँ ।

माछाखोलामा बास बसेपछि बिहान साढे ५ बजेबाट यात्रा सुरु गर्ने । आकाशमा ताराहरू निभेकै थिएनन्, मोबाइलको लाइटमा माछाखोलाबाट माथि लागेँ ।

यात्रा गर्दा आफू जान खोजेको गन्तव्यबारे सामान्य जानकारी त खोजिन्छ नै, तर धेरै नापनक्सा, ठेगाना खोज्न र योजना बनाउन लाग्दिनँ । यसका आफ्नै जोखिम र बेफाइदा हुन सक्छन् । म भने यात्रामा जाने भनेपछि सोधीखोजी गरेर पनि पुगिन्छ भन्ने सोच्छु, र त्यस्तो जोखिमको धेरै अनुमान गरेर पनि बस्दिनँ ।

बसेको होटेलबाट हिँडेको करिब आधा घन्टापछि अलि उज्यालो भयो । यसपछि भने हिँड्न सहज भयो । बुढीगण्डकीको किनारैकिनार, हुकिँदै गरेको चिसो मौसममा, प्राकृतिक छटामा रम्दै, घामको स्पर्शमा हिँड्नुमा अपार आनन्द अनुभव भयो । अघिल्लो रात होटेल सञ्चालकसँग आफू हिँड्नुपर्ने बाटो र त्यससम्बन्धी जानकारी लिएको थिएँ ।

तातोपानीको आनन्द

माछाखोलाबाट माथि आफ्नै लयमा हिँडिरहेको थिएँ । पहराबाट रसाएको पानीमा उडिरहेको बाफले ध्यान आकर्षित गऱ्यो । नजिकै गएर हेर्दै र पानी छामेँ, तातो अनुभव भयो । अनि अघिल्लो रात होटेल सञ्चालकले तातोपानीबारे बताएको सम्झेँ । त्यस ठाउँ तातोपानीको नामले परिचित रहेछ ।

नजिकै ठूलो धारा रहेछ र धारासँगै कुण्ड पनि । यसअघि तिलिचो र मुस्ताङ जाँदा तातोपानीमा नुहाउन नपाएको धोको पूरा हुनेभो भन्ने मनमनै गमेर आडैको होटेलका मानिसलाई नुहाउन मिल्ने नमिल्नेबारे सोधेँ । उनीहरूले नुहाउन मिल्ने बताए । करिब साढे तीन घन्टा हिँडिसकेको शरीर पसिनाले निश्चुक्क भएको थियो । त्यहाँ नुहाएँ, प्राकृतिक तातो पानीमा नुहाउँदा त्यसले शरीरलाई ऊर्जावान बनाउँदो रहेछ ।

यहाँबाट हिँडेको करिब डेढ घन्टामा खाना खाएर केही समयको विश्रामपछि फेरि उकालो चढ्ने क्रम सुरु भयो । पहिला भोटको व्यापार र पछि पर्यटनको विकासले यस रुटमा आवासको समस्या खासै नहुँदो रहेछ । एक-डेढ घन्टाको यात्रामा होटेल-लजहरू भेटिन्छन् । बाटोमा पर्याप्त मात्रामा साइनबोर्डहरू भएकाले यात्रामा अल्मलिने सम्भावना पनि कम हुन्छ ।

खच्चड सवारी र झोलुंगे पुलको विकास

ट्रेकिङ ट्रेलहरूमा सडक बाटो लैजाने विकृति पछिल्लो समय मौलाएर गएको छ । यसले ट्रेकिङ ट्रेलको औचित्यलाई नै फिका बनाइदिने जोखिम हुन्छ । तर, लार्के रुट भने यसबाट हालसम्मको अवस्थामा केही जोगिएको छ । यद्यपि, सडक खन्ने क्रम जारी छ । सडक बाटोले स्थानीयको सास्ती घटाएर सुविधा दिए पनि पर्यटनका लागि भने यसको नकारात्मक असर हुन्छ । हिमाली ट्रेकमा आउने कोही पनि विदेशी पर्यटक ट्रेलमा सडकबाट यात्रा गर्न रुचाउँदैनन् । किनभने उनीहरू सडकभन्दा पनि गोरेटो हिँड्न आएका हुन्छन् । ट्रेल सुरक्षित र त्यहाँ आवश्यक सुविधा

सीमान्तको आवाज बोल्ने 'अन्तिम सेलो'



पराजित पोमु
pomuparajit573@gmail.com

समीक्षा

फ्रान्सिस फुकुयामाले शीतयुद्धको समाप्तिपछि 'दि इन्ड अफ हिस्टोरी' पुस्तकमा इतिहासको अन्त्य भएको घोषणा गरे । फुकुयामाले अन्त्यलाई समाप्ति नभएर इतिहासको नयाँ चरणको सुरुवात मानेका छन् । त्यस्तै अन्य दार्शनिक रोला बार्थ, डैनियल बेल, लियोटार्डले विचारधाराको अन्त्य, महाआख्यानको अन्त्य घोषणा गरेको पाइन्छ । यसको मूल मक्सद समयसापेक्ष स्वतः निर्माण हो, समयको टर्मिनेसन भन्ने हो । कवि इन्दु योन्जनकृत कवितासंग्रह 'अन्तिम सेलो' पढिरहँदा यस्तै आभास भयो ।

नेपालको सुदूर पूर्व इम्बिरी सभ्यताको बहुल समुदाय बसोवास गर्ने संखुवासभाबाट उदाएका योन्जन पेसाले अस्पताल प्रशासनसित जोडिए पनि काव्य जगत्का लागि उच्च सम्भावना भएको नाम हो । काव्य संग्रहभित्र कविले अन्तिमलाई अन्त्य र सेलोलाई सांस्कृतिक बिम्बका रूपमा उभ्याएका छन् । नेपाल राज्य निर्माणको इतिहासलाई केलाउने हो भने तामाङ समुदायको योगदान उच्च पाइन्छ । तथापि, राज्यसत्ताको असमान नीतिका कारण तामाङहरू अनागरिक, सीमान्त समुदायका रूपमा बाँच्न बाध्य भयो । पिछडा वर्ग, जनजाति, मतुवाली, मुर्मी, भोटे (भोटिया) हुँदै मासिन्याजस्ता भाष्यहरू तामाङमाथि थोपरियो । यसको मुख्य कारण राजधानीवरपर तामाङ जातिको घना बसोवास भएकाले कुनै पनि समय उनीहरूले याम्बु घेराउ गरेर शासनको केन्द्रमा दुःख दिन सक्ने सम्भावनाले उनीहरूलाई दमन र उत्पीडनमा पारेरै तह लगाउन राज्य औपचारिक रूपमै उनीहरूविरुद्ध मासिन्या जाति भनेर लागेको देखिन्छ ।

अफ्रिका र अमेरिकामा रहेको रंगभेददेखि दास प्रथासम्मका घटनाहरू बुझ्न जरुरी हुन्छ । सन् १९४८ को दशकसम्म अफ्रिकी र अमेरिकी देशमा अश्वेत समुदायलाई रंगभेदको आधारमा बेचबिखन गर्ने, दास बनाउने प्रथा थियो । अश्वेत समुदायलाई सामाजिक, धार्मिक, राजनीतिक,आर्थिक उत्पीडनमा पारिएको थियो । अमानवीय भेदभावको व्यवहार गरिन्थ्यो । उनीहरूलाई लेखपढ गर्न, आवाजलाई खुलमखुला राख्न नपाइने तथा सामान्य मानवीय गतिविधिसमेत गर्न मनाहीजस्तै थियो । यही विभेदबाट अश्वेत समुदायले सामूहिक भेला भएर च्याप गीत गाउने, आपसमा दुःखहरू साटासाट गर्न सामूहिक हिप्पी नृत्य गर्ने आफ्नो मनका भावनाहरू अभिव्यक्त गर्न थाले । अश्वेत जातिका मानिसमाथि छालाको रंगकै









एक्लो यात्रामा निस्किँदा जोखिम वहन गर्ने अठोट आवश्यक पर्छ । साना गल्तीले पनि क्षति निम्त्याउन सक्छ । कतै केही भइहाल्यो भने सम्हाल्ने कोही हुँदैन । बाटोमा हिँड्ने अपरिचितबाट पर्याप्त सहयोग नपाइन सक्छ ।

हुनु त जरुरी नै भयो । स्थानीयको सुविधा र व्यापारिक प्रयोजनका लागि सडक विस्तार गरेर ट्रेकिङ ट्रेललाई जोगाउन सकिने भए पनि हामीकहाँ सडकबाटो पुगेपछि ट्रेल मासिएका उदाहरण प्रशस्तै छन् । लार्के रुटकै धेरै ठाउँमा यस्तो देखिन्छ ।

सडक बाटो र सवारीसाधन नगुड्ने भएकाले रुटभरि खच्चड र मानिसहरूको बाक्लो आवतजावत देखिन्छ । हेलिकोप्टरको ढुवानी भाडा महँगो हुने भएपछि एक मात्र विकल्प रहेको खच्चडबाटै खाद्यान्नलगायत आवश्यकीय वस्तुको ढुवानी हुँदै आएका छन् । खच्चड र मानिसको आवतजावतले रुट जीवन्त लाग्छ ।

रुटभरि अनगिन्ती झोलुंगे पुल देख्न सकिन्छ । नागबेली भएर बगेको बुढीगण्डकीको कहिले वारि र कहिले पारि भएर यात्रा गर्नुपर्छ । पहरा र चट्टानी भिर आएपछि पुलबाट अर्को भित्ताको गोरेटोतर्फ जानुपर्छ । यसले गर्दा धेरै पुल वारि-पारि गर्नुपर्छ ।

उचाइको कठिनता

तल्लो भूगोलमा जस्तो सहजता हुन्छ, उचाइ बढ्दै जाँदा कठिन थपिँदै जान्छ । अक्सिजन पातलो हुँदै जाँदा हिँडाइमै थकाइ लाग्ने र श्वासप्रश्वास असहज हुँदै जान्छ । लार्के उच्च बिन्दु भएकाले स्वाभाविक गाह्रो हुने नै भयो । स्याला पुग्दा मनास्लुलगायत हिमाल आँखेअघि छ्यांग देखिँदा मन आनन्दित हुन्छ । त्यसपछि आउने सामागाउँसम्मको बजार सुन्दर लाग्छ । सामागाउँबाट मनास्लु बेसक्याम्प र लार्के जाने बाटो छुट्टिन्छ । यहाँबाट साम्दोसम्मको यात्रा अझै सुन्दर लाग्छ ।

लगभग साम्दोकै उचाइको लार्के बजारबाट धर्मशाला पुग्न करिब ६ सय मिटर उचाइ चढ्नुपर्छ । चार हजार ४६० मिटर उचाइमा रहेको धर्मशालापछि लार्केको चुचुरो पुगिन्छ । लार्के चढ्नु अघिल्लो रात धर्मशालामा बास बसिन्छ । यो ठाउँभन्दा माथि होटेल-लज छैनन् । सामागाउँ, साम्दो कटेर धर्मशाला र त्यसभन्दा माथिको यात्रा उचाइका कारण कठिन छ । यसबीचको बाटोमा पर्याप्त सहजता अपनाउनु आवश्यक हुन्छ । यात्रामा एक्लो रहेको र हिँडाइको तीव्रताले माथि असहज हुन सक्ने अनुमान गरेर प्राणायामको अभ्यासबाट श्वास सहज बनाउँदै उचाइमा अभ्यस्त गराउँदै अघि बढ्नै ।

उस्तै सुन्दर मनाङ क्षेत्र

लार्केपास समुद्र सतहबाट पाँच हजार १०६ मिटर उचाइमा छ । चर्को हावा र चिसोले यहाँ धेरै बस्न सकिँदैन । यहाँ बिहान गीत-आठ बजेतिर पुग्नु राम्रो हुन्छ । त्यसपछि हावाको वेग बढ्छ । त्यसैले धर्मशालाबाट बिहान साढे ३ देखि ५ बजेभित्र हिँडिसक्नुपर्छ । उचाइमा रहेको लार्के पास गरेपछि मनाङ सुरु हुन्छ । लार्केसम्म उकालो चढेको मान्छे अब ठाडो ओरालो झर्नुपर्छ । भीमथाङ नपुग्दासम्म ठाडो ओरालोले घुँडा दुख्न थाल्छ । लार्के पास गरेर फर्किनेहरू सामान्यतया एक दिन यहीं बस्छन् । यहाँ व्यवस्थित होटेल-लजहरू भेटिन्छन् । भीमथाङको उचाइ तीन हजार ७०० मिटर छ ।

भीमथाङ कटेपछि अन्नपूर्ण संरक्षण क्षेत्र सुरु हुन्छ । मनाङको यो पाटो झन् सुन्दर लाग्छ । हिमालको दृश्यसँगै खोलाको छङ्छङ आवाज र जंगलको सुन्दरताले मनै लोभ्याउँछ । यसपछि गोवासम्म झर्दाका दृश्य मनमोहक लाग्छन् । यहाँबाट भने प्रायः सडकबाटो हिँड्नुपर्छ ।

एक्लो यात्राको मजा

एक्लो यात्रालाई अक्सर मानिसहरू नीरस, जोखिमपूर्ण, मूर्खतालगायत रूपमा व्याख्या गर्छन् । तर, मलाई भने त्यसो लाग्दैन । बरु, एक्लो यात्रा बढी आनन्ददायक लाग्छ । यो आनन्द लार्केयात्रामा अझ मजाले महसुस गर्ने । तितरबितर नभई, नबोली, शान्त तरिकाले आफ्नो गन्तव्य योजनामा केन्द्रित भएर प्राकृतिक छटामा डुबेर हिँड्नुको मजा छुट्टै हुन्छ । एक्लो यात्राको सुन्दर पक्ष भनेको तपाईं आफूसँग हुनुहुन्छ । अन्तर्मुख हुने अवसर हुन्छ । यो भनेको बडो आनन्ददायक लाग्छ ।

नेपालको लामोमध्येको मानिने लार्के ट्रेल मैले जम्मा ६ दिनमा पूरा गर्ने । जबकि यो पर्यटकका लागि सामान्यतया १२ दिनको योजना हो । म एक्लो हुनाले पनि सम्भव भयो । यात्रामा म अधिक हिँडेँ । सामान्तया बिहान ५ बजे उठी आधा घन्टा तयारी गरेर म यात्रामा निस्किन्थेँ । यो यात्रा साँझ आँखा देख्दासम्म जारी रह्यो । धर्मशाला पुगेपछि गन्तव्य चुम्ने दिन बिहान ४ बजे उठेर लार्के पास गरेर त्यही दिन साँझ ६ बजे मनाङको धारापानी झरेको सम्झँदा अहिले आफैँलाई असम्भव जस्तो लाग्छ । त्यस दिन म धर्मशालाको चार हजार ४६० मिटरबाट लार्केको पाँच हजार १०६ मिटर चुमेर धारापानीको एक हजार ९०० मिटरको उचाइमा झरेको थिएँ ।

एक्लो यात्रामा निस्किँदा जोखिम वहन गर्ने अठोट आवश्यक पर्छ । साना गल्तीले पनि क्षति निम्त्याउन सक्छ । कतै केही भइहाल्यो भने सम्हाल्ने कोही हुँदैन । बाटोमा हिँड्ने अपरिचितबाट पर्याप्त सहयोग नपाइन सक्छ । तर, एक्लो यात्रामा रहेको भनेपछि कतिपयले यसलाई साहसिक काम भएको प्रतिक्रिया दिए भने स्थानीयले सदासयता व्यक्त गरे ।



आधारमा विभेद गर्ने परम्पराबाट नै च्याप संगीतको इतिहास 'स्टोरीटेलिङ' (कथा भन्ने शैली)सँग जोडिएर हिप्पी आन्दोलनको सुरुवात भएको मानिन्छ । यो नै जरा चिन्तनको सुरुवाती आन्दोलन मानिन्छ ।

नेपालमा पनि राज्यले बहुसंख्यामा रहेका आदिवासी

विश्व परिदृश्यबाट मानवता, प्रेम हराइरहेका वेला हाम्रो मानवताको बाटो विसंगतिवादतिर होइन, मानवताको पक्षमा उभिनुपर्छ भन्ने आह्वान कविताहरूमा पाइन्छ । हाम्रो आफ्नै आँगन बाटोहरू विभाजित भएकोमा कवि चिन्ता व्यक्त गर्छन् ।

तामाङ समुदायलाई त्यस्तै चरम भेदभाव गऱ्यो । सामाजिक, धार्मिक, राजनीतिक,आर्थिक साथै प्रशासनिक रूपमा समेत पिपा दर्ज गरेर विभेद गरेको पाइन्छ । त्यसको फलस्वरूप आफ्ना मनोभावलाई साटासाट गर्न एकै स्थानमा भेला भएर डम्फु बजाउने, सेलो नाच्ने र गाउने गर्थे । कालान्तरमा यो सांस्कृतिक आन्दोलन बन्यो । यसको प्रारूप नेपालको जनक्रान्तिसँगै व्यापक आकार लियो । यसै आन्दोलनको 'टर्मिनेसन'बाट जन्मिए विचारहरू अनि कविताका हरफहरू लेख्ने कविहरू जन्मिए । राज्यको दमनचक्रप्रतिको नांगो चमचमाउँदो रिन्छेन दोर्जेको तरबार हो-'मासिन्या', 'ओ पेङ्दोर्जे !' 'याम्बुनेर', 'डम्फुको आत्मलाप' र 'अन्तिम सेलो'हरू ।

योन्जनको 'अन्तिम सेलो' पढिरहँदा अन्तिम शब्द समयसूचक अन्त्यको सूचना र सेलो सांस्कृतिक क्रान्तिको उपार्जन हो भन्ने महसुस हुन्छ । 'अन्तिम सेलो' इतिहासको नयाँ चरण र समयको 'टर्मिनेसन' हो भन्ने लाग्छ । जस्तै-एउटा कवितांशः

फूलहरू बगिरहेका छन्
निर्बाध !
घाम साक्षी छ । (साक्षी-६१)

कविले फूललाई मानव बिम्बका रूपमा उभ्याएका छन् । त्यसैले फूलहरू बग्नु, हत्या हुनु न्यायोचित हुँदै होइन । घाम सर्वव्यापी न्यायको प्रतीक हो, तर घाम असमानताको साक्षी बसेको देख्छन् । अतः हामीले ओढेको आकाश विभाजित छ, जब आकाशहरू विभाजित बन्छन्, बादलले अनेकानेक आकृति लिन्छ । घनघोर वर्षा हुन्छ, सिंगो प्रकृतिले विद्रोह गर्छ । डम्फु जोडतोडले बज्न थाल्छ । यही भन्छ कविताका हरफहरू :

मेरो घरको आँगनबाट
सुरु भएको बाटो
यसरी विभाजित छ । (बाटो-८०)

पृथ्वीमा कोरिएका अक्षांश र देशान्तर रेखाहरू 'ग्रिनिज'लाई केन्द्र बनाएर घुम्छन्, तर मानव आफ्नो मस्तिष्कको चेतनालाई । अतः आफ्नै पैताला शून्य ठान्छन् । यात्रा त्यहींबाट सुरु मान्छन्, तर जब त्यही घरको दिवार, आँगनको शून्य बिन्दुबाट हाम्रो मीमांसाहरू विभक्त हुन्छन्, अनि अतिवाद जन्मन्छन् । यस्तै दादावाद, नाजीवाद-हमास र इजरायल युद्ध मानव नरसंहारका प्रतीक हुन् । विश्व परिदृश्यबाट मानवता, प्रेम हराइरहेका वेला हाम्रो मानवताको बाटो विसंगतिवादतिर होइन, मानवताको पक्षमा उभिनुपर्छ भन्ने आह्वान कवितामा पाइन्छ । हाम्रो आफ्नै आँगन बाटोहरू विभाजित भएकोमा कवि चिन्ता व्यक्त गर्छन् ।

टोटालो फुल्ने भूमि
माने र छ्योर्तेन सँगसँगै
यो लिम्बुवानी धर्तीबाट
साँचो कुरा बुझिरहेको छु
काइसोरेका आत्माहरू
सल्बलाइरहेको देखेको छु
युमा रानीहरू अदृश्य रिसाइरहेको देखेको छु
सुम्निमा र पारुहाङ छटपटाइरहेको देखेको छु ।
(बुख्याचा-४४)

वर्तमान विश्व पहिचान युद्धको मुख्य राजमार्गमा हिँडिरहेको अवस्था छ । कवि आफू तामाङ भएकाले उनी ताम्सालिङको कुरा गर्छन्, तर भूगोल र सभ्यताप्रति सचेत छन् । कवि आफ्नो अस्तित्वको कुरा उठाइरहँदा सह-अस्तित्वप्रति पनि त्यत्तिकै सजग देखिन्छन् । कविको युगबोधको चेत कवितामा देख्न सकिन्छ ।

अर्ल्बट कामू भन्छन्, 'कवि ईश्वरको दूत हो ।' अतः मनुष्यको आस्था र विश्वासमाथि सामाजिक उत्तरदायित्व, मूल्य-मान्यताउपर बोधगम्य संश्लेषण कवि हो । कतिपय ठाउँमा फितलो विषय उठान भएको पाइन्छ । समयसित भोगाइको जीजीविषा कविताको प्लट हो । कविता वर्णनात्मक शैलीका छन् । सरल र सुललित शब्दहरूको समायोजन नै कवि र कविताको उचाइ, गहनता मापनको कोर पक्ष हो ।

योन्जनको 'अन्तिम सेलो' संग्रहभित्र वर्तमान युगको आवाज मुखरित छ । कृति दुई खण्डमा विभाजित छ । सामाजिक विकृति-विसंगति, राजनीतिक परिवेशप्रति कतै व्यंग्य छन् त कतै जागरणका जर्बजस्त पक्ष छन् । कविले भावमा जोड दिएर शब्द खेलमा कञ्जुस्याइँ गरेको ठम्याउन सकिन्छ । समग्रमा पठनीय बनेको छ 'अन्तिम सेलो' । कविलाई आगामी लेखनयात्राका लागि शुभकामना ! नोगेन ।

अमेरिकामा 'नेपाली राष्ट्रियता'को साक्षी बनेर फर्कंदा





बाबुकृष्ण कार्की

संस्मरण

राष्ट्रियताबारे नेपालमा विभिन्न कोणबाट बहस हुने गरेको छ । चार किल्लाभित्र बाँधिएको जमिनलाई राष्ट्रियता मानेर संसारभर अनेक युद्ध भएका छन् । भौगोलिक हिसाबले सानो भए पनि ठूला छिमेकीको सीमा मिचाइको मार हामीले पनि खेपेका छौं । त्यसैले नेपालीका नजरमा आफ्नो सीमारक्षा सबैभन्दा ठूलो राष्ट्रियता हो (तत्कालका लागि) । सीमारक्षा गर्न नसके पनि चुच्चे नक्सा प्रकाशन गर्दासमेत हामी राष्ट्रिय भावनाले ओतप्रोत भएकै हौं । तर, राष्ट्रियता चार किल्लाभित्र मात्र सीमित हुँदैन, हुनुहुँदैन । यो त राष्ट्र, यसको भाषा, जाति र समुदायप्रतिको माया, सम्मान, समर्पणको भावना पनि हो, चाहे त्यो विश्वको जुनसुकै कुनामा बसेको वा बस्नु परेको होस् । राष्ट्रियता अब कसैको नारा बन्नु हुन्न । यो मातृ पितृभूमिप्रतिको अगाध प्रेम हो, संसारको जुन कुनामा बसेर गरेको भए पनि । अमेरिकाको हालैको मेरो निजी भ्रमणले पनि मलाई यही अनुभूत गराएको छ ।

म केही हप्ताअघि नेपालबाट अमेरिकाको भ्रमणको सिलसिलामा निस्किएको थिएँ । मेरो लागि सुखद संयोग नै मान्नुपर्छ न्युयोर्कको रचेस्टरमा हजारौँहजार नेपाली मूलका विभिन्न जेनेरेसनका खेलाडीहरूबीचको ठूलो प्रतिस्पर्धा देख्ने अवसर मिल्यो । नेपालमै प्रसिद्ध भएका भलिबल र फुटबल (अमेरिकामा यसलाई सकर भनिदोरहेछ) को प्रतिस्पर्धा त्यो पनि अमेरिका र क्यानडामा बस्ने नेपाली-नेपालीबीचको । रचेस्टरका ठूला दुई खेल मैदानहरू भाडामा लिइएको रहेछ । सेप्टेम्बरको तेस्रो साता भएका यी दुवै खेलमा झन्डै एक हजारको संख्यामा त नेपाली खेलाडी नै उत्रिएका थिए । उनीहरूको समर्थनमा अमेरिकाको न्युयोर्क र आसपासबाट जम्मा भएका नेपाली जातिका किशोर-किशोरीदेखि अधबैंसेसम्मका महिला पुरुषहरूको भिड साँच्चै नै लोभलाग्दो थियो- नेपालभन्दा हजारौँहजार कोस पर ।

नेपालबाट पुगेको मजस्तै थाइल्यान्ड, बर्मा, मलेसिया, युरोप र अस्ट्रेलियाबाट अमेरिका घुम्न गएका नेपालीहरू पनि दर्शकका रूपमा त्यहाँ भेटिएका थिए । ढाका टोपीमा सजिएका मानिसहरू सात समुद्रपारिको त्यो भूमिमा ठूलो संख्यामा देख्दा म आनन्दित त थिएँ नै, खेलको प्रतिस्पर्धाले नेपालको राष्ट्रिय खेलभन्दा पनि चर्को प्रतिस्पर्धाको रूप लिएको देख्दा संसारको जुन कुनामा पुगे पनि नेपालीले आफ्ना मन परेका खेल उत्तिकै मिहिनेतपूर्वक खेल्ने रहेछन् भन्ने पनि लाग्यो । म आफैँ पनि कुनै वेला भलिबलको नेपालको अञ्चलस्तरीय खेल खेलेको खेलाडी हुँ, मलाई उनीहरूको खेल निकै उत्कृष्ट र अब्बल लाग्यो ।

महिला र पुरुष दुवैका लागि भलिबल र फुटबल आयोजित रहेछ । त्यसमा पनि ४० वर्ष नाघेका भेट्टानहरूका लागि छुट्टै खेल आयोजना गरिएको थियो । खेल मैदानमा तीनथरी नेपाली पुस्ता देखियो । अमेरिकामा पहिलोपल्ट आफू पुगेको पुस्ता, तिनका सन्तानहरूको युवा पुस्ता र उनीहरूका पनि सन्ततिहरूको पुस्ता । यी तिनै पुस्ता खेलाडीका रूपमा आएका थिए- भेट्टान र युवातर्फका खेलका लागि । तीनवटै पुस्ताका खेलाडीसँग कुरा गर्ने अवसर पनि मिल्यो मलाई । पहिलो पुस्ताले दोस्रो र दोस्रोले तेस्रोलाई नेपाली जातिको खेल भावना र खेल अनुशासन सिकाइरहेको पाएँ ।

> सात समुद्रपारिको त्यो भूमिमा हजारौँका बीच नेपाली खेल भावनाको आदानप्रदान मात्र होइन, नेपाली भाषा र संस्कृतिको व्यापकता पनि कम रोचक र भावविभोर बनाउने खालको थिएन ।

सात समुद्रपारिको त्यो भूमिमा हजारौँका बीच नेपाली खेल भावनाको आदानप्रदान मात्र होइन, नेपाली भाषा र संस्कृतिको व्यापकता पनि कम रोचक र भावविभोर बनाउने खालको थिएन । मैदानमा सबैलाई नेपाली भाषा मात्र बोल्न उत्प्रेरित र निर्देशित गरिएको थियो भने दुवै खेलका मुख्य रेफ्री पनि अन्तर्राष्ट्रिय मान्यता पाइसकेका नेपाली मूलकै व्यक्तिहरू थिए ।

खेलको उद्घाटन गर्दै आयोजक संस्था इन्ट्रा-नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाका अध्यक्ष डिल्ली अधिकारीले प्रवासमा पनि नेपालीपन जगाउन र नेपाली खेल भावनाको विकास गर्न इन्ट्रा कप भलिबल तथा फुटबल आयोजना गरिएको बताएका थिए । प्रवासमा जन्मिएको, हुर्किएको नेपाली जातिका पुस्तालाई खेलकै माध्यमबाट एकजुट बनाउने भावना आफैँमा अनुपम थियो । अमेरिकाको पश्चिम दक्षिणको क्यालिफोर्निया, उत्तरपूर्वको न्युयोर्क, मेरिल्यान्ड, पेन्सिलभेनिया, ओहायो र दक्षिणकै टेक्ससहितका १४ राज्यबाट एक हजारको हाराहारीमा नेपाली खेलाडीहरू त्यहाँ भेला भएका थिए ।

म उसै पनि इन्ट्रा फाउन्डेसनसँग नेपालमै केही प्रभावित थिएँ । संसारभरिका नेपाली प्रतिभाहरूलाई नेपाल ल्याएर उनीहरूबीच प्रतिस्पर्धा गराएर विश्व रंगमञ्चमा नेपाली सेलिब्रेटीहरू जन्माउनका लागि मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्सजस्ता ठूला कार्यक्रम नेपालमै हालै मात्र सम्पन्न भएका थिए । संसारका नेपाली प्रतिभा बटुलेर महिनौँ नेपालमा राखी उनीहरूबीच प्रतिस्पर्धा गराएर विजेता छान्ने काम गर्नु चानचुने कुरा थिएन । त्यसमा लाग्ने खर्च, समय र व्यवस्थापनको कौशल चुनौतीपूर्ण थियो नै । यी दुईको ग्रान्ड फिनालेमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल, सभामुख देवराज घिमिरे, भारतको सिक्किम राज्यका कृषिमन्त्रीसमेतले संसारभरका नेपाली जातिलाई संस्कृतिका माध्यमबाट जोड्ने काम गरेको भन्दै प्रशंसा गरेको सुनेको थिएँ ।

अमेरिकामा खेलको माध्यमबाट नेपालीपन र नेपाली मन जोड्ने अर्को विशाल काम गरेको देख्न पाउनु हर्ष र गौरव दुवैको विषय थियो । सँगसँगै अर्को कुराले पनि भित्री मन नराम्रोसँग चिमोटिएको थियो मेरो । मुलुकमा जस्तोसुकै गरिबी भए पनि देशभित्र धनाढ्यहरूको कमी छैन । संसारका खर्बपति नवधनाढ्यहरूको सूचीमा हाम्रै देशका व्यापारीहरूको नाम पनि चढेको सुनेको र पढेका छौं हामीले । तर, तिनले नेपाली संस्कृति, नेपालीपन र नेपाली मन जोड्ने काम गरेको भने विरलै सुनिएको छ, अर्थात् सुनिएको छैन ।

भुटानमा जन्मिएका अधिकारी र उनको समूह नेपालमा १७ वर्ष शरणार्थी शिविरमा 'अनागरिक'को पीडादायी जीवन बिताएर पनि नेपाली तन र मन बोकेर तेस्रो मुलुक पुनर्वास कार्यक्रमअन्तर्गत अमेरिका पुगेका रहेछन् । तिनै अधिकारीको सपना र कल्पनामा संसारभरका नेपाली जाति जोड्ने अभियान चलेको देख्न पाउनु र हामीले ठानेका, मानेका एवं नेपालमै जन्मिएका अर्ब-खर्बपतिहरू मुकदर्शक भएर बसेको देख्नु आफैंमा आश्चर्य र कौतुहलताको विषय थियो ।

भावनाको जोडाइ कस्तो पनि देखियो भने नेपालको भलिबल खेलमा चारजना पूर्वराष्ट्रिय खेलाडीहरू रोमन श्रेष्ठ, कैलाश भट्ट, सिपोरा गुरुङ र रमिला तन्डुकार पनि खेलाडीकै रूपमा टिमको नेतृत्व गर्दै रचेस्टर पुगेका थिए ।

अझ रोचक त के पनि देखेँ भने अमेरिकामा नै जन्मेका नेपाली जातिका ससाना बालबालिका र किशोर-किशोरीहरूले "पश्चिम कोही पूर्व घर, आँगन तर एउटै हो" भन्ने गीतमा नेपाली विविधता झल्काने पोसाक लगाएर सुन्दर नृत्य पनि खेल मैदानमै देखाएका थिए । खेलको बीचमा खेलाडी र दर्शकहरूलाई मनोरञ्जन दिनका लागि आयोजकले स्कुले बालबालिकालाई नेपाली वेशभूषा र नेपाली राष्ट्रिय भावको गीतमा नचाएका रहेछन् । अमेरिकाका विभिन्न राज्य र क्यानडासमेतलाई खेलले जोडेको दृश्यसँगै नेपाली राष्ट्रियता झल्काने गीतमा देखेको त्यो नृत्यले कोशौँ टाढाको देशमा पनि नेपाली राष्ट्रियता टल्किरहेको, चम्किरहेको गर्विलो अनुभूति भयो ।

पंक्तिकारलाई हाम्रो राष्ट्रियतालाई संसारभरि उजिल्याउने, चम्काउने नेपालीजातिका सच्चा सपुत र भक्तहरू संसारभर छरिएर रहेका रहेछन् भन्ने भावना जागृत भयो ।

वास्तवमा अमेरिकाका धेरैमध्येका केही राष्ट्रिय निकुञ्जहरू घुमुँ र वन्यजन्तु एवं प्रकृति संरक्षणको मोडेल एवं तौरतरिका अध्ययन गरुँ भनेर नेपालबाट निस्किएको म अमेरिकामा चम्किरहेको नेपाली जातिको सक्कली राष्ट्रियता प्रत्यक्ष अनुभूत गरेर मातृभूमि फर्किएँ । आखिरमा राष्ट्रियता आफ्नो गौरवमय इतिहासको पहिचान, भाषा, साहित्य संस्कृतिको रक्षा कल्याण, सम्मान र पुस्तान्तरण पनि रहेछ । सक्कली राष्ट्रियतालाई सीमाले नछेक्ने रहेछ र यो देशभित्रभन्दा बाहिर बसेको नेपाली जातिमा झन् धेरैधेरै रहेछ । र, गहिरोसँग मनमुटु मस्तिष्कमा गढेर बसेको रहेछ ।

नेपाली राष्ट्रियताका ती सच्चा रक्षकहरू सबैप्रति सम्मान र सलाम ।

(कार्की नेपाल आर्मीका अवकाश प्राप्त सहायक रथी हुन् ।)

सात महिनामा पनि लुम्बिनी सरकारले पाएन पूर्णता

बुटवलमा **विष्णु घिमिरे**

लुम्बिनीका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सात महिना बितिसक्दा पनि मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन् । काग्रेसभित्रको आन्तरिक द्वन्द्व र गठबन्धनबीचको असहमतिका कारण मन्त्रिपरिषद् विस्तारमा समस्या देखिएको हो । गत १४ वैशाखमा मुख्यमन्त्रीमा नियुक्त भएका चौधरीले त्यसको भोलिपल्ट शपथग्रहणलगत्तै सानो आकारको मन्त्रिपरिषद् गठन गरेका थिए ।

मुख्यमन्त्री चौधरीले १५ वैशाखमा तीनजनालाई विनाविभागीय मन्त्री नियुक्त गरेका थिए । त्यसयता उनले विनाविभागीय मन्त्रीहरूलाई जिम्मेवारी तोक्ने र ८ जेठमा थप तीनजनालाई मन्त्री नियुक्त गरे पनि मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन् । उनले काग्रेसका राजु खनाल स्वास्थ्य, जसपाका भण्डारीलाल अहिर कृषि तथा भूमि व्यवस्था र जनमत पार्टीका चन्द्रकेश गुप्तालाई सामाजिक विकासमन्त्री बनाएका थिए । त्यसअघि विनाविभागीय मन्त्रीको हैसियतमा रहेका लोसपाका सन्तोषकुमार पाण्डेलाई आन्तरिक मामिला, कानुन तथा सहकारी (हाल गृह मन्त्रालय) र नागरिक उन्मुक्ति पार्टीका धर्मबहादुर चौधरीलाई भौतिक पूर्वाधार मन्त्रालयको जिम्मेवारी पनि सोही दिन तोकिएको थियो । १५ वैशाखमा विनाविभागीय मन्त्री नियुक्त भएका माओवादीका धनबहादुर मास्कीलाई १ जेठमा आर्थिक मामिला (हाल अर्थ) मन्त्रालयको जिम्मेवारी दिइएको थियो । चौधरीले खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय आफैँसँग राखेका छन् ।

सरकार गठन हुँदा तीनवटा मन्त्रालय लिने सहमति भएको भन्दै थप दुईजना मन्त्री पाउनुपर्ने अडानमा माओवादी छ । माओवादीले संसदीय दल र पार्टीबाट निर्णय गराएर मन्त्रीका लागि बाँकेकी कृष्णा केसी र रोल्पाका दीपेन्द्र पुनको नाम मुख्यमन्त्रीलाई दिइसकेको छ । पुनको नाममा काग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनको असहमति रहँदै आएको छ । गत प्रदेश सभा निर्वाचनमा अमरसँग दीपेन्द्र स्वतन्त्र रूपमा भिडेका थिए । गठबन्धनका उम्मेदवार अमरसिंहलाई पराजित गर्ने दीपेन्द्रलाई मन्त्री बनाउन नहुने अडानमा काग्रेस छ । गठबन्धनको निर्णयविपरीत भिडेकालाई पुरस्कृत गर्न नहुने मत काग्रेसमा बलियो छ ।

'सुरुदेखि नै यस विषयमा मुख्यमन्त्री तथा माओवादी पक्षसँग कुरा राख्दै आएको छु । गठबन्धनको मर्मअनुसार अगाडि बढ्ने हो भने अहिले पुरस्कृत गर्नु जरुरी छैन । गठबन्धनलाई धोका हुने गरी काम हुनुहुँदैन,' उनले भने । तर, माओवादी चुनावमा के भयो भनेर अहिले टिप्पणी गर्न नहुने, गठबन्धनको सरकार भएकाले गठबन्धनमा सामेल दलले सिफारिस गरेको व्यक्तिलाई मन्त्री नियुक्त गर्नुपर्ने अडानमा छ ।

काग्रेस मन्त्रालयको संख्या थप नगरी मन्त्रिपरिषद्लाई पूर्णता दिनुपर्ने पक्षमा छ । त्यसका लागि अब माओवादीले थप एक मन्त्रालय मात्र लिनुपर्ने अडान काग्रेसको छ । काग्रेस प्रमुख सचेतक जन्मजय तिमल्सिना सुरुमा सहमति गर्दा माओवादीले तीन र काग्रेसले मुख्यमन्त्रीसहित पाँच मन्त्रालय लिने भनिएकोमा हाल मन्त्रालय थप नगर्दा भनेअनुसार मन्त्रालय बाँडफाँट गर्न नसकिएको बताउँछन् । सुरुमा १२ वटासम्म मन्त्रालय बनाउने भनिए पनि काग्रेस प्रदेश कार्यसमिति यसमा तयार नभएकाले मन्त्रालय बढाउन नसकिएको उनको भनाइ छ । एकातिर मन्त्रालय बढाउन सम्भव नहुनु र अर्कोतर्फ सभापति पुनले आफूसँग चुनाव लडेकालाई मन्त्री बनाउन नहुने अडान राखेपछि मुख्यमन्त्री चौधरी चेपुवामा परेका छन् ।

माओवादीको मन्त्रालय बढाउनुपर्ने अडान र काग्रेस प्रदेश सभापति पुनको दीपेन्द्रलाई मन्त्री बनाउन नहुने अडान कायम रहेकै अवस्थामा सोमबार दुई दलका नेताहरूबीच छलफल भएको थियो । माओवादी उपमहासचिव वर्षमान पुनको विशेष उपस्थितिमा काग्रेसका प्रदेश सभापति पुन, मुख्यमन्त्री चौधरी, माओवादी नेतृ ओनसरी घर्ती तथा माओवादी लुम्बिनीका संसदीय दलका नेता जोखबहादुर महराबीच छलफल भए पनि निष्कर्षमा पुग सकेन । काग्रेस प्रदेश सभापति पुनले माओवादी नेता वर्षमानसमक्ष आफ्ना अडान स्पष्ट रूपमा राखेका थिए । 'गठबन्धनविपरीत स्वतन्त्र चुनाव लडेकालाई पुरस्कृत गर्ने गरी काग्रेस नेतृत्वको सरकारमा सहभागी गराउन हुँदैन, गराउने नै भए माओवादी नेतृत्वको सरकार गठन हुँदा गराए हुन्छ । मन्त्रालय थप्ने कुरामा पनि हाम्रो असहमति छ,' पुनले भने ।

माओवादीका प्रमुख सचेतक इन्द्रजित थारू मन्त्रीमा पठाउने पात्रबारे काग्रेसले टिप्पणी गर्न नमिल्ने बताउँछन् । उनी माओवादीले पठाएका व्यक्तिलाई मन्त्रीमा नियुक्त गर्नुपर्ने र पूर्वसहमतिअनुरूप दुईवटा मन्त्रालय दिनुपर्ने बताउँछन् । काग्रेस प्रदेश सभापति पुन भने प्रदेशलाई आर्थिक भार थपिने गरी मन्त्रालय थप गर्न नहुने र माओवादीले अब थप एक मन्त्रालय मात्र लिनुपर्ने बताउँछन् । पूर्वसहमतिअनुरूप काग्रेस अगाडि नबढे माओवादीले काग्रेसको सरकारलाई समर्थन जारी राख्दै बाहिर बस्न सक्नेसमेत थारूले बताए । अब काग्रेस सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच भएको सहमतिअनुसार नै अगाडि बढ्ने उनको भनाइ छ । पूर्वसहमतिअनुसार आधा कार्यकालका लागि पछि माओवादी नेतृत्वको सरकार बन्दा माओवादीका मन्त्री रहने र काग्रेसले समर्थन गर्नुपर्ने प्रस्ताव राखिएको उनले बताए ।

भागबन्डा मिलाएर मन्त्रिपरिषद्लाई पूर्णता दिन मन्त्रालयको संख्या बढाउने भन्ने विषय छलफलमै छ । काग्रेस प्रदेश समितिले मन्त्रालय नबढाउन दिएको निर्देशन तथा प्रदेश संरचनामा धेरै खर्च भएको भन्दै आलोचना बढिरहेको अवस्थामा मन्त्रालय बढाउने निर्णय सरकारले अझै गरिसकेको छैन । लुम्बिनीमा हाल काग्रेसबाट मुख्यमन्त्रीसहित दुईजना मन्त्री छन् । संविधानअनुसार लुम्बिनीमा १७ जनासम्म मन्त्री नियुक्त गर्न सकिन्छ । विगतमा माओवादीका कुलप्रसाद केसी मुख्यमन्त्री हुँदा १७ सदस्यीय मन्त्रिपरिषद् बनाइएको थियो । माओवादीका प्रमुख सचेतक इन्द्रजित थारू पूर्वसहमतिअनुरूप थप दुईवटा मन्त्रालय माओवादीले पाउनुपर्ने भन्दै यसका लागि मन्त्रालय थप गर्नुपर्ने अवस्था आए त्यसमा माओवादीको आपत्ति नरहने बताउँछन् । 'पूर्वसहमति कार्यान्वयन गर्ने मुख्यमन्त्रीको दायित्व हो, यसका लागि के कसरी हुन्छ, मुख्यमन्त्रीले मिलाउनुपर्छ,' उनले भने ।

लुम्बिनी प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य (सांसद)हरूले गत १७ पुसमा शपथ लिएका थिए । प्रदेश सभाको पहिलो अधिवेशन गत १८ पुसमा सुरु भएको हो । ३ माघमा सभामुख तथा उपसभामुख चयन भएका थिए ।

नेशनल डेन्टल हस्पिटल लिमिटेडको
हकप्रद शेयर जारी गर्ने सूचना
(प्रकाशित मितिः २०८०/०८/०९ गते)

यस नेशनल डेन्टल हस्पिटल लि. को मिति २०८०/०६/१३ गते सम्पन्न भएको साधारण सभाले तत्काल कायम रहेका शेयरधनीहरुले मात्र खरिद गर्न पाउने गरि यस कम्पनीको जम्मा २,९०,४०० थान शेयरको १०० प्रतिशतको अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय गरे बमोजिम, मिति २०८०/०६/२९ गते बसेको सञ्चालक समिति बैठकले शेयर बिक्री गर्ने सूचना जारी गर्ने निर्णय गरेकोले यस कम्पनीका शेयर धनीज्यूहरुले **मिति २०८०/०८/०८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित सूचनाको मिति देखि १५ दिन (अन्तिम मिति २०८०/०८/२२) गते सम्ममा प्रति शेयर रु. १००/-(एक सय) का दरले हुन आउने रकम यस कम्पनीको एभरेष्ट बैंक, लाजिम्पाट शाखाको खाता नं. ०१४००१०५०००००९७ मा शेयर वापतको रकम जम्मा गर्नु हुन यसै सूचना बाट जानकारी गराइन्छ । अन्यथा उल्लेखित समयमा शेयर वापतको रकम जम्मा नगर्ने शेयरधनीहरुको हकमा कानुन बमोजिम भैजाने व्यहोरा समेत यसै सूचना बाट जनकारी गराइन्छ ।

कम्पनी सचिव

नेशनल डेन्टल हस्पिटल लिमिटेड
पानीपोखरी, काठमाडौं, नेपाल
फोन नं. ९७७-४००२७१४, ४००२७१५, ४००२७१६

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय भालुवाङ, दाङबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीतकर्तालाइ यसे सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीतकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीतकर्तालाई समेत कालोसूचीमा सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।


तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) **ऋणीको नामः लक्ष्मी कुमारी थापा** बाबुको नामः ओम बहादुर थापा पतिको नामः नारायण बहादुर थापा ससुराको नामः प्रेम बहादुर थापा ठेगानाः रस्पुरकोट-०५, प्युठान, हालः राप्ती-०२, दाङ ना.प्र.नं. : ४४५८०, जारी मिति : २०६१/०१/०८ जारी गर्ने कार्यालय : जि.प्र.का., प्यूठान **कर्जा शिर्षक : आवास कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : भालुवाङ, दाङ** **जमानीकर्ताको विवरणः** **क) नाम : नारायण बहादुर थापा** बाबुको नाम : प्रेम वहादुर थापा बाजेको नामः भुपाल सिंह थापा ठेगानाः रस्पुरकोट-०५, प्युठान, हालः राप्ती -०२, दाङ ना.प्र.नं.: १३७५४, जारी मितिः २०५१/०५/२३ जारी गर्ने कार्यालयः जि.प्र.का., प्युठान **ख) नाम : हेमन्ता थापा** बाबुको नाम : मुम बहादुर आचार्य पतिको नामः मिलन थापा ससुराको नाम : नारायण बहादुर थापा ठेगानाः राप्ती-०२, दाङ्ग ना.प्र.नं.: ५२-०६-७४-०१८२० जारी मितिः२०७४/०४/२९ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ	ग) **नाम : श्रीधर थापा** बाबुको नामः नारायण बहादुर थापा बाजेको नामः प्रेम बहादुर थापा ठेगानाः रस्पुरकोट -०५, प्युठान हालः राप्ती -०२, दाङ ना.प्र.नं.: ५३-०१-७२-०४६६५ जारी मितिः २०७२/०९/३० जारी गर्ने कार्यालयः जि.प्र.का., प्युठान घ) **नामः ओमवहादुर थापा** बाबुको नामः हिरासिं थापा बाजेको नामः हर्क वहादुर थापा ठेगानाः रस्पुरकोट-०२, प्युठान हालः राप्ती-०२, दाङ ना.प्र.नं. : ११९८/०४४/४५ जारी मिति : २०४५/०१/२० जारी गर्ने कार्यालय : जि.का., प्युठान ङ) **नामः तारा कुमाल** बाबुको नाम : गोविन्द बहादुर कुमाल पतिको नामः रन बहादुर कुमाल ससुराको नाम : टिका राम कुमाल ठेगानाः बेला-०४, दाङ, हालः राप्ती-०२, दाङ ना.प्र.नं. : ५२२००५/२११२ जारी मिति : २०७२/०९/२० जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ

सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय लमही, दाङमा श्री लक्ष्मी कुमारी थापाको नाममा दर्ता श्रेस्ता कायम रहेको जिल्ला दाङ, लालमटिया-०४ स्थित कित्ता नं.११६९ र ११७२ को क्षेत्रफल क्रमशः २०३.१६ र १७७.८० व.मी.रहेको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

हार्दिक श्रद्धाञ्जली

आयो टप्प टिप्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।



जन्मः
२००६ असार ४ गते

स्वर्गारोहणः
२०८० कार्तिक २८ गते

स्व. रमेशप्रसाद गिरि (काजीदाइ)

हाम्रा आदरणीय **रमेशप्रसाद गिरि**को ७५ वर्षको उमेरमा भएको असामयिक निधनको आज १२औं पूण्यतिथिमा दिवँगत आत्माको चिरशान्तिसहित बैकुण्ठवासहोस् भन्ने प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामी शोकसन्तप्त परिवारप्रति सहानुभूति राखी धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित समवेदना प्रकटगर्नुहुने सम्पूर्ण परिवारजन, हितैषी मित्रजन, छरछिमेकी एवं अन्य सबै महानुभावहरुमा हृदयदेखिकै सधन्यवाद ज्ञापन गर्दछौं ।

श्रीमती मेनुका गिरि
मध्य बानेश्वर (का.म.न.पा. ३१)

भाइ / वुहारी
रविन्द्रप्रसाद गिरि
श्रीमती विद्या गिरि
श्रीमती सुसीला गिरि (दिपा)
रविप्रसाद गिरी
श्रीमती सहारा गिरि (रीता)

छोरी / ज्वाई
श्रीमती कविता पौड्याल
रञ्जनकुमार पौड्याल
श्रीमती कञ्चन घिमिरे
करुणनाथ घिमिरे
श्रीमती गरिमा गिरि
सेनानी राजनसिंह अधिकारी

छोरा / वुहारी
शिला गिरि (सलीमा)
खगेन्द्रप्रसाद गिरि
श्रीमती लक्ष्मी गिरि (कुसुम)
गजेन्द्रप्रसाद गिरि
श्रीमती प्रीयांकारानी गिरि
डा. सगुन गिरि
श्रीमती औरा क्वेर गिरि
सार्थक गिरि
श्रीमती सरान्या रामाकृष्णनन् गिरि

नाती / नातीना
श्रीमती प्रकृती पौड्याल
दिप्तांशु गिरि
दिवश गिरि
विधानप्रसाद गिरि
सुश्री अनुशा घिमिरे
विराजप्रसाद गिरि
अधिपनाथ घिमिरे
सुश्री आरियारानी गिरि
सुश्री राजिमासिंह अधिकारी

भान्जी/भान्जीज्वाइहरु
भान्जा/भान्जी वुहारी
तथा
समस्त होधली परिवार

सेन्ट्रल फाईनान्स लिमिटेडको कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ (पैतीस) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८०/०८/०९

यस वित्तीय संस्थाका तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको विभिन्न कर्जाहरुको सांवा र ब्याजको भुक्तानी म्याद समाप्त भई लामो समय देखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत हाल सम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफुले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जना समेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नु होला भनी यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रमा पनि कर्जाको सम्पुर्ण सांवा, ब्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसील बमोजिमको चल अचल सम्पत्ति बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धीत ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुंदा समेत यस वित्तीय संस्थाको सम्पुर्ण लेना असुल उपर नभएमा तपाईले कर्जा लिदाको बखत यस वित्तीय संस्थामा गरिदिएको लिखत अनुसार तपाईको घरघरानाको चल अचल श्री सम्पत्तिबाट समेत असुल उपर गर्नका लागि आवश्यक कानुनी कारवाहीहरु अगाडि बढाउने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तपसिलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) औं दिन भित्र वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालोसुची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा सम्बन्धीत ऋणी, धितो जमानतकर्जा र व्यक्तिगत जमानीकर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

सि.नं.	ऋणीको नाम	धितोको विवरण
१.	**सगरमाथा बुक्स एण्ड स्टेशनरी सप्लायर्स** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको दर्ता नं. २४०/०६५/०६६ दर्ता मिति : २०६५/११/३० स्थायी लेखा नं. ६०००८३२४९ ठेगाना : कमलामाई नगरापालिका वडा नं ६, सिन्धुली **प्रोप्राईटरको नामः** कृष्णहरि ढुंगेल ना.प्र.नं. : ३८८८/७२७, ओखलढुंगा जारी मिति : २०४९/०९/०१ बाबुको नाम : लोकहरि ढुंगेल बाजेको नाम : तारानाथ ढुंगेल ठेगाना : ओखलढुंगा जिल्ला, पोकली गा.वि.स, वडा नं. २ **व्यक्तिगत धनजमानी दिने** **राधा कुमारी शर्मा (ढुंगेल)** ना.प्र.नं. : ७५, काठमाण्डौ जारी मिति : २०५७/०४/१३ पतिको नाम : कृष्ण हरि ढुंगेल ससुराको नाम : लोकहरि ढुंगेल ठेगानाः ओखलढुंगा जिल्ला, पोकली गा.वि.स, वडा नं. २	१. राधा कुमारी शर्मा (ढुंगेल) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स वडा नं ६/ग स्थित १७६ को क्षेत्रफल ०-१-०-० (बि.क.धु.)को जग्गा र सोले चर्चेको लिगलगापात समेत । २. राधा कुमारी शर्मा (ढुंगेल) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स वडा नं ७/क स्थित कि.नं. ३०४१, ३०४३ र ३०४६ को क्षेत्रफल ०-२-१-२ (बि.क.धु.), ०-०-१०-० (बि.क.धु.) र ०-१-११-० (बि.क.धु.) जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२.	**राधा कुमारी शर्मा (ढुंगेल)** ना.प्र.नं. : ७५, काठमाण्डौ जारी मिति : २०५७/०४/१३ पतिको नाम : कृष्ण हरि ढुंगेल ससुराको नाम : लोकहरि ढुंगेल ठेगानाः ओखलढुंगा जिल्ला, पोकली गा.वि.स, वडा नं. २	१. राधा कुमारी शर्मा (ढुंगेल) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, सिर्थौली गा.वि.स वडा नं ६/क र ६/ख स्थित कि.नं. १७०४ र ६२ को क्षेत्रफल ०-०-७-० (बि.क.धु.) र ०-१-१५-० (बि.क.धु.) जग्गा र सोले चर्चेको लिगलगापात समेत । २. राधा कुमारी शर्मा (ढुंगेल) को नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, महेन्द्र लदाभिर गा.वि.स वडा नं ३/क स्थित कि.नं. ८०६ को क्षेत्रफल ०-२-६-० (बि.क.धु.) को जग्गा र सोले चर्चेको लिगलगापात समेत ।
३.	**जी. एस. सप्लायर्स** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको दर्ता नं. ८१४६६/०६४/०६५ दर्ता मिति : २०६५/०३/०५ स्थायी लेखा नं. ३०२९६९४२५ ठेगाना : का.म.न.पा. वडा नं १४, काठमाण्डौ **प्रोप्राईटरको नामः** गिता मणी काराखेती ना.प्र.नं. : ३१२३, धादिङ जारी मिति : २०४६/०३/२२ बाबुको नाम : मेघनाथ काराखेती बाजेको नाम : खड्गानन्द काराखेती ठेगाना : धादिङ जिल्ला, बैरेनी गा.वि.स, वडा नं. ९ **व्यक्तिगत धनजमानी दिने** **१. देव कुमारी उप्रेती** ना.प्र.नं. : ४/८१३४, धादिङ जारी मिति : २०४५/०१/२५ पतिको नाम : गिता मणी काराखेती ससुराको नाम : मेघनाथ काराखेती ठेगाना : धादिङ जिल्ला, बैरेनी गा.वि.स, वडा नं. ९ **२. सौभाग्य काराखेती** ना.प्र.नं. : २६/१/३६२४७, धादिङ जारी मिति : २०६७/०३/२७ बाबुको नाम : गिता मणी काराखेती बाजेको नाम : मेघनाथ काराखेती ठेगाना : धादिङ जिल्ला, बैरेनी गा.वि.स, वडा नं. ९	गीता मणीको नाममा मालपोत कार्यालय कंलकी, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं १४ स्थित कि.नं. ४५४ को क्षेत्रफल ८१.७० व.मी.को घरजग्गा र सोले चर्चेको लिगलगापात समेत

सि.नं.	ऋणीको नाम	धितोको विवरण
४.	**श्री डी एम. एस. ट्रेडर्स प्रा.लि.** कम्पनी रजिष्टारको कार्यालयमा कम्पनी ऐन २०६३ अनुसार दर्ता भएको द.नं. : २२७३५०/०७६/०७७ दर्ता मिति : २०७६/७/१५ स्थाई लेखा नम्बर : ६०९६५१०९८ ठेगानाः काठमाण्डौं जिल्ला, का.म. न.पा. वडा नं. ९ **सञ्चालक, संस्थागत तथा व्यक्तिगत धनजमानी दिने** **१. नन्दराज न्यौपाने** ना.प्र.प.नं. : २००८९, मोरङ्ग जारी मिति : २०५२/४/११ बाबुको नामः वेदनाथ न्यौपाने बाजेको नामः प्रभु नाथ न्यौपान ठेगानाः झापा जिल्ला, दमक न.पा. वडा नं.१३ **२. सरिता भट्टराई भण्डारी** ना.प्र.प.नं.:२८-०१-७३-०३९१८, ललितपुर जारी मिति : २०७३/६/१७ पतिको नामः कुमार भण्डारी ससुराको नामः महेन्द्र बहादुर भण्डारी ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ४ **३. श्री आशीष मेहता** ना.प्र.प.नं.:०६-०१-६९-०९१२१, सुनसरी जारी मिति : २०६९/९/२६ बाबुको नामः मनोज कुमार मेहता बाजेको नामः डा. जितन प्रसाद मेहता ठेगानाः सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. २	सरिता भट्टराई भण्डारीको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर न.पा. वडा नं. ४, ललितपुर स्थित कित्ता नं.१३२८ र १३३१ क्षेत्रफल ०-३-३-० र ०-३-३-० घरजग्गा र सोले चर्चेको लिगलगापात समेत ।
५.	**सागर गुरुङ्ग** ना.प्र.नं. ०६३०३२/५९३, सुनसरी जारी मिति : २०६३/१०/०८, सुनसरी बाबुको नामः टेक बहादुर गुरुङ्ग बाजेको नामः डुक्पा गुरुङ्ग ठेगानाः भरौल गा.वि.स. वडा नं. ५, सुनसरी । **व्यक्तिगत धनजमानी दिने** **प्रिया श्रेष्ठ (गुरुङ्ग)** ना.प्र.नं. ०६-०१-७१-१०५८५, सुनसरी जारी मिति : २०७१/११/०४, सुनसरी बाबुको नामः केदार कुमार श्रेष्ठ बाजेको नामः हरि प्रसाद श्रेष्ठ ठेगानाः भरौल गा.वि.स. वडा नं. ५, सुनसरी ।	सागर गुरुङ्गको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, साबिक भरौल गा.वि.स. वडा नं ५ हाल वराहक्षेत्र न.पा. वडा नं ५ स्थित कि.नं. ७५ जग्गा क्षेत्रफल ०-१-१८-० (बिघा-कट्ठा-धुर) जग्गा र सोले चर्चेको लिगलगापात समेत ।
६.	**सरस्वती पनेरु** ना.प्र.नं. २५८८९, मकवानपुर जारी मिति : २०५०/०५/२०, मकवानपुर बाबुको नामः कृष्ण प्रसाद पनेरु बाजेको नामः बाल कृष्ण पनेरु ठेगानाः भिमफेदी गा.वि.स. वडा नं. १,मकवानपुर । **व्यक्तिगत धनजमानी दिने** **निरज पण्डित** ना.प्र.नं. २६ १/६६७५९,धादिङ्ग जारी मिति : २०७०/०४/०६, धादिङ्ग बाबुको नामः रामकाजी पण्डित क्षेत्री बाजेको नामः तेज बहादुर पण्डित क्षेत्री ठेगानाः गोगनपानी गा.वि.स. वडा नं. १, ,धादिङ्ग ।	सरस्वती पनेरुको नाममा मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, साबिक गोगनपानी गा.वि.स. वडा नं १ हाल गल्छी गाँउपालिका वडा नं ८ स्थित कि.नं. २३५ क्षेत्रफल ०-२-३-० (दुई आना तीन पैसा) को घरजग्गा र सोले चर्चेको लिगलगापात समेत ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर
फोन नं. ०१-५९७०००५
इमेलः info@centralfinance.com.np
वेबसाइटः www.centralfinance.com.np

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ९ मंसिर ०८०

थन्किएका चिनियाँ जहाजमा वार्षिक ४८ करोड खर्च

वार्षिक ५० करोडसम्म घाटा भएपछि ०७७ सालदेखि ग्राउन्डेड गरिएका पाँचवटै जहाजमा थपिँदै छ लगानी

नवीन अर्याल/नयाँ पत्रिका

साढे तीन वर्षदेखि नउडाई पार्किङ गरेर राखिएका चिनियाँ जहाजहरू नेपाल वायुसेवा निगम (नेवानि)का लागि आर्थिक रूपले बोझिलो बनेका छन् । जहाज उडाउँदा आम्दानीभन्दा खर्च बढी भएको भन्दै ग्राउन्डेड गरिएका जहाजहरूमै निगमको वार्षिक ४८ करोड नौ लाख रुपैयाँ खर्च हुने गरेको एक अध्ययनले देखाएको छ ।

जहाज ग्राउन्डेड गरिए पनि इन्स्योरेन्स प्रिमियम, मर्मत-सम्भार, पार्किङ, ह्रासकट्टी र कर्जाको ब्याजसमेत निगमले व्यहोर्नुपरिरहेको छ । निगमले आन्तरिकतर्फ स्टल र टूंक रुटमा उडान गर्नका लागि भनेर चीनबाट अनुदान तथा सहुलियत कर्जामा दुईवटा ५६ सिटे एमए-६० र चारवटा १८ सिटे वाई-१२ई गरी ६ वटा जहाज किनेर ल्याएको थियो । जसमध्ये एउटा एमए-६० र एउटा वाई-१२ई चीन सरकारले अनुदानमा उपलब्ध गराएको हो । चारवटा जहाज चिनियाँ बैंकबाट पौने चार अर्ब रुपैयाँ सहुलियतपूर्ण कर्जामा किनेर ल्याइएको हो ।

चिनियाँ जहाजहरू उडाउँदा वार्षिक सञ्चालन घाटा नै ५० करोड रुपैयाँसम्म हुन थालेपछि निगमले उड्दा-उड्दैका पाँचवटै जहाज १६ साउन ०७७ देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा थन्क्याएर राखेको छ । एउटा वाई-१२ई नेपालगन्जमा दुर्घटनामा परेर काम नलाग्ने भएको थियो । चिनियाँ जहाज उडाउँदा ०७१ देखि ०७७ साउनसम्म साढे दुई अर्बभन्दा बढी सञ्चालन नोक्सानी भएको बताइएको छ ।

अनुदानका दुईवटा जहाज ०७१ वैशाख र कात्तिकमा नेपाल भित्रिएका थिए । निगमले ४० वर्षपछि नयाँ जहाज (एमए-६०) त्रिभुवन विमानस्थलमा पञ्चेबाजा बजाएर भित्र्याएको थियो । अनुदान ऋणमा किनेका दुईवटा जहाज ०७३ माघ र थप दुईवटा जहाज ०७४ फागुनमा नेपाल आइपुगेका थिए । पहिलो जहाज भित्रिएको ६ वर्षमै उडान खर्च थेग्न नसकेको भन्दै सबै जहाज ग्राउन्डेड गरिएका थिए ।

निगमले जहाज पार्किङ गरेर राख्दा पनि वार्षिक झन्डै ४८ करोड अनावश्यक खर्च व्यहोर्नुपरिरहेको छ । इन्स्योरेन्स प्रिमियम, मर्मत-सम्भार, पार्किङ, ह्रासकट्टी र ब्याजसमेत जोड्दा पाइलटको पारिश्रमिक तथा तालिम खर्चबाहेक ग्राउन्डेड एमए-६० का लागि वार्षिक २८ करोड ३१ लाख र वाई-१२ई जहाजका लागि १९ करोड ७८ लाख रुपैयाँ खर्च हुने गरेको पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा गठित 'निगमको संरचनागत एवं व्यवस्थापकीय अध्ययन तथा सिफारिस समितिको प्रतिवेदन-२०८०' मा उल्लेख छ । यी जहाजले अत्यधिक इन्धन खपत गर्नुका साथै यात्रु क्षमता पनि कम भएको, चिनियाँ पक्षबाट पार्टपुर्जा उपलब्ध गराउन ढिलाइ गरेको, स्पेयर पार्टस् पनि अत्यधिक महँगो, पाइलट-इन्जिनियरको महँगो तालिम, चर्को इन्स्योरेन्सलगायतका कारण अत्यधिक घाटा व्यहोर्नुपरेको निगमको दाबी छ ।



ग्राउन्डेड चिनियाँ जहाजहरू भाडामा दिन वा बिक्री गर्नका लागि निगमले अनुमति पाइसकेको छ । तर, पटक-पटक सार्वजनिक टेन्डर आह्वान गर्दा पनि जहाज भाडामा लैजाने कोही नभेटिएपछि निगमले जहाज बिक्रीका लागि प्रक्रिया अगाडि बढाएको छ । निगमले चाइनिज जहाज बिक्रीका लागि अमेरिकी मूल्यांकनकर्ता कम्पनी छनोट गरेर मूल्यांकन गरेको छ । तर, निगम व्यवस्थापनको बदनियतपूर्ण सोचका कारण मूल्यांकनकर्ताले उडान गर्न मिल्ने जहाजको मूल्यांकन कबाडीको सरह गरेको पर्यटन मन्त्रालय स्रोत बताउँछ ।

अहिले निगमसँग आन्तरिक उडानका लागि तीन थान डिएचसी-६ मोडेलका ४० वर्ष पुराना ट्विनअटर जहाज छन्, जसमध्ये एउटा ट्विनअटर १२ वर्षदेखि ग्राउन्डेड छ । अहिले सञ्चालनमा रहेका दुई ट्विनअटरमध्ये एउटा मात्र पूर्ण नियमित सञ्चालनमा रहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ । निगम व्यवस्थापनले भएकै जहाज पूर्ण रूपमा उडाउन नसकिरहेका वेलामा थप तीनवटा ट्विनअटर जहाज खरिद गर्न टेन्डर आह्वान गरेको छ । भएकै जहाजहरू उडाउन नसक्ने निगमलाई नयाँ जहाज खरिद गर्न अर्थ मन्त्रालयले सहमति दिन मानेको छैन ।

निगमलाई आन्तरिक उडानतर्फ आर्थिक वर्ष ०७९/८० (वैशाखसम्म)मा १० महिनामा ५० करोड १० लाख रुपैयाँ घाटा भएको छ । आन्तरिकतर्फ नोक्सानी हुनुमा जहाजहरू सञ्चालनमा नहुनु, ट्रंक गन्तव्यमा नभई स्टल गन्तव्यमा मात्र जहाज उड्नु, माथिल्लो निकायको निर्देशनअनुसार उडाउनुपर्ने बाध्यतालगायत कारण रहेको समितिको ठम्याइ छ ।

अध्ययन समितिको प्रतिवेदनअनुसार निगमलाई सबैभन्दा धेरै नोक्सानी अन्तर्राष्ट्रिय उडान गर्ने दुईवटा वाइडबडी एयरबस-३३० जहाज उडाउँदा हुने गरेको छ । दुईवटा वाइडबडी जहाज उडाउँदा निगमलाई आव ०७९/८० को दश महिनामै तीन अर्ब २८ करोड पाँच लाख रुपैयाँ घाटा भएको छ । अन्तर्राष्ट्रिय उडान गर्ने न्यारोबडी एयरबस-३२० जहाज उडानमा भने नाफा देखिएको छ । आव ०७९/८० को १० महिनामा निगमलाई न्यारोबडी उडाउँदा ९५ करोड ७८ लाख रुपैयाँ नाफा भएको देखिन्छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

पोखरा विमानस्थलमा चौथो चार्टर उडान

कास्कीमा **रोहितराज पराजुली**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चौथो चार्टर उडान भएको छ । 'साझा समृद्धिका लागि दौड' भन्ने नारासहित 'वारहाउस नेपाल, पोखरा अन्तर्राष्ट्रिय माउन्टेन क्रस कन्ट्री प्रतियोगिता'मा सहभागी हुन खेलाडी, प्राविधिक र पाहुना गरी ९५ जना हिमालय एयरलाइन्सको विमान चार्टर गरेर चीनबाट सीधै पोखरा आएका हुन् ।

चीनबाट आएको विमान ५:४१ बजे विमानस्थलमा अवतरण गरेको विमानस्थलकी प्रवक्ता यसोदा सुवेदीले जानकारी दिइन् । सो विमान एक घन्टापछि चालकदलका सदस्यसहित काठमाडौं गएको थियो । चीनको कुनमिङ सहरबाट विमान चार्टर गरी आएका उनीहरूलाई विमानस्थलमा नेपालका लागि चिनियाँ राजदूत चेन सोङ, पर्यटन बोर्डका सिइओ धन्नञ्जय रेग्मी, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, महानगरका प्रवक्ता मोतीलाल तिमिल्सिना, नेपाल-चीनमैत्री संघका अध्यक्ष विश्वशंकर पालिखे, पर्यटन विकास समिति पोखरा महानगरपालिकाका उपाध्यक्ष रवीन्द्रराज पौडेललगायतले स्वागत गरेका थिए ।



विमानस्थलमा यसअघि गत ६ असारमा चिनियाँ विमान कम्पनी सिचुवान एयरलाइन्सले चीनको छेन्दु विमानस्थलबाट चार्टर उडानमार्फत पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडान गरेको थियो । ८ र ९ असारमा पोखराको फेवातालमा सम्पन्न नेपाल-चाइना फ्रेन्डसिप ड्रागन बोट रेस फेस्टिभल २०२३ मा सहभागी हुन विमान चार्टर गरी खेलाडीसँगै ७२ जना चिनियाँ गरी ९६ जना पोखरा आएका थिए । त्यसपछि विमानस्थल सञ्चालनमा आएको आठ महिनापछि २३ भदौमा भुटानको 'ड्रुक एयर'ले भुटानको पारो अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखरामा चार्टर उडान गरेको थियो । पारोबाट चालकदलका सात र तीन पर्यटकसहित १० जना पोखरा आएका थिए । पोखरा आएको सो विमानले पोखराबाट ४२ यात्रु र चालकदलका सात गरी ४९ जना लिएर थिम्पुका लागि उडेको थियो ।

यसैगरी २२ कात्तिकमा चिनियाँ जनमुक्ति सेनाका दुई कार्गो विमानले चीनको छेन्दु विमानस्थलबाट पोखराका लागि उडान गरेका थिए । जाजरकोट र रुकुम-पश्चिममा गएको भूकम्पका कारण प्रभावितको सहयोगका लागि चिनियाँ सरकारको तर्फबाट राहत सामग्री लिएर दुई विमान पोखरा आएका थिए । विमानस्थल सञ्चालनमा आएको करिब ११ महिना हुन लाग्दा हालसम्म तीनपटक गरी चार विमानले उडान गरेका छन् । चार्टर उडान भए पनि नियमित अन्तर्राष्ट्रिय उडान कहिलेबाट हुन्छ भन्नेमा हालसम्म कुनै अत्तोपत्तो छैन । विमानस्थलमा खुल्यो अध्यागमन कार्यालय सञ्चालनमा आएको १० महिना २० दिनपछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालय खुलेको छ । कार्यालय सञ्चालनका लागि उपसचिव लीलावल्लभ न्यौपानेको नेतृत्वमा नौजना कर्मचारीहरू खटिएका छन् । कार्यालय सञ्चालनका लागि आएका नौजनामा पाँचजना शाखा अधिकृत र तीनजना नायब सुब्बा रहेका छन् । कार्यालयको पहिलो सेवाग्राही चीनबाट आएका खेलाडीसहितका टोली रहेका थिए । विमानस्थलमा यसअघि तीन अन्तर्राष्ट्रिय उडान भएका थिए । सो समय पोखरास्थित अध्यागमन कार्यालयका कर्मचारीहरू गएर आवश्यक काम गर्ने गरेका थिए ।

एसियाली विकास बैंकसँग १३ अर्ब ३३ करोडको ऋण सम्झौता

नयाँ पत्रिका



सार्वजनिक वित्त व्यवस्थापन र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार र एसियाली विकास बैंक (एडिबी)बीच १३ अर्ब ३३ करोड नेपाली रुपैयाँ अर्थात् १० करोड अमेरिकी डलरबराबर सहुलियतपूर्ण ऋण सम्झौता भएको छ । शुक्रबार अर्थ मन्त्रालयमा भएको सम्झौतामा अर्थसचिव कृष्णहरि पुष्कर र एसियाली विकास बैंकको नेपालका लागि देशीय निर्देशक अर्नोड काओसिसले हस्ताक्षर गरेका हुन् ।

'सार्वजनिक वित्त व्यवस्थापन र सुदृढ सेवा प्रवाहको विषय सरकारको मुख्य प्राथमिकतामा छ । सार्वजनिक वित्तको पुनर्संरचनासँगै वित्तीय संघीयता कार्यान्वयनका लागि यो कार्यक्रमबाट मद्दत पुग्नेछ,' हस्ताक्षरपछि अर्थसचिव पुष्करले भने, 'चालू आर्थिक वर्षको बजेटबाट पनि सरकारले सुधारका विभिन्न कार्यक्रममार्फत सार्वजनिक वित्त व्यवस्थापन र सेवा प्रवाहलाई मजबुत बनाउन खोजेको छ ।'

एडिबीका नेपालका लागि देशीय निर्देशक काओसिसले नेपालको वित्त प्रणालीलाई दिगो बनाउन र सरकारका आवधिक योजनालाई बढी प्रभावकारी बनाउन यो कार्यक्रमले सघाउने बताए । उनले भने, 'सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देश बनाउन तय गरिने मध्यमकालीन र दीर्घकालीन राष्ट्रिय योजनासँग यो कार्यक्रम जोडिएको छ ।'

नेपालले बजेटरी सहायताका लागि यो सहुलियतपूर्ण ऋण लिएको हो । सार्वजनिक वित्त व्यवस्थापन र सेवा प्रवाह सुदृढीकरण कार्यक्रमको पहिलो चरण कार्यान्वयन भइसकेको छ । यो ऋण रकम दोस्रो चरणअन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि लिइएको अर्थ मन्त्रालयले जनाएको छ । तीनवटै तहका सरकारको सार्वजनिक खर्च व्यवस्थापन तथा विकास बजेट प्रभावकारी कार्यान्वयनका लागि यो कार्यक्रमले मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ । त्यस्तै, केन्द्र सरकारको सार्वजनिक ऋण व्यवस्थापनका लागि पनि प्रभावकारी भूमिका निर्वाह गर्ने जनाइएको छ । *-रासस*

पहिलो चौमासिकमा घरजग्गा कारोबार बढ्यो

एक लाख ४० हजार आठ सय ७६ घरजग्गाको लिखत पारित, झन्डै सवा १२ अर्ब रुपैयाँ राजस्व संकलन



नयाँ पत्रिका

चालू आर्थिक वर्षको साउनदेखि कात्तिकसम्म गत वर्षको यसै अवधिको तुलनामा घरजग्गा कारोबार बढेको छ । चार महिनामा देशभरका मालपोत कार्यालयबाट एक लाख ४० हजार आठ सय ७६ घरजग्गाको लिखत पारित भएका छन् । जबकि, गत आर्थिक वर्षको यही अवधिमा एक लाख २२ हजार दुई सय ८२ घरजग्गाको लिखत पारित भएको थियो ।

घरजग्गा कारोबार बढेसँगै मालपोत राजस्व संकलन पनि बढेको भूमि व्यवस्थापन विभागको तथ्यांकले देखाएको छ । देशभर रहेका एक सय २६ मालपोत कार्यालयबाट चार महिनामा १२ अर्ब २१ करोड राजस्व संकलन भएको छ । गत वर्षको सोही अवधिमा मालपोत राजस्व ११ अर्ब ८८ करोड संकलन भएको थियो । यो राजस्वमा रजिस्ट्रेसन दस्तुर, पुँजीगत लाभकर, सेवा शुल्क, बागमती सभ्यता शुल्क, अनलाइन सेवा लिएबापतको शुल्क, रिकभर शुल्क, विलम्ब शुल्कलगायत विभिन्न शीर्षकको आम्दानी जोडिएको हुन्छ ।

घरजग्गा कारोबारमा उतारचढाव

चालू आर्थिक वर्षको पहिलो महिनामा ३९ हजार दुई सय ६३ घरजग्गाको लिखत पारित भएको थियो । भदौमा घरजग्गा कारोबार घटेर देशभर ३५ हजार ६ सय ८६ घरजग्गाको मात्र लिखत पारित भयो । दसैंको पूर्वसन्ध्या असोजमा पुनः कारोबार बढेर ३९ हजार आठ सय ८१ पुगेको थियो भने कात्तिकमा फेरि पनि घटेर २६ हजार ४६ मा समेटिएको छ । कात्तिकमा दसैं, तिहार र शनिबार गरेर करिब १५ दिन देशैभरका मालपोत कार्यालयहरू बन्द हुँदा घरजग्गा कारोबार कम भएको हो ।

चालू आर्थिक वर्षको साउनमा दुई अर्ब ९१ करोड रुपैयाँ मालपोत राजस्व संकलन भएको थियो भने भदौमा तीन अर्ब चार करोड ५९ लाख, असोजमा चार अर्ब आठ करोड ६६ लाख र कात्तिकमा दुई अर्ब १६ करोड ३८ लाख रुपैयाँ राजस्व संकलन भएको छ । कात्तिकमा घरजग्गा किनबेच घटेपछि राजस्व संकलन पनि घटेको भूमि व्यवस्थापन विभागले जनाएको छ ।

सरकारले भूउपयोग नियमावली-२०७९ जारी गरेर कित्ताकाटमा कडाइ गरेपछि गत वर्ष घरजग्गा कारोबार सुस्ताएको थियो । साथै, तरलता अभाव, चर्को ब्याजदर, महँगीलगायत कारण कारोबार बढ्न सकेको थिएन । तर, चौतर्फी विरोध भएपछि सरकारले पछिल्लो समय पुरानै अवस्थामा कित्ताकाट खुलाएको छ । कित्ताकाट खुलेपछि देशैभर घरजग्गा कारोबार बढ्ने र घरजग्गामा फ्रिज भएर बसेको पैसा प्रणालीमा आएर अर्थतन्त्र चलायमान हुने सरकारको अपेक्षा छ । तर, कित्ताकाट खुले पनि घरजग्गा कारोबार यो वर्षकै वैशाख, जेठको तुलनामा भदौ, असोज र कात्तिकमा घटेको छ । तर, गत वर्षको यसै अवधिको तुलनामा भने बढेको देखिन्छ ।

कित्ताकाट खुल्नुका साथै बैंकको ब्याजदरसमेत घट्दै गइरहेका कारण मंसिरदेखि घरजग्गा कारोबार बढ्ने अपेक्षा घरजग्गा व्यवसायीको छ । बैंकहरूले तरलता (लगानीयोग्य रकम) बढ्दै गएपछि महिनैपिच्छे ब्याज घटाउन थालेका छन् । अहिले व्यक्तिगत मुद्दती निक्षेपकै औसत ब्याजदर १० प्रतिशतभन्दा तल झरिसकेको छ । बैंकले सस्तो ब्याजदरका घरजग्गा कर्जा योजना पनि ल्याउन थालेका छन् ।

उपकारी बचत तथा ऋण सहकारी संस्था लि.
का.जि.का.म.न.पा वडा नं.२३ काठमाडौं

सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयर सदस्य महानुभावहरु,
यस उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८०/०७/१८ गते शनिबार बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १६ औं वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, स्थान, समय र छलफलको विषयहरुमा छलफल गरी निर्णय लिन बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थित भईदिनु हुन अनुरोध गरिन्छ ।

सभा हुने मिति, समय र स्थान
मिति : २०८० साल मंसिर ३० गते शनिबार
समय : बिहान १०:३० बजे
स्थान : भिभा ब्याङ्क्वेट, बुद्धबारी टेकु, काठमाडौं बिजनेस पार्क ।

छलफलका विषयहरु
१. संचालक समितिको तर्फबाट संस्थाको अध्यक्षको आ.व.०७९।०८० को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. लेखा समितिको आ.व .०७९।०८० को प्रतिवेदन सम्बन्धमा ।
३. आ. व ०७९।०८० को लेखा परीक्षकको प्रतिवेदन तथा नाफा नोक्सान हिसाब र वासलात पारित गर्ने सम्बन्धमा ।
४. आ.व ०८०।०८१ को लागि लेखा परीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. यस संस्थाको आ.व ०८०।०८१ को वार्षिक कार्यक्रम तथा अनुमानित बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
६. यस संस्थाको आ.व ०७९।०८० मा संचालक समिति, लेखा समिति, ऋण उप समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
७. आ.व ०७९।०८० मा संस्थाको संचालक समिति, लेखा समिति र अन्य समितिका सदस्य एवम् प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलब भत्ता अनुमोदन गर्ने र आगामी आ.वको लागि स्वीकृत गर्ने सम्बन्धमा ।
८. वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा शेयर सदस्यहरुको तर्फबाट हस्ताक्षर गर्न आठ जना सदस्यहरुको मनोनयन गर्ने सम्बन्धमा ।
९. विविध ।

सचिव
दिपु वज्राचार्य

Government of Nepal (GoN)
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction, Kathmandu
Babarmahal, Kathmandu

Invitation for Bids

Date of publication: 2080/08/09

Project Office of Urban Development and Building Construction (PUDBC), Kathmandu invites electronic bids from eligible bidders for the following work under NCB Single Stage Single Envelope bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

S. N.	IFB No.	Name of Project	Total Estimate Amount (Including PS and VAT) NRs.	Document Fee NRs.	Bid Security NRs.
1	PUDBC/KTM/ BAS/NCB/ WORKS-87/080/81	Road Upgradation Works From Veda Bari Radhakrishna Temple – TalloThok Pranami Temple to Masar Khola Odare till Road Namobuddha Municipality-03, Kavre	48,28,286.71	3,000.00	1,18,000
2	PUDBC/KTM/ SGN/NCB/ WORKS-88/080/81	Infrastructure Development Works for Park in Padma Samaj Premise, Nagarjun-05, Kathmandu	57,91,302.71	3,000.00	1,42,000
3	PUDBC/KTM/ SGN/NCB/ WORKS-89/080/81	Road Upgrading Works from Jhikucha to Pawan Prakriti School, Mahalaxmi-05, Lalitpur	33,79,307.50	3,000.00	83,000
4	PUDBC/KTM/ BAS/NCB/ WORKS-90/080/81	Physical Infrastructure Construction Works n Trust Premise ,Budanilkantha Municipality -05, Kathmandu	48,28,384.23	3,000.00	1,18,000
5	PUDBC/KTM/ BAS/NCB/ WORKS-91/080/81	Construction of National Museum of Tamu Hyaual Chowng Ghain Council in Kathmandu Metropolitiancity-26, Kathmandu	35,29,344.82	3,000.00	86,000

Project Chief

■ नेपाल सुपर लिग

जितमा पनि खुसी हुन नसकेको काठमाडौं

एकैपटक पाँच विदेशी खेलाडी खेलाएको काठमाडौंले नवप्रवेशी इलामविरुद्ध फराकिलो अन्तरले जित निकाल्ने अपेक्षा गरे पनि सम्भव भएन

रमेश सुवेदी / नयाँ पत्रिका

साबिक विजेता काठमाडौं रेजर्सले नेपाल सुपर लिग (एनएसएल)को दोस्रो संस्करणमा उद्घाटन खेलमा नयाँ टोली स्पोर्टिङ इलाम एफसीलाई १-० ले पराजित गरेको छ। तर, साबिक विजेता काठमाडौं जितले पनि पनि खुसी हुन सकेन। एकैपटक पाँच विदेशी खेलाडीलाई मैदानमा उतारेको काठमाडौंले इलामलाई पाखा लगाउन निकै मिहिनेत गर्नुपरेको थियो। इलामका प्रशिक्षक मेघराज केसीले काठमाडौंलाई चुनौती दिने किसिमकै रणनीति तयार पारेका थिए। तर, फिनिसिङमा गतिलो प्रदर्शन गर्न नसके पनि इलामले गोल अवसर निकालिरह्यो।

तर, आशा गरेका खेलाडीले गोल गर्न नसक्दा इलामका समर्थक निराश भए। इलामले चार विदेशी खेलाडी खेलाएको थियो। कानुनी प्रक्रिया पूरा नहुँदा इलामले थप एक विदेशी खेलाडीलाई मैदान पठाउन नसकेको हो। उतारचढाव खेलमा काठमाडौंका लागि दोस्रो हाफमा युवा स्ट्राइकर राजीव लोप्चानले एक मात्र विजयी गोल गरे। उनको यसै गोलको सहयोगमा काठमाडौंले तीन अंक प्राप्त गऱ्यो।

लोप्चानको निर्णायक गोलसँगै नवप्रवेशी टोली इलामको सानदार सुरुवात गर्ने लक्ष्य पूरा भएन। काठमाडौंका प्रशिक्षक बालगोपाल महर्जनले आशाअनुसार प्रदर्शन गर्न नसकेको स्विकारेका छन्। उनले इलामविरुद्धको प्रदर्शनका आधारमा उपाधि रक्षा गर्न गाह्रो हुने जनाए। 'हामीले तीन अंक बटुल्यौं, तर आशाअनुसारको प्रदर्शन भएन।' उनले विपक्षीमाथि दबाब राख्न धेरै गोल हुनुपर्ने बताए। यद्यपि, लिगको पहिलो खेल भएकाले पनि समस्या भएको उनको भनाइ छ। 'हामीले बल पोसेसन नै गुमायौं, सायद पहिलो खेल भएकाले समस्या भयो,' उनी भन्छन्।

तीन वर्षअघि काठमाडौंले धनगढीलाई १-० ले हराउँदै च्याम्पियन ट्रफी उचालेको थियो। महर्जनले पहिलो संस्करण च्याम्पियन हुँदा बिस्तारै टोलीले लय समातेको र यसपटक पनि सोही आशा भएको विश्वास व्यक्त गरे। 'गत सिजनमा पनि छोटो समयमा बिस्तारै लयमा समातेका थियौं। यसपटक पनि सोही आशा गर्छौं,' उनले भने।

इलामका प्रशिक्षक मेघराज भने केही खुसी देखिए। लिगको दोस्रो खेलमा इलामको प्रदर्शन काठमाडौंको विरुद्ध भन्दा स्तरीय हुने मेघराजको विश्वास छ। 'काठमाडौंले दबाबमा राखेर गोल गरेको होइन। हामीले कमजोर पनि खेलेनौं,' हारको कारण देखाउँदै उनले भने, 'काठमाडौंको दिन रहेछ, आगामी खेलमा सुधारिएको प्रदर्शन पाउनुहुन्छ।'

राजीवको निर्णायक गोल

खेलको ५१औं मिनेटमा वैकल्पिक खेलाडी राजीवले दोस्रो संस्करणको एनएसएल लिगमा पहिलो गोल गरे। उनले इलामका गोलरक्षक तथा कप्तान विकेश कुथूसँगै डिफेन्डरको गल्तीमा गोल गरेका थिए। उज्वेकिस्तानका कोमिलोभ तोजिडिनोभको कर्नरमा इलामका खेलाडी अलमल परेपछि काठमाडौंले अग्रता लियो। राजीव



इलामविरुद्धको खेलमा हेडिङ गर्ने प्रयासमा काठमाडौं रेजर्सका अन्जन राई (रातो)। तस्बिर : **दिपेन्द्र ढुंगाना**/ नयाँ पत्रिका

खेलको ४६औं मिनेटमा प्रशान्त अवस्थीको स्थानमा मैदान प्रवेश गरेका थिए। इलामले पहिलो हाफमा प्राप्त अवसरमा गोल गर्न सकेन। अमाथ एनडले गरेका लामा प्रहारहरू असफल भएका थिए। उनले खेलको १३औं मिनेटमा बक्सबाहिरबाट हानेको सशक्त प्रहार काठमाडौंका गोलरक्षक अभिषेक बरालले बचाएका थिए।

एक खेलमा नौ विदेशी खेलाडीको प्रयोग

दोस्रो संस्करणको उद्घाटन खेलमा इलाम र काठमाडौंले समग्रमा नौ विदेशी खेलाडीलाई उतारे। नेपाली फुटबलमा पहिलोपटक एकै खेलमा नौ विदेशी खेलाडी मैदानमा देखिएको यही नै हो। यसअघि सहिद स्मारक 'ए' डिभिजन लिगमा चार खेलाडीले एकैपटक एक टोलीबाट मैदान प्रवेश गर्न पाउँथे। त्यसअघि तीन खेलाडीलाई मात्रै एकैपटक मैदानमा उतार्न पाइन्थ्यो।

६० भन्दा धेरै खेलाडी अस्ट्रेलियालगायत विभिन्न देशमा पुगेपछि विदेशी कोटा बढाइएको हो। क्लबको आग्रहसँगै आयोजक नेपाल स्पोर्टस् एन्ड इभेन्ट म्यानेजमेन्ट प्रालिले ६ सम्म विदेशी खेलाडी राख्न पाउने नियम लगाएको हो। जसमा एक खेलमैदानबाहिर रहनेछन्।

यसअघि उद्घाटन सत्रमा नौ टोलीका खेलाडीले मार्च पास गरेका थिए। राष्ट्रिय गानपछि गायक वाङ्देन शेर्पा, सुशान्त केसीले आफ्ना चर्चित गीतहरू गाएका थिए। चर्चित दिदीबहिनी प्रिज्मा र प्रिन्सीले नृत्य प्रस्तुत गरेका थिए। यद्यपि, उद्घाटन खेल निर्धारित समयमा हुन सकेन।



इलामसँग सोचेजस्तो प्रदर्शन भएन

बालगोपाल महर्जन
प्रशिक्षक, काठमाडौं

पहिलो खेलबाट हामीले महत्त्वपूर्ण तीन अंक पाएका छौं। तयारी छोटो समयमा भए पनि नतिजा आएको छ। खेलाडीबीच सेट भइसकेको छैन। यसकारण आजको खेलमा सोचेजस्तो प्रदर्शन नभएको हो। प्रतिस्पर्धामा जित र विपक्षीमाथि दबाब बनाउन धेरै गोल गर्नुपर्छ। इलामसँगको खेलमा हामीले बल पोसेसन गुमायौं। हामीले तीन साताको तयारी गरेर खेलेका हौं। हामीले उपाधि र क्षा गर्न यो भन्दा राम्रो खेल्नुपर्छ। पहिलो खेल भएकाले पनि खेलाडीबीच राम्रो तालमेल नमिलेको हो। विदेशी खेलाडीमा आन्द्रेस निया क्वालिटी खेलाडी हुन्।

हामी कमजोर थिएनौं



मेघराज केसी
प्रशिक्षक, इलाम

पहिलो खेल राम्रो भयो। दुवै टोली बराबर हो। पहिलो खेल माहोलअनुसार भयो। खेलमा जित र हार हुन्छ। साबिक विजेताविरुद्ध हामीले कमजोर भएनौं। काठमाडौंले दबाबमा राखेर गोल गरेको होइन। उनीहरूको दिन रहेछ। अर्को हाम्रो खेलमा सुधारिएको पाउनुहुन्छ। सबैजसो टोली विदेशीका भरमा छन्। जुन टोलीमा विदेशी हुन्छ, त्यसैको राम्रो हुन्छ। यसपटक विदेशी खेलाडीको स्तर बढेको छ। उनीहरू यहाँ जम्न समय लाग्छ।

■ केपी ओली कप टी-२०

बागमती सेमिफाइनलमा

नयाँ पत्रिका

बागमती प्रदेशले लगातार दुई जित निकाली पोखरामा सञ्चालन भइरहेको प्रथम केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेको छ। प्रतियोगिताको शुक्रबार दोस्रो दिन बागमतीले कर्णाली प्रदेशलाई ९० रनले पराजित गर्दै अन्तिम चारको स्थान पक्का गरेको हो। बागमतीले उद्घाटन खेलमा आयोजकको रातोलाई एक सय नौ रनको फराकिलो अन्तरले पराजित गरेको थियो।

आफ्नो दोस्रो खेलमा टस जितेर ब्याटिङ रोजेको बागमतीले २० ओभरमा ६ विकेटको क्षतिमा एक सय ८९ रन जोडेको थियो। प्रत्युत्तरमा कर्णाली १७.३ ओभरमा अलआउट हँदै ९९ रनमा सीमित भयो। बागमतीको जितमा कप्तान सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गरेका थिए। उनले ३.३ ओभरमा नौ रन खर्चेर सर्वाधिक चार विकेट हात पारे। दीपेश श्रेष्ठले ३ ओभरमा २७ रन दिँदै दुई विकेट लिए।

ब्याटिङका क्रममा बागमतीका रित गौतमले सर्वाधिक ८२ रन म्यान अफ दी म्याच इशान पाण्डेले ७० रन जोडेका थिए। दुवैले दोस्रो विकेटका लागि एक सय ४३ रनको साझेदारी गर्दै टोलीलाई १७.४ ओभरमा १५९-२ को बलियो स्थितिमा राखे। रितले ५९ बलमा १० चौका र दुई छक्का प्रहार गरे। इशानले ३८ बलमा चार चौका र ६ छक्का प्रहार गरेका थिए। कर्णालीका लागि दीपेश अधिकारीले ३३ रन खर्चेर तीन विकेट हात पारे। कर्णालीको ब्याटिङमा कर्णालीका लागि अर्जुन घर्तीले २३ बलमा तीन चौका र एक छक्काको सहयोगमा सर्वाधिक २४ रन बनाए।

गण्डकीसँग एपिएफको हार

दोस्रो खेलमा गण्डकी प्रदेशले नेपाल एपिएफ क्लबलाई चार विकेटले पराजित गरेको छ। पहिलो ब्याटिङ गरेको एपिएफले १८.४ ओभरमा सबै विकेट गुमाउँदै एक सय एक रनको योगफल तयार गरेको थियो। सहज लक्ष्य पछ्याएको गण्डकीले १९.४ ओभरमा ६ विकेट गुमाउँदै एक सय चार रन बनाउँदै लक्ष्य पूरा गरेको थियो। एपिएफका लागि कप्तान प्रदीप ऐरीले २३ बलमा दुई चौका र एक छक्काको सहयोगमा २० रन जोडेका थिए। सुमित महर्जनले १७ बलमा १४ रन र भुवन कार्कीले २४ बलमा १४ रन बनाएका थिए। यसअघि ओपनर आशिफ शेखले ११ बलमा एक चौका र एक छक्कासहित १२ रन बनाउँदै आउट भए।

गण्डकीका लागि मुस्कान थापाले सर्वाधिक २५ रन जोड्नेक्रममा २३ बलमा चार चौका प्रहार गरेका थिए। ओपनर गौरव विकले ११ बलमा दुई चौकासहित ११ रन जोडेका थिए। टोलीका लागि दिनेश बुढामगरले ३३ बलमा दुई चौका र एक छक्कासहित २४ रन बनाउँदा अभिशेक थापाले १५ बलमा एक छक्कासँगै टोलीका लागि ११ रनको योगदान दिए। प्रतियोगिताअन्तर्गत शनिबार पहिलो खेल आयोजक रातोले कर्णालीको सामना गर्नेछ। दोस्रो खेल लुम्बिनी र एपिएफबीच हुनेछ।



> कर्णालीलाई ९० रनले हराउँदा बागमतीका कप्तान सन्दीप लामिछानेले नौ रन खर्चेर सर्वाधिक तीन विकेट लिए

रेडियन्टको सहज जित

काठमाडौं/ आयोजक रेडियन्ट पब्लिक बोर्डिङ स्कुलले नवौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा शुक्रबार सहज जित निकालेको छ। घरेलु कोर्टमा रेडियन्टले श्री नवीन ज्योतिलाई २०-१६ ले पराजित गऱ्यो। रेडियन्ट सुशंकेत बनेपालीले ६ स्कोर गरे।

पुष्पसदनले ग्रिन लाउन्सलाई १८-१५ ले हरायो। पुष्पसदनका जेसनले १२ स्कोर गरे। सिनियर पुरुषमा ज्ञानोदयले ओएसिसलाई २७-२४ ले हरायो। निसर्ग वाटिकाले पुष्पसदनमाथि ३१-२९ को जित निकालेको छ। विल्सन एकेडेमीले एक्सेल पब्लिकलाई ३३-१५ र बिग बुद्धले एलआरआईलाई ३४-२८ ले पाखा लगाए। सिनियर महिलामा द एक्सेल्सियरले ओएसिसलाई २३-६ ले पराजित गऱ्यो। जेसेसले ज्ञानोदयलाई १५-१२ ले पन्छायो। एक्सेल्सियरकी एकिना घिमिरेले १४ तथा जेसेसकी स्मृति थापाले २१ स्कोर गरेका थिए। खेलअघि प्रतियोगिताको रेडियन्टका प्रिन्सिपल सूर्यबहादुर केसी र भाइस प्रिन्सिपल शुभद्रा कुँवरले संयुक्त रूपमा उद्घाटन गरे। सिनियर पुरुषमा २४ टोलीले भाग लिएको आयोजकले जनाएको छ। जुनियर पुरुष र सिनियर महिलामा समान १२ टोली छन्।

इंग्ल्यान्डका स्टोक्सले २०२४ को आइपिएल नखेल्ने

एजेन्सी

इंग्ल्यान्डका अलराउन्डर वेन स्टोक्सले सन् २०२४ को इन्डियन प्रिमियर लिग (आइपिएल) नखेल्ने भएका छन्। उनी आबद्ध चेन्नई सुपर किंग्सले स्टोक्स यसपटक सहभागी नहुने जनाएको छ। फिटनेसको समस्याका कारण उनले आइपिएलमा सहभागिता नजनाउने चेन्नईले जनाएको छ। गत वर्षको आइपिएलमा चेन्नईले उनलाई १६ करोड २५ लाख भारुमा किनेको थियो। गत सिजनमा उनले दुई खेलमा मात्र सहभागिता जनाएका थिए। धेरैजसो समय फिटनेसमा समस्या भएपछि स्टोक्स आइपिएल छाडेर घर फर्किएका थिए।

यता इंग्ल्यान्डले भारतविरुद्धका आसन्न टेस्ट सिरिजका लागि खेलाडीलाई केन्द्रित हुन निर्देशन दिएको छ। इंग्ल्यान्डका टेस्ट कप्तान तथा अलराउन्डरसमेत रहेका स्टोक्सले पाँच टेस्ट सिरिजमा केन्द्रित हुन आवश्यक भएको बताएका छन्। सन् २०२४ को जनवरीमा भारत र इंग्ल्यान्डबीच पाँच खेलको टेस्ट सिरिज हुनेछ।

गत सिजन आइपिएलमा १५ रन मात्र

सन् २०२३ को आइपिएल सिजनमा चेन्नईले स्टोक्सलाई महँगो रकममा खरिँदे भित्र्याएको थियो। चेन्नईले अलराउन्डर पक्ष बलियो बनाउन उनलाई भित्र्याएको थियो। त्यसवेला उनी उत्कृष्ट फर्ममा थिए। तर, आइपिएल सुरु हुँदा उनी चोटग्रस्त भए। यसको प्रभाव आइपिएलको खेलमा देखियो। उनले केवल दुई खेल मात्र खेले। समग्रमा उनले १५ रन मात्र जोडे।



अन्तर्राष्ट्रिय पदक विजेता सम्मानित

काठमाडौं/ ग्लोबल नेप्लिज कराँते अर्गनाइजेसनले १०औं विश्व सितोरियो कराँते च्याम्पियनसिपका पदक विजेता खेलाडीलाई नगदसहित सम्मान गरेको छ। इन्डोनेसियाको जकार्तामा २२ देखि २४ सेप्टेम्बरसम्म भएको प्रतियोगितामा नेपालले एक स्वर्ण, तीन रजत र ६ कांस्य जितेको थियो। सो प्रतियोगितामा एरिका गुरुङले नेपाललाई एक मात्र स्वर्ण दिलाएकी थिइन्। १९औं एसियाली खेलकुदकी ऐतिहासिक रजत विजेतासमेत रहेकी एरिकालाई ३० हजार रुपैयाँ प्रदान गरियो। रजत विजेता विप्लवलाल श्रेष्ठ, निरुपमा दोङ तामाङ र मोहम्मद शेखु अलामले जनही १५ हजार रुपैयाँ पाए। कांस्य पदक जितेका सन्तोष श्रेष्ठ, सबिना श्रेष्ठ, आशिष थापा, पुष्पका लामा, एलिशा राजकोटी मगर र सानुमाया थिङले जनही १० हजार रुपैयाँ पाएका छन्। नेपाल कराँते महासंघको आयोजनामा १६ देखि १७ मंसिरसम्म हुने सातौं दक्षिण एसियाली कराँते च्याम्पियनसिपका लागि महासंघलाई एक लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको थियो।

सडक पूर्वाधार विकास कार्यालय
दाङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०/०८/०९)

यस कार्यालयबाट मिति २०८०/०६/०९ को राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित सूचना नं. ०२/२०८०/०८१ अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन हुँदा न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको विवरण सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम यस कार्यालयको वेबसाइट www.ridodang.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

कार्यालय प्रमुख

गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको
दशौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/०९)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०८/०८ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको दशौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान :

मिति : २०८०/०८/३० गते शनिवार (तद्नुसार डिसेम्बर - १६ ,२०२३)

समय : बिहान १०:०० बजे

स्थान : Saanvi Hotel and Sports Club, बौद्ध काठमाण्डौं।

(ख) वार्षिक साधारण सभाको लागि छलफलको विषयहरु :

सामान्य प्रस्ताव :

१. आ.व. २०७९/०८० को संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने बारे ।
२. आ.व. २०७९/०८० को लेखा परीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण माथी छलफल गरी पारित गर्ने बारे।
३. लेखापरीक्षक नियुक्ति गर्ने बारे।
४. विविध।

विशेष प्रस्ताव :

१. हाइब्रिड प्लान्ट बनाउने बारे।
२. कम्पनीको पूँजीवृद्धि सम्बन्धमा।
३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरिए बमोजिम संशोधन गर्ने सम्बन्धमा।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सम्बन्धि पारित प्रस्ताव कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. विविध।

कम्पनी सचिव
गर्जाङ उपत्यका हाइड्रोपावर लि.

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com